साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३२ ✪ अङ्क ४४ ✪ २ मङ्सिर २०८२, मङ्गलबार ✪ 18 November, 2025, Tuesday ✪ मूल्य रू. १०।-

## निर्वाचनमा भाग लिन नेमकिपा आयोगमा दर्ता

काठमाडौँ । निर्वाचन आयोगले २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि मङ्सिर १ गतेदेखि १० गतेसम्म र २०८२ माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनको लागि मङ्सिर १ गतेदेखि ७ गतेसम्म दल दर्ता गर्ने कार्यतालिका सार्वजनिक भयो ।

सोही कार्यतालिकाअनुसार नेपाल मजदुर किसान पार्टीले प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिन मङ्सिर १ गते दल दर्ता गरेको छ । पार्टी सचिव प्रेम सुवाल निर्वाचन आयोगमा दल दर्ता गर्न पुग्नुभएको हो । नेपाल मजदुर किसान पार्टी प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि दर्ता नं. ५ मा र राष्ट्रियसभा सदस्यका लागि दर्ता नं. १ मा दर्ता भएको हो ।

## बिजुक्छेँसँग लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपतिको भेट

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग जर्मनीको लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपति प्रोफेसर इखार्ड नागेलको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले कार्तिक २९ गते भेटवार्ता गऱ्यो ।

भेटमा प्रतिनिधिमण्डललाई स्वागत गर्दै अध्यक्ष बिजुक्छेँले भक्तपुरको विकास र सम्पदा पुन:निर्माण कार्यमा एक समयमा जर्मनीका प्राविधिकहरूले गरेको सहयोग भक्तपुरका जनताले सम्झिरहेको बताउनुभयो । जर्मनीसँग चिकित्सा क्षेत्रको लामो अनुभव रहेको चर्चा गर्दै उहाँले उक्त अनुभवलाई नेपालका र ख्वप अस्पतालका नयाँ पुस्ताका चिकित्सकहरूबिच आदानप्रदान गर्न पाएमा धेरै नेपाली जनताको सेवा हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले जनताले आफ्नै खुट्टामा उभिएर स्वास्थ्य सेवा क्षेत्रमा प्रगति गर्न सके दीर्घकालीन सेवा हुने धारणा व्यक्त गर्नुभयो । अध्यक्ष बिजुक्छेँले जर्मन सरकार र जनतालाई नेपाली जनताको तर्फबाट सद्भावनाको सन्देश पुऱ्याउन आग्रह गर्नुभयो ।

लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपति इखार्ड नागेलले नेपाली जनताको न्यानो

बाँकी पृष्ठ ११ मा

# जागिर खाने मानसिकताले भन्दा पनि देश र जनताको सेवा गर्ने भावनाले अध्ययन गर्नुपर्ने




भक्तपुर । ख्वप कलेजमा शैक्षिक वर्ष २०७७/७८ मा भर्ना भई स्नातक तह अध्ययन पूरा गरेका विद्यार्थीलाई कार्तिक २९ गते बिदाइ कार्यक्रम गरियो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले जागिर खाने मानसिकताले होइन देश र जनताको सेवा गर्ने भावनासहित अध्ययनलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै भन्नुभयो, "सम्पन्न परिवारको हुनुहुन्छ र जीविकोपार्जनमा समस्या छैन भने जागिर खानु उचित होइन; लेखक, कवि, कलाकार भई देश र जनताको सेवामा लाग्नु आवश्यक छ ।"

उहाँले विद्यार्थीको चाख र चाहनाअनुसारको कार्यक्रम/विषयहरू सञ्चालन गर्नेतर्फ कलेज व्यवस्थापन पक्षले ध्यान दिनु जरुरी भएको बताउनुभयो ।

कलेजप्रति विद्यार्थीको आकर्षण बढाउन गुणस्तरीय शिक्षा प्रदान गर्नु अत्यावश्यक भएजस्तै विद्यार्थीकेन्द्रित अतिरिक्त क्रियाकलापलाई नियमितता दिनु पनि उत्तिकै जरुरी भएको उहाँले बताउनुभयो ।

कुनै पनि गतिविधिमा सरिक हुनुभन्दा पहिले बुझेर मात्र लाग्दा पछुताउन नपर्ने सुझाव दिँदै अध्यक्ष बिजुक्छेँले मतभेद भएको विषयमा छलफल गरी समस्या समाधान गर्नु उपयुक्त हुन्छ भन्नुभयो ।

जानकार नभएको विषयमा आँखा चिम्ली जे सुकै होस् भनी लाग्दा पछि पछुताउनुपर्ने भएकोले बेलैमा सजग हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले अध्ययनलाई निरन्तरता दिई देश र जनताको इमानदारीपूर्वक सेवामा लान विद्यार्थीलाई सुझाव दिनुभयो ।

कार्यक्रममा सभापति, कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप कलेज स्थानीय तहबाट सञ्चालित नेपालकै पहिलो कलेज भएको र भक्तपुर नगरपालिकाले ७ वटा कलेज/विद्यालयहरू सञ्चालन गरी देशभरिका विद्यार्थीलाई पढ्न अवसर दिइरहेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय सञ्चालनको क्रममा रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "ख्वप विश्वविद्यालयको स्थापना भएमा विद्यार्थीले कम शुल्कमा चिकित्सा शिक्षा हासिल गर्ने अवसर पाउनेछ ।"

"विद्यार्थीहरू अनुशासित हुनुपर्छ, भ्रष्टाचारविरोधी हुनुपर्छ । देशको सार्वभौमिकता रक्षा एवं सीमा सुरक्षामा युवाहरू सचेत भई लाग्नु जरुरी छ", उहाँले भन्नुभयो ।

विचारद्वारा निर्देशित परिवर्तनमात्र दीगो हुने र विचारले निर्देशित क्रान्तिले मात्र देशमा परिवर्तन ल्याउन सकिने धारणा प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

सत्तामा पुगेका राजनीतिक पार्टीहरूले निर्वाचनमा जनतालाई व्यक्त गरेका प्रतिबद्धता पूरा नगरेको, पदमा भागबन्डा गरेको, सत्तामा पुगी भ्रष्टाचार गरेको, राम्रोलाई नभई आफ्नो मान्छेलाई नियुक्ति गर्दा जनतामा फैलिएको आक्रोशको परिणाम भदौ २३ र २४ को विध्वंश भएको उहाँले बताउनुभयो ।

देशको सार्वजनिक कलकारखानाहरू कौडीको मोलमा निजीकरण गराउँदा देशभित्र रोजगारको अभावमा युवाहरूलाई विदेशिन बाध्य भएको चर्चा गर्दै प्रमुख प्रजापतिले सार्वजनिक संस्थानलाई कम्पनीमा

बाँकी पृष्ठ ११ मा

## जर्मनी लाउसिट्ज चिकित्सा वि.वि.का प्रतिनिधिमण्डल ख्वप अस्पतालमा

भक्तपुर । जर्मनीको कोटबस सहरमा अवस्थित लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपति प्रोफेसर इखार्ड नागेलको नेतृत्वमा नेपाल भ्रमणमा आएको चिकित्सकहरूको प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको कार्तिक २९ गते अवलोकन भ्रमण गऱ्यो ।

प्रतिनिधिमण्डलले अस्पतालको इमर्जेन्सी सेवा, बहिरङ्ग तथा अन्तरङ्ग सेवा, ल्याव सेवा, शल्यक्रिया सेवा, ल्याव सेवा, रेडियोग्राफी सेवा, अक्सिजन उत्पादन केन्द्रलगायतको अभिरुचिपूर्वक अवलोकन तथा अन्तरक्रिया गऱ्यो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप अस्पताल सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीलगायतले प्रतिनिधिमण्डललाई अस्पतालमा स्वागत गर्नुभयो ।

अस्पतालको अवलोकनपछि आयोजना गरिएको औपचारिक कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले ख्वप अस्पताल जनताको अस्पतालको रूपमा विकास भइरहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले स्थानीय जनताको स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राख्ने क्रममा सानो आकारको जनस्वास्थ्य सेवा केन्द्र स्थापना गरेको र पछि क्रमश: विकास हुँदै हाल ख्वप अस्पतालको रुपमा विकास भएको उहाँले प्रस्ट पार्नुभयो ।

स्वास्थ्य उपचार सेवामा जर्मनी प्रविधिको विकासले नेपाली बिरामीहरूले पनि गुणस्तरीय सेवा पाइरहेको उल्लेख गर्दै पार्टी सचिव सुवालले ख्वप अस्पतालसँगको आपसी अन्तरक्रिया र अनुभव आदानप्रदान कार्यले चिकित्सा सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले जर्मन प्रतिनिधिमण्डलको नेपालको नेपाल भ्रमण सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

नगर प्रमुख एवम् ख्वप अस्पताल सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले ऐतिहासिक तथा सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्दै नगरपालिकाले सम्पदा संरक्षणसँगै शिक्षा र स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखेर कार्य गरिरहेको बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँद्वारा लिखित पुस्तक 'सय वर्षपछिको भक्तपुर' मा प्रस्तुत गरिएको भक्तपुरको अवधारणालाई साकार पार्ने क्रममा गुणस्तरीय स्वास्थ्य उपचार सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउने उद्देश्यले ख्वप अस्पताल अघि बढिरहेको बताउनुभयो ।

लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपति प्रो. इखार्ड नागेलले ख्वप अस्पतालले प्रदान गरिरहेको सेवाबाट आफूहरू प्रभावित भएको चर्चा गर्दै लाउसिट्ज विश्वविद्यालय पनि नगरस्तरीय कार्ल थिम क्लिनिकको जगबाट सन् २०२४ मा स्थापना भएको बताउनुभयो । उहाँले विश्वविद्यालयले

बाँकी पृष्ठ १२ मा

# विद्युत् खरिदमा करोडौँ भ्रष्टाचार ?

भारतबाट नेपाल पटक पटक ठगिँदै आएको छ । राजनैतिक नेताहरूबिच भएको सन्धिसम्झौता होस् या प्रशासकहरूबिचको । नेपाललाई राजनैतिक र आर्थिक रूपमा दीर्घकालीन असर पर्ने सन्धि सम्झौताहरू समय समयमा हुँदै आएका छन् । नेपाली जनताले देश र जनताको हितविपरीतका सन्धि सम्झौताको निरन्तर विरोध गर्दै आएका पनि छन् तर शासक दलहरूले भने त्यसलाई कहिल्यै ध्यान दिएनन् । परिणामत: नेपाल विकास पथमा अघि बढ्नै सकेन ।

पछिल्लो चरणमा नेपाल भारतबिच भएको विद्युत् आयातसम्बन्धी सम्झौतालाई एक उदाहरणको रुपमा लिन सकिन्छ । गत असोज २७ गते नेपाल विद्युत् प्राधिकरण र भारतीय विद्युत् प्राधिकरण (पीटीसी) बिच ५ महिना (जनवरी १ देखि मे मसान्त) को लागि १ सय ८० मे.वा. विद्युत् खरिदसम्बन्धी सम्झौता भयो । उक्त सम्झौता भारतको पीटीसीले माग गरेको भन्दा बढी मूल्यमा खरिद गर्ने भनी गरेको सार्वजनिक भयो ।

कार्तिक २१ गते अनलाइन खबर लेख्छ, 'पीटीसीले ८ अगष्ट २०२५ मा नेपाल विद्युत् प्राधिकरणलाई प्रतियुनिट भा.रु. ६.७४ (ने.रु. १०.७८) पैसामा बिक्री गर्न तयार छ भनी प्रस्ताव पठाएको थियो । २७ असोज (१३ अक्टोबर) मा प्रतियुनिट ६.९५ भा.रु.

(ने.रु. ११.१२) मा खरिद गर्ने सम्झौता गऱ्यो ।'

कुनै पनि सामान बिक्रेताले तोकेको मूल्यभन्दा बढीमा खरिद गर्नु अनियमितता हो, भ्रष्टाचार हो । भारतीय कम्पनी पीटीसीले तोकेको भन्दा प्रतियुनिट बिजुलीको ३४ पैसा बढी मूल्य तिर्नुपर्दा ५ महिनामा राज्यलाई ४३ करोड घाटा हुने देखिन्छ । राज्यलाई घाटा हुने वा राज्यको सम्पत्तिमा क्षति पुग्ने गरी जोसुकैले जस्तो सुकै काम गरेको होस् त्यो भ्रष्टाचार हो र दण्डनीय अपराध हो ।


कुलमान घिसिङ राष्ट्रघाती एमसीसी पारित गर्न भूमिका खेल्ने मुख्य पात्रहरूमध्ये एक हुन् । उनी माओवादीका विश्वासपात्र पनि हुन् । माओवादीलाई एमसीसीमा हस्ताक्षर गर्न सहमत गराउनमा उनको ठूलो हात रहेको स्वयम् माओवादी नेताहरू बताउँछन् ।

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि बनेको सुशीला कार्कीको नेतृत्वको सरकारमा उनी ऊर्जामन्त्री बने । उनी नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक छँदा घाटामा गइरहेको प्राधिकरणलाई नाफामा ल्याउने काम गरेको भनी माओवादीहरू उनको खुब प्रशंसा गर्थे । उनका कर्तुतहरू नबुझेका नेपाली युवा जमातले त्यसलाई पत्याए पनि । तर, जब उनी ऊर्जामन्त्री बने बारबरा फाउन्डेसनसँग सम्बन्धित रहेको पोल खुल्यो । बारबरा फाउन्डेसन अमेरिकी गुप्तचर विभागद्वारा सञ्चालित एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) हो । त्यसले धेरै देशहरूका युवाहरूलाई आर्थिक सहयोगको बहानामा हातमा लिई सरकार परिवर्तन गराइसकेको छ । नेपालको वर्तमान सुशीला कार्की नेतृत्वको सरकार पनि अमेरिकी आइएनजीओको निर्देशनमा चल्ने सरकार भनेर बुझ्दा फरक पर्ने छैन ।

जेन-जी आन्दोलनको माग भ्रष्टाचारीहरूलाई कारबाही गरी सुशासन कायम गर्ने र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न

बाँकी पृष्ठ १२ मा

## भनपाद्वारा जग्गावालाहरूकै मागअनुसार आवास योजना सञ्चालन




भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको कामको अन्तर्राष्ट्रिय जगतमा पनि प्रचारप्रसार भइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा ठुलो ब्यासीमा सेवा प्रवाह र समसामयिक विषयमा जानकारी दिन कार्तिक ३० गते आयोजित सो सभामा उहाँले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा भक्तपुर नपाले उदाहरणीय काम गर्दै आएको स्पष्ट पार्नुभयो ।

भक्तपुरको एक घर एक स्नातक नाराले आज सार्थक रूप लिइसकेको बताउँदै उहाँले भक्तपुर नपाले समाजवादी लक्ष्यअनुरूप काम गर्दै आएको बताउनुभयो ।

भक्तपुरका जनता असल र इमानदार भएकै कारण भक्तपुर नपाले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई दिँदै आएको शैक्षिक ऋण प्रभावकारी रूपमा सञ्चालन भएको बताउँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाजस्तै ख्वप

बाँकी पृष्ठ ११ मा



नयाँ पुस्तालाई सही तालिम दिनु र शिक्षित गर्नु सधैँ नै समाजको पहिलो उद्देश्य हुनुपर्छ । त्यसो गर्न नसक्ने समाज पछि पछुताउँछ ।

**रोवर्ट ओवेन** (काल्पनिक समाजवादी नेता)

## सम्पादकीय

# राजनीतिक दल, कार्यकर्ता र शिष्टाचार

सरकारमा पाइला नहालेसम्म राजनीतिक दलका नेताहरू श्रेष्ठ, नम्र र जनतालाई राम्रो व्यवहार गर्छन्, मन्त्री बनेपछि सँगै महिनौँ र वर्षौंसम्म सङ्घर्ष गरेका तथा महिनौँ र वर्षौं कारागारमा बसेका साथीहरू पनि चिन्न छोड्छन्, मन्त्रीको कुर्सीमा बसेपछि सर्वज्ञ भइहाल्छन्; आफ्ना सहपाठी र सङ्घर्षका सहयात्रीहरूलाई असफल र काम नलाग्ने मूर्ख सम्झन पुग्छन् । केही नेताहरू सरकारमा नपुग्दा वा मन्त्रीबाट खुस्केपछि निराशा र निर्बलियो देखिएर 'संसार यस्तै हो' 'हाम्रो प्रधानमन्त्री, हाम्रा भएनन्' भन्ने जस्ता गुनासा गर्नेहरू आफ्नै पार्टीका धेरै कार्यकर्ताहरूले भोग्दै आएका छन् ।

त्यस्तै ज्यालादारी काम गर्ने, स-साना व्यापार र व्यवसायी भएर परिवार चलाउने साधारण कार्यकर्ता उपत्यकामा भूमिसुधार भएपछि र पहाड तथा तराईमा प्रजातन्त्रको पुनर्स्थापना र गणतन्त्र स्थापनापछि ती कार्यकर्तामध्ये कति शिक्षक बने, कति निर्वाचित भएर स्थानीय निकायहरूमा सदस्य भए र जिल्ला विकासका सभापति, नगरका मेयरसमेत भए । केही व्यापार-व्यवसायी भएर ठुला भुँडीको प्रदर्शन गर्दै इमानदार र नि:स्वार्थी कार्यकर्तालाई चिन्न छोडेर 'ओ केटा अहिले के गर्दै छौ ?' भन्ने जस्ता सम्बोधन हुँदा राजनीतिक दल, प्रजातन्त्र र समाजवादजस्ता शब्दहरूको अर्थ बुझ्न पनि गाह्रो अनुभव भएको बताउँछन् - भुक्तभोगीहरू !

साथीहरू र दाजु-भाइहरूले नै दुई/चार पैसा र दुई/चार रुपैयाँ चन्दा उठाएर खेलाडी बनाउन योगदान गर्ने टोल र गाउँका साथीभाइ, नातागोता, तल्लोस्तरको 'च्याम्पियन' भएर एक दुई देशमा खेलेर गाउँ र टोलमा फर्कँदा सहयोग गर्ने गरेका साथीभाइ र सहयोगीलाई चिन्न छोड्छन् । तिनीहरू नै फाइँ-फुइँ गरेर आफ्नो टोल, गाउँ र देशमा सेवा गरेको धक्कु लाएर आफ्नो 'खेलाडीको जिउ' को प्रदर्शन गरेर अरूलाई हेला-होचो गर्न थाल्छन् । तिनीहरूमध्ये कतिले आफ्ना सुरुको जीवनमा खाने पसलमा रसबरी र लालमोहन खाएर पैसा नतिरेर हिँडेको, फलफूल पसलेको पैसा नतिरेको र 'इज्जतमा कवाज नखेल्नु' भन्ने धम्की दिएर हिँड्छन् । त्यस्ता पनि एक समय विद्यार्थी कालमा राजनीतिक कार्यकर्ताको रूपमा गनिएका थिए ।

तत्कालीन समयमा नेपाली समाजको एउटा राम्रो स्थिति थियो - त्यो हो - हरेक विद्यार्थी खास गरेर प्रवेशिकामा उत्तीर्ण विद्यार्थी वा कलेजका विद्यार्थीहरू नेपाली काङ्ग्रेस, वामपन्थी वा गोर्खा परिषद्देखि राप्रपासम्म आआफ्नो राजनीतिक विश्वास नछोडी लाग्थे । तर, प्रजातन्त्रको पुन:स्थापना आन्दोलनपछि प्रजातन्त्रको जग हालेपछि वा गणतन्त्र स्थापना भएपछि राप्रपालाई 'दक्षिणपन्थी' भनिए पनि संसद्मा बहुमत नपाए पनि 'प्रजातान्त्रिक' र 'कम्युनिस्ट' भनिने दलहरूको समर्थनमा हिजोका प्रतिगामी 'सूर्यबहादुर थापा' र 'लोकेन्द्रबहादुर चन्द' को नेतृत्वको सरकारमा भाग खान पुगे । बल्ल सिद्धान्तनिष्ठ र इमानदार, बुद्धिजीवी र जनताले प्रजातन्त्रको अर्थ 'पुँजीवादी व्यवस्था' भनी बुझे ।

ठेकदारको रूपमा केही दलहरू सरकारमा पालैपालो जान पाउने संविधानको संशोधन र चलिआएको प्रजातान्त्रिक धारालाई छोडेर मन्त्री बन्ने पालो नबिथोलिने अदालतका निर्णय पछि के चाहियो नयाँ-नयाँ राजनीतिक कार्यकर्ताहरूलाई ! तिनीहरूले आफूलाई देशका हर्ताकर्ता नै सम्झे ।

हिजो भारतबाट 'एमाओवादी नामको प्रचण्ड-बाबुराम भट्टराई' ले बिनानम्बरको दिल्लीका वाहनहरू राजधानी गुड्दाको फूर्ति अन्य सरकारमा गएका पार्टीका कार्यकर्ताहरूले पनि दिल्लीकै धाक दिने उपाय रोजे । यो 'नयाँ राजनीतिक संस्कृति' पनि कार्यालय, स्कूल, कलेज र विश्वविद्यालयमा समेत चल्यो । विश्वविद्यालयको मेच, टेबल, दराज मात्र होइन, परीक्षाका कापीहरू समेत जल्यो, जलाइयो । राजनीतिक दलको धम्की दिएरै कतिले प्रवेशिकाको 'प्राप्ताङ्क' (मार्कशीट) समेत 'फेल' लाई 'पास' मा बदलिने कार्य गरे । माल अड्डाका र अन्य कार्यालयका हाकिमहरू पार्टी कार्यालयहरूमा गई कार्यकर्ताहरूबाट जोगिन नेताहरूसँग गुहार माग्न पुगे । कति दलमा गुण्डा भेटिए, दलका कार्यकर्ताहरू थिएनन् । एउटा दुर्गम जिल्लाको हवाईसेवाको कर्मचारीको पक्षपात नसही एक भलादमी अभिभावक टिकट बाँकी छ, दिनैपर्छ भनी अडान लिँदा कर्मचारीले धम्क्यायो, "तिमी को हौ ?" भलादमीले भने, "म तिम्रो बाउ हो ।" "कर्मचारीले डर र त्रासले सोध्यो, "कसरी" ? "म तिम्रो बाबुको साथी हुँ ।" भलादमीको उत्तर सुनेर भ्रष्टाचारी चुप लाग्यो र टिकट दियो । 'हरेक गैरकानुनी काममा पनि पार्टीको धाक दिएर पार्टीको बदनाम गर्थे राजनैतिक कार्यकर्ताहरू ?

अब देशमा 'जेन-जी' को धाक र विदेशको करामत मान्ने कार्यकर्ताहरूले शिष्टाचारलाई ध्यान दिनु आवश्यक छ, गलत कुरा, जाति र क्षेत्रीय भावनामा परिमार्जन अत्यन्त जरुरी छ ।

# सरकारमा गएकाहरू गाँसेगुसे एकैनासे !

● प्रज्ज्वल

**बहुदल र गणतन्त्रको ३५ वर्षयता प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूलाई नेपाली जनताले अब पनि विश्वास गरेमा के थप धोका हुँदैन ? निश्चय पनि हुनेछ । यसअघि सरकारमा गएकाहरू उमेरका कारण अयोग्य भएका होइनन्, जनतालाई दिएका वाचाअनुसार काम गर्न नसकेका अर्थात् धोका दिएका कारण अयोग्य भएका हुन । भ्रष्टाचार एवम् कमिशनमा डुबेकाहरूलाई जनताले मत दिने होइन, कठघरामा उभ्याउने हो । शासक दल र तिनका नेताहरूको अनुहारमा लागेको सीमित व्यक्तिको स्वार्थ हेर्ने भ्रष्टाचारको 'दाग' हटाउन ऐना पुछेर हुँदैन, उनीहरूलाई निर्वाचनमा उठ्न नदिने कानुन बन्नुपर्दछ वा उठेमा जनताले मत नदिएर हराउनै पर्दछ । चुनाव प्रचारमा एक थोक र सरकारमा पुगेपछि अर्को थोक गर्ने विश्वासघाती शासकहरूलाई जनताले सजाय दिने चुनाव नै हो ।**

नेपाली नागरिकताको परिचयपत्रको व्यवस्था भइरहेकै हो । नेपाल जस्तो शिक्षा, स्वास्थ्य, आवास र खाद्यान्नमा पछाडि परेको देशमा अर्बौं रुपैयाँ खर्च हुने गरी राष्ट्रिय परिचयपत्रको छपाइ किन यसमा कमिशन कुम्ल्याउने अधिकारीहरूलाई कठघरामा उभ्याउनु पर्दैन ? नेपाली नागरिकताको आधारमा मतदान गर्न मिल्ने व्यवस्था गर्न सकिन्थ्यो । मतदाता परिचयपत्र थप प्रकाशित गरी अर्बौं रुपैयाँ कमिशन कुम्ल्याउनेहरूलाई कठघरामा उभ्याउनु पर्दैन ? यसमा विदेशीलाई नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराउनेहरूलाई पनि कठघरामा उभ्याउनु जरुरी छ ।

विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा नि:शुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण, विदेशमा सम्पत्ति राख्न नपाउने, ठूल्ठूला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था हुनु नयाँ पुस्तासँगै सम्पूर्ण नेपाली जनताको रोजाइ हो । यसमा 'यदि' र 'तर' बहाना गर्नु जरुरी छैन । मृत्युदण्डसम्मका कानुनी व्यवस्था भएका देशमा पनि भ्रष्टाचार हुँदैमा नेपालमा ठूला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था हुनु जरुरी छ ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूलाई नेपाली जनताले अब पनि विश्वास गरेमा के थप धोका हुँदैन ? निश्चय पनि हुनेछ । यसअघि सरकारमा गएकाहरू उमेरका कारण अयोग्य भएका होइनन्, जनतालाई दिएका वाचाअनुसार काम गर्न नसकेका अर्थात् धोका दिएका कारण अयोग्य भएका हुन । भ्रष्टाचार एवम् कमिशनमा डुबेकाहरूलाई जनताले मत दिने होइन, कठघरामा उभ्याउने हो । शासक दल र तिनका नेताहरूको अनुहारमा लागेको सीमित व्यक्तिको स्वार्थ हेर्ने भ्रष्टाचारको 'दाग' हटाउन ऐना पुछेर हुँदैन, उनीहरूलाई निर्वाचनमा उठ्न नदिने कानुन बन्नुपर्दछ वा उठेमा जनताले मत नदिएर हराउनै पर्दछ । चुनाव प्रचारमा एक थोक र सरकारमा पुगेपछि अर्को थोक गर्ने विश्वासघाती शासकहरूलाई जनताले सजाय दिने चुनाव नै हो ।

माओवादीबाट प्रधानमन्त्री भएका बाबुराम भट्टराईका महान्याधिवक्ता दोलखा जन्मेका र काठमाडौँ बसेका मुक्ति प्रधानले पत्रकार डेकेन्द्र थापा हत्यामा संलग्नलाई उन्मुक्ति दिने गरी प्रहरीलाई पत्र लेखेको सार्वजनिक भयो । नेपाली काङ्ग्रेसबाट रौतहटमा निर्वाचित अफताव आलमलाई मुद्दा नलाग्ने निर्णय गर्ने महान्याधिवक्ता यज्ञमूर्ति बन्जाडे भएको पनि सार्वजनिक भयो । किशोरीहरूको 'डिम्ब' तस्करीमा लागेका डा. स्वस्ति शर्मा, डा. मालिना चौधरी, अश्मि अधिकारी, जस्टिना प्रधान र आलिशा वली प्रहरी नियन्त्रणमा परे पनि हाजिर जमानीमा छुटेको र अहिलेको सरकारका वकिलले मुद्दा नचलाउने निर्णय गरेको पनि सार्वजनिक भयो । यसरी ३५ वर्षयता बहुदल र गणतन्त्रमा प्रधानमन्त्री र मन्त्री भएकाहरू गाँसेगुसे एकैनासे साबित भयो ।

एमालेले प्रतिनिधिसभा पुन:स्थापनाको माग गरी मङ्सिर ५ र ६ गते काठमाडौँ केन्द्रित र मङ्सिर २७ गते देशव्यापी आन्दोलन गर्ने भने पनि भित्रभित्रै निर्वाचन तयारीमा लागेको बताइन्छ । निर्वाचन आयोगले बोलाएको बैठकमा अनुपस्थित हुने गरे पनि एमाले जिल्ला जिल्लामा मतदान केन्द्र परिवर्तन गर्नुपर्ने वा नपर्ने विषयलगायतमा प्रमुख जिल्ला अधिकारीको बैठकमा उपस्थित भइरहेको छ । पैँतीस वर्षयता एमाले सरकारमा विरलै मात्र सहभागी भएन । जनताको बहुदलीय जनवादको नाममा एमाले पुँजीवादी सरकारको भागबन्डामा नेका, माओवादी, राप्रपासँग सहभागी हुँदै आएको हो । यो अवधिमा लामो समय सरकारको नेतृत्व गर्नेहरू क्रमश: नेका, एमाले, माओवादी हुन् । देउवा, ओली, दाहालको वरिपरि सरकारको नेतृत्व घुमिरहेको तर देश र जनताको हितमा कुनै काम नभएको भनी तिनकै कार्यकर्ता र समर्थकहरूलाई चित्त नबुझेको पनि सार्वजनिक भयो । यसकारण, देशमा आजको सङ्कट उत्पन्न हुनुमा इतिहासले देउवा, ओली, दाहाललाई नै जिम्मेवार ठहऱ्याउने छ । निर्दलीय पञ्चायती सरकारलाई प्रतिगामी दाबी गरेका नेका, एमाले, माओवादीका सरकारहरू स्वयम् प्रतिगामी साबित भए ।

### निर्वाचन कार्यतालिका प्रकाशित

निर्वाचन आयोगले कार्तिक ३० गतेसम्म दल दर्ताको समय तोकेको थियो । यो अवधिमा पुराना र नयाँ गरी १२३ दल आयोगमा दर्ता भइसकेको र ३२ दल दर्ता प्रक्रियामा रहेको सार्वजनिक भयो । आयोगले प्रक्रियामा रहेका दललाई पर्याप्त समय दिएर दर्ता टुङ्ग्याउने बतायो ।

दर्ता भइसकेका कूल दलहरूलाई आगामी फागुन २१ गतेको प्रतिनिधिसभाको चुनावमा भाग लिने वा नलिने सुनिश्चितताको लागि आयोगले मङ्सिर १ गतेदेखि १० गतेसम्म पुन: दर्ताको अवधि तोकेको छ । आयोगले कार्तिक ३० गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम पनि प्रकाशित गऱ्यो । सो कार्यक्रमअनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने मिति २०८२ माघ ६ गतेलाई तोकिएको छ ।

समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई आयोगमा दर्ताको लागि २०८२ मङ्सिर २१ गतेदेखि २३ गतेसम्मलाई मिति तोकिएको छ । पार्टीहरूलाई समानुपातिक उम्मेदवारको बन्दसूची तयारीको लागि २०८२ मङ्सिर २७ गतेदेखि पुस १२ गतेसम्म र बन्दसूची आयोगमा पेशको लागि २०८२ पुस १३ देखि १४ गतेसम्म मिति तोकिएको छ । पेश भएको बन्दसूचीमा सच्याउन २०८२ पुस १५ गतेदेखि २० गतेसम्म र सच्याएअनुसारको संशोधन सूची पेश गर्न पार्टीहरूलाई २०८२ पुस २१ गतेदेखि २७ गतेसम्म मिति तोकिएको छ । यसरी आयोग निर्वाचनको तयारीमा लागेको छ । सरकारले स्वच्छ निर्वाचनको लागि सुरक्षा प्रत्याभूति गर्नु जरुरी हुन्छ ।

# निर्णय प्रक्रियामा प्रभावित पार्ने राजनीतिक नेताहरूलाई छुट दिन नहुने




शुक्र

नेपाल ट्रस्टको एक रोपनी चौध आना जग्गा लिजमा दिँदा राज्यलाई पाँच अर्ब ५७ करोड नोक्सान भएको सार्वजनिक भयो । ट्रस्टको नाममा रहेको काठमाडौँ दरबारमार्गस्थित कि.नं. ४६०५ र ४६०६ को जग्गा ३० वर्षका लागि शेर्पा समूह सम्बद्ध थामसेर्कु ट्रेकिङ प्रा.लि.लाई बहालमा दिइएको थियो ।

२०७३ असार १४ गते बोलपत्र आह्वान गर्दा कि.नं. ४६०६ मा उल्लेख थियो । तर, सम्झौतामा कि.नं. ४६०५ पनि समावेश गरियो । २०७३ कार्तिक १९ गते ट्रस्टको आर्थिक प्रस्ताव मूल्याङ्कन समितिले निर्माण र लिज भाडा गरी छ अर्ब ४५ करोड ६६ लाख ३७ हजार रुपैयाँ लिनुपर्ने सिफारिस गरेको थियो ।

बोलपत्रको सूचनाअनुसार ६ कम्पनीको दरखास्त पऱ्यो । बोलपत्र ६ महिनापछि २०७४ बैशाख ५ गते स्वीकृति गरियो । २०७४ जेठ १४ गते थामसेर्कु ट्रेकिङ प्रा.लि.सँग एक अर्ब ५९ करोड ४० लाख ५२ हजार रुपियाँमा सम्झौता हुँदा राज्यलाई साढे पाँच अर्ब नोक्सान पुग्यो ।

थामसेर्कु ट्रेकिङ प्रा.लि.ले चलाखी गरेर बोलपत्रमा दुईथरी विवरण पेश गरेका थिए । बोलपत्र प्रस्तावको विस्तृत खण्ड र सारांशमा फरक-फरक विवरण पेश हुँदासमेत बोलपत्र कसरी स्वीकृत भयो ?

प्रधानमन्त्री संरक्षक रहेको नेपाल ट्रस्टको कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रत्यक्ष मातहत रहेको निकाय हो । ट्रस्टका तत्कालीन सचिव अर्जुनबहादुर कार्कीले तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई नियम मिचेर अधिकार हस्तान्तरण गरी उक्त सम्झौता गराएको बाहिरियो । सो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परे पनि तत्कालीन प्रमुख आयुक्त नवीनकुमार घिमिरेको जोडबलमा प्रारम्भिक अनुसन्धानमात्र गरेर फाइल थन्काइएको थियो । प्रमुख आयुक्त घिमिरे तत्कालीन प्रम ओलीसँग 'विशेष सम्बन्ध' भएका व्यक्ति ठानिन्छ ।

अख्तियारमा परेको उजुरीमा प्रारम्भिक अनुसन्धान गरी दोषीलाई उन्मुक्ति दिने अधिकारी पनि जिम्मेवार हुनुपर्दछ । समाचार स्रोत भन्छ- बोलपत्रको सूचना प्रकाशित गर्दा केपी ओली प्रधानमन्त्री र शक्तिबहादुर बस्नेत गृहमन्त्री थिए । टेण्डर स्वीकृत गर्दा पुष्पकमल दाहाल प्रधानमन्त्री र विमलेन्द्र निधि गृहमन्त्री थिए ।

२०७४ माघमा अर्को जग्गा लिजमा दिँदा शेरबहादुर देउवा प्रधानमन्त्री र गृहमन्त्री थिए । नेपाल ट्रस्टको सञ्चालक समितिमा गृहमन्त्री सदस्य रहने तत्कालीन कानुनी व्यवस्था हो । ट्रस्टको संरक्षक प्रधानमन्त्री र गृहमन्त्री सञ्चालक समिति सदस्य भएर अर्बौं रुपैयाँ अनियमितता हुँदासमेत अख्तियारको कारबाहीमा किन पारिएन ?

गत कार्तिक २२ गते सहसचिव लेखबहादुर कार्की र कार्तिक ३० गते तत्कालीन सचिव अर्जुनबहादुर कार्कीलाई सीआईबीले पक्राउ गरी अनुसन्धान अघि बढाएको छ । सीआईबीले निर्णयमा अनियमितता देखिएकोले कर्मचारी तहबाट अनुसन्धान अघि बढाएको सङ्केत गरे पनि निर्णय प्रक्रियामा प्रभावित पार्ने राजनीतिक नेताहरूलाई छुट दिन नहुने जनताको मत छ ।

# स्थानीय तहहरूप्रति यतिको आक्रोश किन ?

✍ विवेक

जन आन्दोलनको परिणाम नेपालको संविधान निर्माण भएको १० वर्ष र सङ्घीयता कार्यान्वयनमा आएको साढे आठ वर्ष भयो । यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन दुई दुई पटक सम्पन्न भयो । आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भए प्रतिनिधिसभाको यो तेस्रो निर्वाचन हुनेछ । सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहहरूलाई विगतको तुलनामा संविधानले नै बढी अधिकार दिएको छ । आधारभूत र मावि शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, सहकारी संस्था, स्थानीय सेवाको व्यवस्थापनलगायत २२ वटा विषयमा स्थानीय तहलाई एकल अधिकार दिइएको छ । ती अधिकारभित्र रहेर देशभरका स्थानीय तहहरूले आआफ्नो क्षमताअनुसार जनतालाई सेवा प्रदान गर्दै छन् ।

नेपालमा ७५३ पालिकाहरूमध्ये ४६० गाउँपालिका, २७३ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिकाहरू छन् । ती पालिकाहरूको आर्थिक स्रोत, जनसङ्ख्या, क्षेत्रफल बराबर नभए पनि ऐन र संविधानले तोकेका अधिकार समान ढङ्गले प्रयोग भइ आएको छ । पालिकामा निर्वाचित जनप्रतिनिधिहरूको क्षमताअनुसार ती अधिकारहरूको प्रयोग भइरहेका छन् । स्थानीय तहले सक्रियतापूर्वक काम गर्न थालेपछि सङ्घ र प्रदेश सरकारमा बस्नेहरू स्थानीय तहको अधिकार खोस्न विभिन्न बहाना बनाउँदै छन् ।

संविधानले स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको मावि तहसम्मको शिक्षाको अधिकार खोस्न शिक्षक आन्दोलन गरेको जगजाहेर छ । शिक्षक आन्दोलन शिक्षकहरूको चाहनाभन्दा सङ्घ र प्रदेश सरकारमा रहेका राजनैतिक दलहरूको निर्देशनमा भएको थियो । स्थानीय तहले सूक्ष्म अनुगमन गर्न थालेपछि शिक्षक सङ्घको झोला बोकेर पार्टीको प्रचारमा लाग्ने शिक्षकहरूले त्यो सुविधा पाएनन् । स्थानीय तहले विद्यालय राम्रो बनाउन आपसी प्रतिस्पर्धा नै गर्न थाले । धेरै पालिकाहरूमा शैक्षिक क्षेत्रमा पहिलेभन्दा सुधार भयो । अभिभावकहरूको निजी विद्यालयमा भन्दा सरकारी विद्यालयतिर आकर्षण बढ्न थाल्यो । कुनै कुनै पालिकाले त विद्यालय शिक्षा नि:शुल्क घोषणा गऱ्यो, कुनैले गरिबहरूलाई छात्रवृत्तिको व्यवस्था गऱ्यो, कुनैले स्वयम्सेवक शिक्षकको व्यवस्था गऱ्यो त कुनैले भौतिक पूर्वाधारहरू निर्माण गरी सहयोग गर्‍यो । यस्ता विद्यालय सुधारका कार्यहरू सङ्घ र प्रदेशका सञ्चालक दलहरूलाई मनपर्ने कुरै भएन । शिक्षक नियुक्ति, पूर्वाधार निर्माणमा बजेट विनियोजन गर्ददेखि नै कमिसन खान पल्केकाहरू स्थानीय तहलाई अधिकार दिइएकोमा सुरुदेखि नै असन्तुष्ट थिए ।

स्थानीय तहलाई आर्थिक, भौतिक र सबै क्षेत्रमा सक्षम बनाउँदै जनताको सेवामा सहजता प्रदान गर्दै लानुपर्नेमा विगतमा झैँ केन्द्र र प्रदेश निर्देशित स्थानीय तह बनाउने निरन्तरको प्रयास जारी रह्यो । सङ्घ र प्रदेशले स्थानीय तहलाई पठाउने समानीकरण बजेट घटाई सशर्त बजेट बढाउँदै लानु त्यसको एक उदाहरण हो भने जिल्लास्तरीय कार्यालयहरूको औचित्य समाप्त भइसकेको अवस्थामा पनि सङ्घ र प्रदेशअन्तर्गतका थुप्रै संरचनाहरू कायमै राखेको मात्र होइन अझ बलियो बनाउँदै लानु अर्को उदाहरण हो । समानीकरण अनुदान स्थानीय तहले आफ्नो आवश्यकता अनुसार खर्च गर्न पाउने बजेट हो भने सशर्त बजेट सङ्घ र प्रदेशले नै ठेक्कामा निर्माण गरिने बजेट हो ।

सङ्घीयताको राम्रोसँग कार्यान्वयन भइनसकेकै अवस्थामा स्थानीय तहलाई विगतका स्थानीय निकायकै रूपमा व्यवहार गरिँदै छ । नेका, एमाले र माओवादीले पटक पटक सरकारको नेतृत्व गरे तर स्थानीय तहलाई बलियो बनाएर जनतालाई सहज सेवा प्रदान गर्नेतर्फ कुनै पनि सरकारले ध्यान दिएन ।

भक्तपुर नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू स्थापना गरी देशभरिका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै छ । मावि तहसम्मको शिक्षा स्थानीय तहमा आएदेखि विद्यालय सहयोगको साथै राम्रो अनुगमनले अहिले सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तरमा निकै परिवर्तन आयो । परिणाम सङ्घीयतापछिको बितेको ८ वर्षमा भक्तपुर नगरपालिका क्षेत्रबाट निजी विद्यालयहरू दर्जनभन्दा बढी स्थानान्तरण वा खारेज भएको पाइएको छ । भनपा क्षेत्रभित्र मावि तहमा ३६ हजार ५०० सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् भने सरकारी विद्यालयहरूमा विद्यार्थी राख्ने ठाउँको अभाव हुँदै छ । के यो स्थानीय तहलाई अधिकार दिनुको परिणाम होइन ?

अझ भनपाले ख्वप विश्वविद्यालय स्थापनाको निम्ति निरन्तर प्रयास गरिरहेको छ । विश्वविद्यालय चलाउने स्थानीय तहलाई अधिकार नभएको भन्दै सङ्घ सरकारले त्यसलाई रोक्दै छ । विश्वविद्यालय स्वीकृति दिएको भए राज्यको लागि फाइदा पुग्ने थियो । घाटा त मेडिकल कलेज सञ्चालकहरूलाई हुने थियो । तिनीहरूकै दबाबमा आजसम्म ख्वप विश्वविद्यालय विधेयक अघि बढ्न नसकेको हो भन्ने घाम जत्तिकै प्रस्ट छ ।

**जेनजी आन्दोलन, भ्रष्टाचार र स्थानीय तह :**

सङ्घ, प्रदेश र स्थानीय तहमध्ये स्थानीय तहमा बढी भ्रष्टाचार भएको महालेखा परीक्षकको प्रतिवेदन, अख्तियारको मुद्दा सङ्ख्या, आरोपीहरूको सङ्ख्याले देखाइएको छ । रकमको अङ्कमा सानो होस् या ठुलो त्यो भ्रष्टाचार नै हो । त्यो अनैतिक र दण्डनीय अपराध हो । तर, एउटा कुरा के प्रस्ट हुनु जरुरी छ भने सङ्घ सरकारमा भएको एउटा भ्रष्टाचार काण्ड स्थानीय तहमा ४/५ सयवटा भ्रष्टाचारभन्दा ठुलो हुन्छ । ललिता निवासको भ्रष्टाचार काण्ड स्थानीय तहमा भएको हजारौँ भ्रष्टाचारको भन्दा रकममा ठुलो होला । सुनकाण्ड, भुटानी शरणार्थी काण्ड, पतञ्जली जग्गा प्रकरण, लाउडा काण्ड, चेज एयर काण्ड अरबौँमा भएका भ्रष्टाचारहरू हुन् । तर, स्थानीय तहलाई अधिकार दिएपछि धेरै भ्रष्टाचार भएको नियतवस प्रचार गरेर अधिकार कुण्ठित गर्ने प्रयास हुनु राम्रो होइन । भ्रष्टाचारी जोसुकै र जहाँसुकैको होस् सबैलाई कानुनी कारबाहीमा ल्याउनैपर्छ । त्यसले मात्र सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा भौतिक संरचनाहरू क्षति भएकामध्ये प्रहरी प्रशासन छोडेर स्थानीय तहहरू नै बढी छन् । ४६० गाउँपालिकामध्ये २२ वटा पूर्ण क्षति र २७ वटामा आंशिक क्षति पुगेको, २७३ नगरपालिकामध्ये ६९ वटामा तोडफोड र ७७ वटामा आगजनी भएको थियो । क्षति विवरणमा ती सबैको गर्दा स्थानीय तहको मात्रै पनि अरबौँको हुन आउँछ । त्यहाँ काम गर्ने व्यक्तिहरूले भ्रष्टाचार गरे होलान् । भवनहरूको के दोष ? जो आए पनि सेवा दिन भौतिक पूर्वाधारहरूको आवश्यकता त पर्छ नै । के भ्रष्टाचारमा भाग नपाएकाहरूले रिस पोखेको त होइन ?

**तराईका स्थानीय तहको कहालीलाग्दो अवस्था :**

सिराहाको लाहान नगरपालिका जेन-जी आन्दोलनको क्रममा नराम्ररी क्षति पुगेको पालिकामध्ये एक हो । त्याहाँका सबै कुर्सीहरू, फाइलहरू जलाउनुका साथै पुरै भवन आगजनीमा परी क्षति भएको छ । अहिले पनि जलेका फाइलहरूको डङ्गुर, कुर्सीहरू यत्रतत्र देख्न सकिन्छ भने क्षत विक्षत भवनको कहालीलाग्दो दृश्य लाहान पुग्ने जो कोहीले देख्न सकिन्छ । जनकपुर उपमहानगरपालिका, राजविराज नगरपालिकाको दृश्य त्यो भन्दा खराब छ । गाडी, फर्निचर, विभिन्न कागजातहरू जलेर खरानी भएको दृश्य र सम्पूर्ण सिसाहरू फुटेका भवनहरूले युद्ध क्षेत्रको सम्झना गराउँछ । पालिकामा बस्न राम्रो कुर्सीको बन्दोबस्त छैन, विद्युतको व्यवस्था हुन सकेको छैन, भवनभित्र बसेर सेवा दिन कठिनाइ छ । यस्तो अवस्थामा पनि स्थानीय तहका जनप्रतिनिधिहरू आफ्नो कर्तव्य निर्वाह गरिरहेका छन् । अत्यन्त असहज स्थितिमा सेवा गर्नुपर्दा जनप्रतिनिधि र कर्मचारीहरूको मनोबल कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ ।

तराईका अधिकांश जिल्ला प्रशासन कार्यालय र प्रहरी चौकीहरू सबै खरानी भएका छन् । देशभरिका ५०० भन्दा बढी प्रहरी चौकी जलेको रेकर्ड बाहिरिएको छ । जनताको सेवामा खटिने प्रहरीहरूले आफ्नै असुरक्षा महसुस गर्नुपरेको छ । प्रहरी प्रशासनको मनोबल निकै गिरेको देखिन्छ । मनोबल बढाउन सरकारले विभिन्न गतिविधिहरू जारी राख्नु आवश्यक छ । मनोबल गिरेका प्रहरीको भरमा प्रतिनिधिसभाको निर्वाचन गर्न कतिको सहज होला ?

इतिहासमा दोस्रो विश्वयुद्धमा जर्मनी सेनाले सोभियत सङ्घमा धेरै क्षति गरेको पढ्न पाइन्छ । सन् १९४१ मा हिटलरको सेनाले सोभियत सङ्घमाथि आक्रमण गर्दा १७ सय नगर र बस्ती, ७० हजार गाउँ, ३२ हजार कलकारखाना र ६५ हजार रेलबाटो बिगारेको तथा हजारौँ स्कूल कलेजहरू ध्वस्त पारेको इतिहास छ ।

वर्तमानमा इजरायली सेनाले प्यालेस्टाइनी क्षेत्रमा आक्रमण गरी ६७ हजारभन्दा बढीको ज्यान लिएको, ९० प्रतिशतभन्दा बढी घर, भवन, अस्पताल र स्कूल कलेजहरू खरानी पारेको देख्दै छौँ ।

ती त शत्रु सेनाले गरेका क्षति विवरण भए । तर नेपालको सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, अख्तियार, जिल्ला प्रशासन, पालिकाहरू एकैदिन ५/६ घण्टाभित्र मुकुण्डोधारी नेपालीहरूले नै जलाएका थिए । त्यो कुनै विदेशी सेनाले गरेको आक्रमणभन्दा कम थिएन । यसले जेनजी आन्दोलनमा मोहडामा नेपाली युवा विद्यार्थी देखिए पनि वास्तवमा नेपाललाई आर्थिक रूपमा तहसनहस गरी विदेशीको शरणमा पार्ने विदेशी तत्त्वहरूकै रहेको आशङ्का पुष्टि हुने आधारहरू विस्तारै खुल्दै छन् ।

शासक दलहरू स्थानीय तहमा गएको अधिकार सङ्घमै फिर्ता लिन चाहेको, विदेशीहरू नेपालको आर्थिक अवस्था ध्वस्त पारी उनीहरूको इच्छाअनुसार चल्ने सरकार बनाउन सक्रिय रहेको र नेपाली जनता शासक दलहरूको क्रियाकलापबाट वाक्क दिक्क भएको अवस्थामा जेनजीले आन्दोलनको आह्वान गरेको हुँदा देशले ठुलो क्षति व्यहोर्नुपरेको देखिन्छ । जेनजीको काँधमा बन्दुक राखेर साम्राज्यवादी र विस्तारवादीहरू नेपालको राजनीतिमाथि प्रहार गर्दै छन् । देशमा राजनैतिक अस्थिरता ल्याउन चाहने तत्त्वहरूको सक्रियता बढ्दै छ ।

यही अवस्थामा जनमत पार्टीका अध्यक्ष सिके राउतले मधेस प्रदेशलाई ‘पूर्ण स्वायत्त राज्य घोषणा गर्न अघि बढ्नुपर्ने’ आशय व्यक्त गरेका छन् । राज्य अत्यन्त कमजोर भएको, प्रहरी मनोबल गिरेको र राजनैतिक संरचनाहरूले राम्रो काम गर्न नसकेको अवस्थामा विखण्डनको आन्दोलन अघि बढ्यो भने देशले अकल्पनीय क्षति व्यहोर्नुपर्ने दिन आउन सक्छ । ‘खास्तोले छोपेको बिरालो म्याउँ’ कराएजस्तै अब विभिन्न शक्ति केन्द्रबाट सञ्चालित तत्त्वहरू विस्तारै टाउको उठाउन थाल्दै छन् । सबै सचेत हुनु जरुरी छ ।

---

सन्दर्भ : भदौ २३ र २४ गतेको प्रदर्शन

# साम्राज्यवादीहरूको छद्म युद्ध अध्ययन - ८

✍ रामरतन चौधरी

भदौ २३ र २४ गतेको आन्दोलनमा नयाँ पुस्ताका नेपाली युवालाई जेन-जीको नाममा विदेशी शक्तिले बलिको बोका बनाए । आन्दोलनमा घुसपैठ गरेकाहरूले सरकारी सम्पत्तिमाथि आगजनी र तोडफोड गरे । यो आन्दोलनमा जस्तो विध्वंस नेपालको इतिहासमा कहिल्यै भएको थिएन । अमेरिकी साम्राज्यवादले चीन घेर्ने नीतिअनुसार नेपाललाई युद्धमैदान बनाउन खोजेको खुल्दै छ । यो अमेरिकाको छद्म युद्ध रङ्गीन क्रान्तिकै सिलसिला हो । जेन-जीको नाममा भएको नेपालको नयाँ पुस्ताको आन्दोलनबारे भारतीय विश्लेषक अभिजित चावडा भन्छन् - यो अमेरिकाद्वारा लादिएको स्पष्ट रङ्गीन क्रान्ति हो । (This is the Clear Colour Revolution Orchestrated by the United States.)यसर्थ नेपाली युवाले सोचेको जस्तो परिवर्तन यो आन्दोलनपछि बनेको सरकारले नल्याउने प्रस्ट छ । सरकार परिवर्तनको अर्थ- “एउटा ढोकाबाट स्याल बाहिर निस्किएर अर्को ढोकाबाट ब्वाँसो पस्नु” जस्तो मात्रै हो ।

**सुशीला कार्की नेतृत्वको सरकारको काम**

नेपालमा अहिले आठहजार २०६ जना विदेशी नागरिक बिनाभिसा बसिरहेको अध्यागमन विभागको दाबी छ । तर, उनीहरू के गर्छन् र कहाँ बस्छन् भन्ने सम्बन्धमा विभाग अनभिज्ञ छ । पछिल्लो तथ्याङ्कअनुसार नेपालमा १२ लाख विदेशी नागरिक पर्यटन भिसामा भित्रिएका छन् । जसमध्ये ४ सयभन्दा धेरैको गतिविधि शङ्कास्पद छ । विजनेस भिसा लिएर नेपाल बसेका विदेशी नागरिकको सङ्ख्या करिब चार हजार छ । त्यसमध्ये ५० प्रतिशत विदेशी नागरिकको गतिविधि शङ्कास्पद छ । नेपालमा बिनाभिसा र भिसा दुरुपयोग गरी बस्ने विदेशी नागरिकको सङ्ख्या बढेपछि अध्यागमन विभागले विदेशी नागरिकलाई ट्र्याक गर्ने विदेशी नागरिक दर्ता तथा अनुगमन प्रणाली ‘एफएनआरटिएस’ (Foreign Nationals Registration and Tracking System) प्रणाली २०८२ असोज १ गतेबाट कार्यान्वयनमा ल्याउन खोजेको थियो । तर, सुशीला कार्की नेतृत्वको सरकारले यो प्रणाली स्थगित गरेर विदेशी शक्तिलाई नेपालमा खेल्ने अवसर प्रदान गऱ्यो ।

कार्की सरकारले २०८२ असोज १३ गते बसेको मन्त्रीपरिषदको बैठकबाट सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ जारी गर्दै सञ्चालनमा रहेका सबै सार्वजनिक संस्थानलाई क्रमश: कम्पनीमा परिणत गर्ने नीति स्वीकृत गऱ्यो । यसले सरकारी मातहतमा रहेका सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्ने बाटो खुलेको छ । यसअघि नै ४५ सार्वजनिक संस्थानमध्ये ३४ वटा सार्वजनिक संस्थानलाई कम्पनीमा लगिने काम सम्पन्न भइसकेको छ भने अब बाँकी रहेका ११ संस्थानलाई पनि निजीकरणमा लैजाने तयारी गरियो । (राजधानी/गोरखापत्र, २०८२ कार्तिक १२ गते) यसले सरकार पुँजीपति वर्गको सञ्चालक समिति रहेको प्रस्ट हुन्छ ।

सरकारका पूर्वसचिव रामेश्वर खनालले सम्हालेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भदौ २३-२४ गतेको नयाँ पुस्ताको आन्दोलनपछि सरकार गठन भएयता दुई महिनामा १४ वटा सरुवा निर्णय गऱ्यो । कर्मचारीहरू कतिखेर सरुवा हुने हो भन्ने त्रासमा छन् । यसले नेपालको प्रशासन यन्त्रलाई दुर्बल बनाउने निश्चित छ । नेपाली काङ्ग्रेश, एमाले, माओवादी, राप्रपालगायतका शासक दलहरूझैँ नातावाद र कृपावादमा यो सरकार पनि अल्झिएको देखियो ।

प्रधानमन्त्री सुशीला कार्कीको रोजाइमा परेर नियुक्त भएकी महान्यायाधीवक्ता सविता भण्डारीको पनि आलोचना चुलिएको छ । १६-१७ वर्षका किशोरीहरूलाई महिनावारी भएको तेस्रो दिनदेखि १० दिनसम्म हर्मोनको इन्जेक्सन दिई डिम्ब तयार भएपछि एनेन्थेसिया दिएर डिम्ब निकाल्ने गैरकानुनी काममा लागेको काठमाडौँ बबरमहलको ‘होप फर्टिलिटी’ लाई महान्यायाधिवक्ता भण्डारीले मुद्दा नचलाउने निर्णय गरेको समाचार प्रकाशित भयो । उक्त क्लिनिकले आर्थिक रूपमा कमजोर किशोरीहरूलाई बिचौलियाको जालमा पारेर अवैध रूपमा डिम्ब झिक्दै आएको अनुसन्धान प्रतिवेदन नेपाल प्रहरी केन्द्रीय अनुसन्धान व्युरो (सिआइबी) ले तयार पारेको थियो । उक्त होप फर्टिलिटीमा महान्यायाधिवक्ता भण्डारीकै लगानी रहेको छ । सिआईबीले बालबालिकाविरुद्धको कसुरमा होपविरुद्ध जाहेरीसमेत दर्ता गरेर अनुसन्धानका लागि प्रमुख डा. स्वस्ती शर्मा, डा. मालिना चौधरी, अश्मि अधिकारी, जस्टिना प्रधान र अलिशा ओलीलाई नियन्त्रणमा लिएको थियो । (कान्तिपुर, २८ कार्तिक २०८२)

ऊर्जामन्त्री कुलमान घिसिङ र नेपाल विद्युत् प्राधिकरणका मनोज सिल्वालको सेटिङमा भारतको कम्पनी ‘पिटीसी’ (PowerTrading Corporation of India Limited) सँग ४३ करोड रुपैयाँ बराबर नोक्सानी हुने गरी गैरकानुनी विद्युत् सम्झौता गरेको खुल्यो । घिसिङले भारतमा गएर नेपाल र भारतबीच दुई वटा प्रसारण लाइन निर्माणको सम्झौता गरेका थिए । जसमा प्रसारण लाइनको हिवलिङ चार्ज र क्यापासिटी बुकिङ नेपालले नै तिर्ने सम्झौता भएको छ । पूर्वमा इनरुवा-पूर्णिया र पश्चिममा दोदोधारा-बरेली ४०० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न संयुक्त उपक्रम (जेभी) सेयरहोल्डर सम्झौता भएको थियो । प्रसारण लाइन निर्माणपछि भारतले बिजुली किने पनि नकिने पनि प्रसारण लाइनको ‘ह्विलिङ चार्ज’ नेपालले भारतलाई २५ वर्षसम्म बुझाउनुपर्ने सम्झौता भएको छ । यसले प्राधिकरणलाई ठूलो घाटा हुनेछ । (३० कार्तिक २०८२, १२ खरी-baahrakhari)

कुलमान घिसिङ नेविप्रामा तत्कालीन प्रबन्ध निर्देशक रहँदा विश्व बैङ्कको लगानी रहेको ढल्केबर सबस्टेशन निर्माणका क्रममा करिब ४ करोड बराबरको काम बाँकी रहेको ठेक्का बिचमै रद्द गरी आफ्नो दाजुको लगानी रहेको कम्पनीलाई १३ करोडमा दिने निर्णय गरेका थिए । खरिद प्रक्रियामा लागत अनुमानभन्दा बढीको बोलपत्र स्वीकृत गरेर कुलमानले एकै वर्षमा झन्डै १ अर्ब हाराहारीमा नोक्सानी पुऱ्याएको महालेखा परीक्षकको ५७ औँ वार्षिक प्रतिवेदनमा उल्लेख छ । (२३ कार्तिक २०८२, लोकान्तर)

कुलमान पहिलोपटक कार्यकारी निर्देशक हुँदा नुवाकोटमा बनाइएको २५ मेगावाटको सोलार ग्रिडमा सस्तोमा टेन्डर भरेको चीनको ‘पेंगाओ एन्ड हेरोन जेभी’ लाई कानुनविपरीत हटाएर घिसिङ्ले ६८ करोडभन्दा बढी बोलपत्र पेश गरेको ‘राइजेन इनर्जी’ लाई छनौट गरी ठेक्का दिई हिनामिना गरेका थिए । (२३ वैशाख २०८१ लोकान्तर)

अर्थमन्त्री रामेश्वर खनालको कर्तुत पनि उस्तै छ । उनले १ खर्ब २५ अर्बभन्दा बढी विकास बजेट कटौती गरेर लामो समयदेखि आफू परामर्शदाता रहेको मोरिससको ‘सेल कम्पनी’ बाट लगानी ल्याएको ‘डोल्मा इम्प्याक्ट फन्ड’ लाई करोडौँ रुपैयाँको आयकर छुट दिने निर्णय गरे । यो विवादास्पद निर्णयमा अर्थमन्त्रालयले पुन:विचार नगरे नेपालले कम्तीमा ८३ करोड २१ लाख २० हजार रुपैयाँ राजस्व गुमाउने आँकलन गरिएको छ । उक्त कम्पनीले नेपालका १६ कम्पनीमा करिब १५ अर्ब रुपैयाँ (१०८ मिलियन अमेरिकी डलर) लगानी गरेको छ । अर्थमन्त्रीले उक्त कम्पनीबाट डलरमा मासिक तलब भत्ता बुझ्दै आएका छन् । (३० कार्तिक २०८२, bizshala/ नेपाल समाचारपत्र)

**बुल्गेरिएन कार्गो जहाजमा अमेरिकी हतियारर**

एक विश्लेषकका अनुसार कार्तिक २३ गते साँझ ७:०० बजे पूर्वी युरोपेली देश बुल्गेरियाको एउटा कार्गो जहाज किर्गिस्तान हुँदै नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएको सूचना प्राप्त भएको छ । त्यो विमानमा ‘डिप्लोम्याटिक पार्सल’ भन्दै करिब १० वटा गाडीमा अट्ने हतियार ल्याइएको आशङ्का छ । नेपालको विमानस्थलमा त्यसको कुनै पनि चेकजाँच भएन । बुल्गेरियासँग नेपालको दौत्य सम्बन्ध सन् १९६८ सालमा कायम भएको हो । तर, बुल्गेरियाको दूतावास नेपालमा र नेपालको दूतावास बुल्गेरियामा छैन । बुल्गेरियाले दिल्लीको दूतावासबाट नेपाल मामिला हेर्छ भने नेपालले जर्मनीको दूतावासबाट बुल्गेरियाको मामिला हेर्ने गरेको छ । उसको नेपालमा लगानी पनि छैन । यस्तोमा कुन प्रयोजनको निम्ति बुल्गेरिएन कार्गो जहाज नेपाल आएको हो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । विश्लेषकहरूले संरा अमेरिकाले आफ्नो हतियार बुल्गेरिएन कार्गो विमानबाट नेपाल पठाएको आशङ्का गरिएको छ । नेपाली जनता सतर्क हुनुपर्छ ।

*२०८२ कार्तिक ३० गते ।*

# पेइचिङ रिभ्यूका विविध अङ्कमा प्यालेस्टिनका कुरा

● सर्गश्री

अक्टोबरमा इजरायल र हमासले शान्ति सम्झौताका प्रारम्भिक बुँदाहरूमा सहमति जनाएको थियो । केही बुँदा यसप्रकार छन् – "सबै इजरायली बन्दीहरूलाई मुक्त गरिनेछ, २,००० जना प्यालेस्टिनी बन्दीहरू (अर्थात् वास्तविक रूपमा उनीहरू पनि बन्धक नै हुन्) लाई रिहा गरिनेछ, इजरायलले गाजामा भइरहेको बमबारी रोक्नेछ र कम्तीमा पनि गाजाको अधिकांश क्षेत्रबाट आफ्नो सेना फिर्ता लैजानेछ साथै इजरायलले प्रत्येक दिन सयौँ सहयोगी ट्रकहरू गाजामा प्रवेश गर्न दिनेछ ।" तर यो शान्ति सम्झौता निकै नाजुक देखिन्छ, सम्झौतामा मसी सुक्न नपाउँदै इजरायलले फेरि बमबारी सुरु गऱ्यो । भर्खरै नोभेम्बर १५ मा मात्र इजरायली हेलिकप्टरले प्यालेस्टिनको दक्षिणतिर उत्तरी राफामा बमबारी गऱ्यो । त्यतिमात्र होइन इजरायलले अझै पानी खाना आपूर्तिमा रोक लगाउन छोडेको छैन । तथापि यो सम्झौता दुई वर्षअघिको अक्टोबर ७, २०२३ मा युद्ध सुरु भएयता शान्तिको सबैभन्दा ठूलो सम्भावना या प्रयास हो भन्छन् अमेरिकी मानवअधिकार र श्रम अधिवक्ता एवम् राजनीतिक विश्लेषक डान कोभालिक । उनी पुस्तक The Case for Palestine, Why it Matters and Why You Should Care (2024) का लेखक हुन् । उनको एउटा लेख 'प्यालेस्टिन र विश्वको भविष्य' पेइचिङ रिभ्यूको अक्टोबर २३ अङ्कमा छापिएको छ ।

इजरायलको फासीवादी युद्धले गाजामा पुऱ्याएको विनाश अकल्पनीय छ । संयुक्त राष्ट्रसङ्घका विशेष र्‍यापोर्टर फ्रान्सेस्का अल्बानेजका अनुसार आजसम्म गाजाका झन्डै ७ लाख प्यालेस्टिनी अर्थात् कुल जनसङ्ख्या २३ लाखमध्ये एक तिहाइभन्दा ज्यादा मारिए । अस्पतालहरू, प्राचीन धार्मिक स्थलहरू, विद्यालय र विश्वविद्यालयहरू, आवासीय भवनहरू खरानी बनाइए । खानेपानी आपूर्ति तथा शुद्धीकरण प्रणाली, बिजुली उत्पादन संरचना सबै–सबै ध्वस्त बनाइए । यसको पुनर्निर्माण गर्न दशकौँ दशक लाग्नेछ र भग्नावशेष मात्र हटाउन पनि वर्षौँ लाग्नेछ ।

यो विश्व इतिहासकै अँध्यारो या कालो परिस्थिति हो । यसको धेरै देश र मानिसहरूले केवल निन्दामात्र गरेनन् बरु सम्पूर्णरूपमा यो नरसंहार रोक्ने कार्यमा जुटेका देखिन्छन् । उदाहरणका लागि, न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसङ्घ महासभामा कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेत्रोले यो नरसंहार रोक्न सैन्य हस्तक्षेप गर्नुपर्ने माग गरेका थिए ।


कोभालिक लेख्छन्, "विश्वका विकसित पश्चिमी राष्ट्रहरूले तेस्रो विश्वका देशहरूमा युद्ध वा शासन परिवर्तन गर्न 'मानवीय हस्तक्षेप' को सिद्धान्त बनाएर प्रयोग गरेका थिए । आज ग्लोबल साउथका देशहरू पहिलोपटक यही सिद्धान्तलाई प्रयोग गरेर पश्चिमी राष्ट्रहरूले गरिरहेको नरसंहार रोक्न माग गरिरहेका छन् । धेरै अन्तर्राष्ट्रिय कानुन विज्ञहरू, म स्वयं पनि, यस 'मानवीय हस्तक्षेप' सिद्धान्तको आलोचक रह्यौँ किनकि यो पश्चिमी साम्राज्यवादको उपकरण मात्र थियो । यसअघि भएका हस्तक्षेपहरूले ( जस्तै लिबिया, इराक, सिरिया) त्यहाँको मानव अधिकारलाई चोट पुऱ्यायो । यी हस्तक्षेपहरू धेरैजसो संयुक्त राष्ट्र सुरक्षा परिषद्को अनुमतिबिना गरिएका थिए । जसले अन्तर्राष्ट्रिय कानुन र राष्ट्रसङ्घको प्रणालीलाई कमजोर बनायो ।"

तर कोलम्बिया तथा ग्लोबल साउथका अन्य राष्ट्रहरूद्वारा अगाडि सारिएको नयाँ पहल–"हेग समूह" (बोलिभिया, कोलम्बिया, क्यूबा, होन्डुरस, मलेसिया, नामिबिया, सेनेगल, दक्षिण अफ्रिका)– अन्तर्राष्ट्रिय कानुनलाई पुन: कार्यान्वयन गर्ने प्रयास हो भन्न सकिन्छ । यसले १९४८ को नरसंहार विरोधी कन्भेन्सनलाई संयुक्त राष्ट्र चार्टरको मर्मअनुसार लागु गराउनेछ । दक्षिण अफ्रिका र निकारागुवाले अन्तर्राष्ट्रिय न्यायालयमा गाजाका लागि न्याय खोज्ने प्रक्रिया यसै कार्यमा टेकेर अघि बढिरहेको छ ।

यो एउटा ऐतिहासिक क्षण हो । पश्चिमी देशहरूले दशकौँदेखिको अन्तर्राष्ट्रिय कानुनको दुरुपयोग वा अवहेलना गरिरहेको विरुद्ध त्यही कानुन नयाँ स्वरूपमा पुनर्स्थापना गर्न अहिले ग्लोबल साउथ उठिरहेको छ । सोभियत सङ्घको अस्थाई हारपछि पश्चिमले संसारमा "जङ्गलको शक्ति नियम" लागू गरिरहेको थियो । आज ग्लोबल साउथ त्यसको विरुद्ध उभिएको छ ।

पश्चिमी देशका नागरिकहरू पनि आफ्नो सरकारको समर्थनमा भइरहेको नरसंहारविरुद्ध सडकमा उत्रिरहेका छन् । केहीले मानवीय सहयोग पुऱ्याउन समुद्री यात्रामा जोखिम पनि बोकिरहेका छन । जहाँ उनीहरूले आक्रमण, पक्राउ, बन्दी बन्नुपर्ने र कहिलेकाहीँ यातना समेत सहन परेको छ । यद्यपि विश्वका सचेत मानिसहरू अत्याचारको विरोधमा एक मनले एकतावद्ध छन् । र यसको जरो भने प्यालेस्टिनी जनताको प्रतिरोध नै हो । यही प्रतिरोध शक्तिले विश्वभर चेतना जागृत गऱ्यो । संसारले आज बोलिरहेको यो कुरा नेल्सन मण्डेला, फिडेल क्यास्ट्रोजस्ता महान् नेताहरूले धेरै अघि नै बोल्नुभएको स्मरण हुन्छ – "हाम्रो स्वतन्त्रता, प्यालेस्टिनी मुक्तिसँग जोडिएको छ ।"




पश्चिमी शक्तिहरूले यी घटनाहरूको अर्थ राम्ररी नबुझेका होइनन् । विशेषगरी अमेरिका, बेलायत र जर्मनी जस्ता देशहरूले शक्ति र वर्चस्व गुमाउने डरले दमनकारी उपायहरू अपनाए – कडा प्रहरी कारबाही, गिरफ्तारी र निष्कासनसम्म गरिएको छ । यही दमनबीच केही पश्चिमी देशहरू जस्तै अष्ट्रेलिया, क्यानडा, फ्रान्स, स्पेन, बेल्जियम, लक्जेम्बर्ग, बेलायत भने आफ्नै जनता तथा अन्तर्राष्ट्रिय समुदायको दबाब सहन नसकेर अन्तत: प्यालेस्टिनलाई राष्ट्र या देशका रूपमा मान्यता दिन बाध्य भएका छन् । यहाँ विशेष उल्लेख गर्नै पर्ने र निन्दा गर्नुपर्ने कुरा–अमेरिका र जर्मनीले अझै प्यालेस्टिनको अस्तित्वलाई मान्यता दिएका छैनन् ।

यी राष्ट्रहरूको मान्यतामा राजनीतिक स्वार्थ हुन सक्छ तर यसको अर्थ यसको महत्त्व छैन भन्ने होइन । १५० भन्दा बढी राष्ट्रहरूले मान्यता दिइसकेकोमा अब पश्चिमी सरकारहरू पनि समावेश हुन बाध्य हुनु–प्यालेस्टिनी जनताका लागि ठूलो विजय हो । यो मान्यता पश्चिमी शान्ति आन्दोलन र मानव अधिकारका पक्षधरहरूको जित हो भने इजरायल तथा यसको मुख्य समर्थक अमेरिकाको हार । यसले मध्यपूर्वमा इजरायल-अमेरिकी प्रभावको अन्त्य हुन लागेको सङ्केत गर्छ ।

इटाली र स्पेनले नागरिक टोलीद्वारा सञ्चालन गरेको "सुमुद फ्लोटिला" लाई गाजासम्म साथ दिन युद्धपोत पठाउनु विश्व परिवर्तनको स्पष्ट सङ्केत हो । देशलाई मान्यता दिनु नदिनुभन्दा पनि यो कदमले पश्चिमी राष्ट्रहरूको एकता भत्किएको देखाउँछ । आफ्नै नागरिकहरूको दबाबले उनीहरूलाई उपनिवेशवादी, नरसंहारवादी प्रणालीविरुद्ध उभिन बाध्य बनाएको छ ।

पेइचिङ रिभ्यूको अक्टोबर २ अङ्कमा पनि प्यालेस्टिनका कुरा छन् । लेखक एवम् अन्तर्राष्ट्रिय विषयका विश्लेषक कार्लोस मार्टिनेजको लेख "पश्चिमी देशहरूको प्यालेस्टिन मान्यता: महत्त्व र धारणा" पठनीय छ ।

अब संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रमध्ये १५७ राष्ट्रहरूले प्यालेस्टिन राज्यको मान्यतालाई स्वीकार गरिसकेका छन्, यो मूलत: सन् १९८८ मा प्यालेस्टिनी मुक्ति सङ्गठन (PLO) द्वारा घोषणा गरिएको थियो । माथि उल्लिखित पश्चिमी राष्ट्रहरूले लामो समयदेखि इजरायललाई समर्थन गर्दै आएका थिए । अन्तत: प्यालेस्टिनलाई औपचारिक मान्यता दिन तयार हुनु एक महत्त्वपूर्ण विकासक्रम नै हो । यसले गाजामा इजरायलले गरिरहेको 'जातीय संहार' प्रति बढ्दो अन्तर्राष्ट्रिय आक्रोशलाई प्रतिबिम्बित गर्दछ, २ वर्षमा ६५,००० भन्दा बढी प्यालेस्टिनीको हत्या भइसकेको छ, जसमा अधिकांश महिला र बालबालिका छन् । गाजाको पूर्वाधार योजनाबद्ध रूपमा ध्वस्त पारिएको हो । अस्पताल, विद्यालय, खानेपानी तथा विद्युत् आपूर्तिलाई जानाजान निशाना बनाइएको तर्क गर्छन् मार्टिनेज ।

कब्जा गरिएको प्यालेस्टिनी भूभागसम्बन्धी संयुक्त राष्ट्रसङ्घको स्वतन्त्र अन्तर्राष्ट्रिय अनुसन्धान आयोगको नयाँ प्रतिवेदनले गाजामा इजरायलले 'जातीय संहार' गरेको उल्लेख गरेको छ । प्रतिवेदनमा भनिएको छ – "जनसंहार सम्झौतामा उल्लिखित मापदण्डहरूअनुसार गाजाबाट प्यालेस्टिनीहरूलाई समूल नष्ट गर्ने उद्देश्य राखिएको स्पष्ट देखिन्छ ।" अन्तर्राष्ट्रिय संस्थाहरू प्रमाणसहित भन्दै छन् – "इजरायलले जानाजान गाजामा खाद्यान्नको प्रवेश अवरुद्ध गर्दै आएको हो परिणामत: अहिले पनि त्यहाँ भोकमरी उस्तै छ ।"

यो युद्धका भयावह दृश्यहरूका कारण विश्वभरका मानिस ठूलो आक्रोश र दु:खमा छन् । कालो बादल वरिपरी चाँदीको घेरा हुन्छ भनेझैँ यो अँध्यारो परिस्थितिले एक शक्तिशाली एवम् विश्वव्यापी जनआन्दोलन जन्माएको आभाष हुन्छ । साम्राज्यवादी एवम् फासीवादी युद्धविरुद्ध सिङ्गो मानव समुदायको यो भर्भराउँदो आवेग या संवेगलाई अब बेवास्ता गर्न सकिँदैन । यसले पश्चिमी देशहरूलाई प्यालेस्टिनी राज्यको मान्यताबारे आफ्नो दीर्घकालीन नीतिहरू पुनर्विचार गर्न बाध्य पारेको छ ।

बेलायतका लागि प्यालेस्टिनी राजदूत हुसाम जोमलोटले बेलायतको मान्यतालाई स्वागत गर्दै यसको ऐतिहासिक महत्त्वतर्फ ध्यानाकर्षण गराए, विशेष रूपमा इजरायल राज्य निर्माण र प्यालेस्टिनीहरूलाई विस्थापित गर्ने प्रक्रियामा बेलायतको भूमिकालाई स्मरण गर्दै उनले भने: "बेलफोर घोषणापत्र जारी भएको यही राजधानीमा करिब एक शताब्दीभन्दा बढी समयसम्म प्यालेस्टिनको अस्तित्व अस्विकार, प्यालेस्टिनीको विस्थापन र विश्व मानचित्रमा प्यालेस्टिनको नक्सानै मेट्ने कुत्सित प्रयत्न पछि अन्तत: बेलायत सरकारसमेतले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको छ ।"

सन् २००६ मा प्रकाशित 'The Ethnic Cleansing of Palestine' पुस्तकका लागि सुपरिचित इजरायली इतिहासकार इलान पापले भने – 'प्यालेस्टिनी राज्यको मान्यता "हाल इजरायलले प्यालेस्टिनलाई एक जनता, एक राष्ट्र, एक भूभाग र एक इतिहासको रूपमा समाप्त पार्ने रणनीतिविरुद्धको प्रतीकात्मक प्रतिआन्दोलन" हो ।' उनले थपे – "प्यालेस्टिनलाई एक अवस्थित इकाइ या प्रतीकात्मक रूपमा सम्बोधन गर्नु पनि एक हिसाबले हालको परिस्थितिमा वरदान हो, किनभने यसले प्यालेस्टिनलाई विश्व तथा क्षेत्रीय संवादबाट ओझेल हुनबाट रोक्यो ।"

आज अमेरिका एक्लिँदै छ । बेलायत, फ्रान्स, क्यानाडा तथा अन्य पश्चिमी देशहरूले प्यालेस्टिनलाई मान्यता दिनुले संयुक्त राष्ट्र सुरक्षा परिषद्को एकमात्र स्थायी सदस्यका रूपमा प्यालेस्टिनी राज्यलाई विरोध गर्ने एउटैमात्र देश बनेको छ संयुक्त राज्य अमेरिका ।

प्यालेस्टिनप्रति ट्रम्प प्रशासनको शत्रुत्व या बैरीभाव यति चरम छ कि उसले राष्ट्रपति महमूद अब्बास तथा उनको टोलीलाई न्यूयोर्कमा हुने महत्त्वपूर्ण संयुक्त राष्ट्रहरूको बैठकमा उपस्थित हुनबाट रोक्न आवश्यक भिसासमेत दिएन । अन्तत: अधिकांश राष्ट्रहरूले अब्बासलाई अनलाइनमार्फत सम्बोधन गर्ने अनुमति दिने पक्षमा मतदान गरे । अमेरिकाका सहयोगी राष्ट्रहरूले परम्परागत रूपमा वाशिङ्टनले लेखिदिएको विदेश नीति स्क्रिप्टलाई शिरोधार्य गर्दै आएको हुँदा यता क्यानाडा र पश्चिमी युरोपेली राष्ट्रहरूले यस विषयमा निश्चित स्तरको रणनीतिक स्वतन्त्रता देखाउनु उल्लेखनीय र स्वागतयोग्य रहेको जनाए । यसबाट विश्व शासनको दृष्टिकोणबाट अमेरिकालाई अन्तर्राष्ट्रिय मामिलामा एक अपवाद र अस्थिरता उत्पन्न गर्ने शक्ति भनेर संसारले देख्ने र बुझ्ने अवस्था आयो । प्यालेस्टिनलाई मान्यता दिने यी पश्चिमी राष्ट्रहरूले संयुक्त राज्य अमेरिकामाथि दबाब सिर्जना गर्नेछन् र सुरक्षा परिषद् स्तरमा सार्थक प्रगति सम्भव हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

चीन र प्यालेस्टिनको सम्बन्धले वर्तमान अन्तराष्ट्रिय घटनामा ठूलो महत्त्व राख्दछ । चीनले २० नोभेम्बर १९८८ मा प्यालेस्टिनी राज्यलाई मान्यता दियो र यसो गर्ने सुरुआती देशहरूमा पर्दछ चीन । पछिल्लो युद्ध सुरु भएदेखि नै चीनले तत्काल, पूर्ण र बिना सर्त युद्धविराम तथा फिर्तीको माग गर्दै आएको हो । साथै मानवीय सहायता पुन: सुरु गर्न आग्रह गर्दै आएको हो । चीनले सबै पक्षहरूलाई इमानदारीपूर्वक वार्ता गर्न आग्रह गर्दै आएको हो । यो द्वन्द्वको मूल कारण इजरायलद्वारा प्यालेस्तीनी राष्ट्रिय अधिकारहरूको निरन्तर अस्वीकृति हो भन्ने अडान चीनको रह्यो ।

फेब्रुअरी २०२४ मा चिनियाँ विदेश मन्त्रालयका कानूनी सल्लाहकार "मा सिन्मिन"ले अन्तर्राष्ट्रिय न्याय अदालत (ICJ) मा कानूनी प्रस्तुति दिँदै औपनिवेशिक कब्जाविरुद्ध प्यालेस्टिनीहरूको सशस्त्र प्रतिरोधको अधिकारलाई समर्थन गरे । केही महिनापछि राष्ट्रिय विभाजन अन्त्य गर्न चीनको आयोजनामा १४ वटा प्यालेस्टिनी समूहहरू (हमास, फतह र फिलिस्तिन मुक्ति मोर्चालगायत) बेइजिङमा भेला भए । जुलाई २३, २०२४ मा 'बेइजिङ घोषणा – विभाजन अन्त्य तथा प्यालेस्तिनी राष्ट्रिय एकता सुदृढीकरण' मा हस्ताक्षर भएको अवसरमा, चिनियाँ विदेशमन्त्री वाङ यीले भने –"प्यालेस्तिनी समूहहरूले एउटै आवाजमा बोले मात्र न्यायको आवाज स्पष्ट र शक्तिशाली हुन्छ र उनीहरू हातेमालो गरी काँधमा काँध मिलाएर अघि बढेमात्र आफ्नो राष्ट्रिय मुक्ति अभियान सफल हुन्छ ।"

प्यालेस्टिनको प्रश्नमा र युक्रेन युद्ध, इरान परमाणु मुद्दा, जलवायु सङ्कट तथा अन्य धेरै विश्वव्यापी समस्याहरूमा अमेरिका र चीनका दृष्टिकोणहरू अत्यन्तै भिन्न छन् । यसले अन्तर्राष्ट्रिय सम्बन्धमा बढ्दो विभाजनलाई प्रस्ट देखाउँछ । चीनलाई शान्ति, प्रगति, स्थिरता र राम्रो शासनका लागि जिम्मेवार शक्ति भनेर हेरिँदैछ भने अमेरिकालाई युद्ध, आधिपत्यवाद या साम्राज्यवाद, अराजकता र एकतर्फी नीतिहरू लाद्ने शक्तिको प्रतीकको रूपमा बुझिइँदैछ । पेइचिङ रिभ्यूको सेप्टेम्बर १८ अङ्काले पनि चीन र अमेरिकाको विपरित विचार र बाटोबारे लेखेको छ । चीन शान्तितर्फ अमेरिका युद्धतर्फ हिँडिरहेको शब्दचित्र देखाएको छ । सेप्टेम्बर ३ मा जापानी आक्रमणविरुद्ध चिनियाँ जनताको प्रतिरोध युद्ध र विश्व फासीवादविरोधी युद्धमा विजयको ८० औँ वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै चिनियाँ राष्ट्रपति सी चिनफिङले सम्बोधन गर्नुभयो – "आज मानवजाति फेरि एक महत्त्वपूर्ण मोडमा उभिएको छ । शान्ति या युद्ध, संवाद या बेमेल, पारस्परिक सहयोग या शून्य-योग खेल अर्थात् एउटै पक्षलाई मात्र नाफा हुने खेल ? यी प्रश्नमा विकल्प छान्नुपर्ने महत्त्वपूर्ण घडी हो यो ।" उहाँले चिनियाँ जनता सधैं इतिहासको सही पक्षमा र मानव सभ्यताको प्रगतिमा दृढतापूर्वक खडा रहने बताएका छन् । चीन शान्तिपूर्ण विकासको बाटोप्रति अडिग रहने र विश्वका सबै जनतासँग हातेमालो गरेर मानव समुदायको साझा भविष्य निर्माण गर्न प्रतिबद्ध रहेको वचनबद्धता पनि व्यक्त गर्नुभयो ।

तर त्यसको तीन दिनपछि सेप्टेम्बर ६ मा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले रक्षा मन्त्रालयको नाम पुन: "युद्ध मन्त्रालय" राख्ने कार्यकारी आदेशमा हस्ताक्षर गरे । हस्ताक्षर समारोहमा रक्षा सचिव पिट हिगसेथले ट्रम्पलाई सम्बोधन गर्दै भने–"युद्ध मन्त्रालय अब निर्णायक युद्ध लड्नेछ । अनन्त सङ्घर्ष होइन जित्नका लागि लड्नेछ । हार नखानका लागि मात्र होइन, केवल रक्षा मात्र पनि होइन आक्रमणका लागि अघि बढ्नेछ । अधिकतम प्रहार क्षमता, कानुनी औपचारिकता होइन । सशक्त प्रभाव, राजनीतिक शिष्टता होइन । हामी अब केवल 'रक्षक' होइन, 'युद्धवीर' तयार गर्नेछौँ ।"

यी दुई अभिव्यक्तिहरूले चीन र अमेरिकाले लिएको बाटो कति विपरित दिशामा छ भन्ने स्पष्ट पार्छ भन्छन् लेखक हेडी हारिसी । चीनको विजय दिवसमा प्रदर्शित सैनिक परेडले विश्वलाई प्रभावित मात्र गरेन बरु शान्तिप्रतिको आफ्नो दृढता पनि स्पष्ट देखायो । केवल आठ मिनेटको भाषणमा राष्ट्रपति सी ले "शान्ति" शब्द सात पटक उच्चारण गरे । परेड सुरु हुनासाथ नै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, कोरियाली नेता किम जोङ उन र सी चिनफिङ एकसाथ अगाडि देखिए र उहाँहरूलाई विश्वका धेरैजसो ग्लोबल साउथ राष्ट्रका नेताहरूले पछ्याइरहेको दृश्य देख्न सकिन्छ । यो दृश्य युद्धको होइन बरु शान्तिप्रति चीनको प्रतिबद्धताले विश्वका धेरै जनताको समर्थन पाएको गहिरो सन्देश हो । पश्चिमी मिडिया र विश्लेषकहरूले चीनको सैनिक तालमेल, अनुशासन र क्षमताप्रति चकित हुँदै भय व्यक्त गरे । तर उनीहरूले बुझ्न नसकेको कुरा यो परेड युद्ध प्रदर्शन नभई चीनले विगतमा झेलेका भयावह युद्ध र यातनाहरू कहिल्यै नदोहोरियून भनी गरिएको प्रतिबद्धताको प्रतीक हो । यसर्थ प्यालेस्टिनको पक्षमा चीन उभिनुको अर्थ शान्तिको पक्षधरता हो ।

प्यालेस्टिनी राज्य व्यवस्थालाई व्यापक मान्यता मिल्नु प्यालेस्टिनीहरूको लागि विजय भए पनि यो मुख्यत: प्रतीकात्मक कदम मात्र हो भन्छन् मार्टिनेज पनि । गाजा २१ औँ शताब्दीको सबैभन्दा गम्भीर मानवतावादी सङ्कटबाट गुज्रिरहेको छ । पश्चिमी तट (West Bank) मा अवैध बस्तीहरू अझै विस्तार भइरहेका छन् । बमबर्षा रोकिएको छैन । नाकाबन्दी उस्तै छ । प्यालेस्टिनीहरूको स्व-निर्णयको अधिकार र राष्ट्रिय अधिकारहरूको पूर्ण प्राप्ति अझै टाढै छ । तसर्थ ग्लोवल साउथको एकता संसारकै लागि उज्यालो पक्ष हो भन्न सकिन्छ ।

विश्व समुदाय शान्तिको पक्षमा जुरुक्क उठेको यो समय निकै सुखद छ । यो ऐक्यबद्धता, प्यालेस्टिनीहरूको अदम्य प्रतिरोधले नै गाजामा शान्ति सम्झौताको प्रयास या यो मोड आएको हो । एउटा यस्तो नयाँ संसार जन्मिँदै छ जहाँ राष्ट्र वा व्यक्तिको शक्ति उसको सम्पत्ति वा सैन्य सामर्थ्यले होइन बरु समानता र न्यायले निर्धारण हुन्छ । अहिले पनि बाटो लामो र कठीन जरुर छ । पुराना शक्ति संरचनाहरूले आफ्नो साम्राज्य गुमेको सहने छैनन् तसर्थ अनेक षड्यन्त्र र बलमिचाइ हुनेछन् । यद्यपि, निरन्तर आन्दोलन र प्रतिरोधले यो संसारलाई बदल्ने सम्भावना देखाएको छ । हतियारको होइन कानुन, नैतिकता, सार्वभौमिकता र मानवताको शासन हुने संसार खोजेका छन् मानव जातिले । यसर्थ प्यालेस्टिनीहरूको मुक्ति वास्तवमै विश्वका मानव जातिको मुक्ति सिद्ध हुनेछ ।

# स्वच्छ, निष्पक्ष, धाँधलीरहित निर्वाचन जरुरी

काठमाडौँ । निर्वाचन आयोगले राष्ट्रिय सभा तथा प्रतिनिधि सभा सदस्यको निर्वाचन कार्यक्रम सम्बन्धमा विभिन्न राजनीतिक दलसँग कार्तिक २७ गते छलफल कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "सरकारमा गएका अधिकांश दलहरू प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, गणतन्त्र आदि दाबी गर्दै छन् । सरकारमा गएर राष्ट्रिय सम्पत्ति केही व्यक्तिको नाममा बिक्री गर्नेहरू पुँजीवादी प्रजातन्त्रवादी हुन् भने निजीकरणलाई अस्वीकार गर्नेहरू समाजवादी प्रजातन्त्रवादी हुन् । यो विषयतर्फ निर्वाचन आयोग पनि स्पष्ट हुनु आवश्यक छ ।"

"स्वच्छ निर्वाचनको लागि निर्वाचनमा सामान र पैसा बाँड्ने झूटा आश्वासन दिनेहरूको उम्मेदवारी खारेज हुने, भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण हुने र ठुल्ठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था जरुरी छ" उहाँले थप्नुभयो ।

उहाँले राजनीतिक दलहरू सिद्धान्तनिष्ठ हुनुपर्ने आवश्यकता औँल्याउँदै निर्वाचनमा सिद्धान्तहीन मोर्चा र सरकारमा सिद्धान्तहीन गठबन्धन गर्न नमिल्ने कानुनी व्यवस्था आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विदेशमा बसेकालाई मतदानको अलग व्यवस्था गर्न नपर्ने गरी देशभित्र रोजगारीको व्यवस्था गर्ने तथा देशमै निर्वाचन क्षेत्रबाहिर बस्नेहरूलाई मतदानको अलग व्यवस्था नपर्ने गर्न देशको सन्तुलित विकास गर्नु आवश्यक छ । उम्मेदवारहरू निर्वाचित भएपछि आफ्नो निर्वाचन क्षेत्र छाडेर सहर बसाइँसराइ गर्न नपाउने गर्नु जरूरी छ । निर्वाचनमा प्राप्त मतको आधारमा राजनीतिक दलहरूलाई राज्यकोष उपलब्ध गराउने पनि 'चोरलाई चौतारो' जस्तो भ्रष्टाचार नै हुने हुँदा यस्तो व्यवस्था गर्नु उपयुक्त हुँदैन ।"

"निर्वाचन आयोगले सरकारमा गएका दलहरूको सुझावलाई बढी महत्त्व दिने र अन्य दललाई बेवास्ता र पक्षपात गर्नु अनुचित हो । निर्वाचनमा खटिने कतिपय कर्मचारी निष्पक्ष नहुने, मतगणनामा मतपत्रसमेत लुकाएर शासक दलका उम्मेदवारको जीत घोषणा गराउनेहरू पनि भएको जनगुनासो छ । यसतर्फ आयोग सचेत हुनुपर्दछ । जनताको गुनासोलाई सरकारले समयमै सम्बोधन नगरेको हुँदा भदौ २३ र २४ गतेको सङ्कट उत्पन्न भएकोतर्फ आयोग पनि सचेत हुनु जरुरी छ ।" उहाँले उल्लेख गर्नुभयो ।

नेपाली काङ्ग्रेसका पुष्पा भुसाल गौतमले नेपाली काङ्ग्रेस निर्वाचनको लागि तत्पर रहेको तर सुरक्षाको प्रत्याभूति गर्नुपर्ने बताउनुभयो ।

नेपाली कम्युनिस्ट पार्टीका लीलामणी पोखरेलले फागुन २१ गते निर्वाचन गर्नैपर्ने बताउनुभयो ।

राप्रपाका प्रतिनिधिले शासकीय स्वरूपको बारेमा स्पष्ट भएर मात्र निर्वाचनमा जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

जनता समाजवादीका प्रतिनिधिले छलफलमा एमाले उपस्थित नभएकोबारे जिज्ञासा राख्नुभयो । लोकतान्त्रिक समाजवादी पार्टीका प्रतिनिधिले निर्वाचनको मामिलामा नेपाल सरकार गम्भीर नभएको उल्लेख गर्नुभयो ।

नेपाल सङ्घीय समाजवादी पार्टीका प्रतिनिधिले विदेशमा बसेका नेपालीहरूलाई मतदान गराउन सहज नहुने बताउनुभयो ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा आयोगका सचिवले स्वागत गर्नुभएको थियो । कार्यक्रममा आयुक्त यज्ञप्रसाद भट्टराईले निर्वाचन कार्यक्रमबारे प्रस्तुति गर्नुभएको थियो । निर्वाचन आयोगले २०८२ फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको छ ।

# नगर प्रमुख प्रजापतिद्वारा भक्तपुरका प्रजिअ ढकाल, प्रहरी उपरीक्षक खड्का र राष्ट्रिय अनुसन्धान विभागका कार्कीलाई स्वागत

भक्तपुर । भक्तपुर नगरपालिकाले भक्तपुरमा भर्खरै सरुवा भई आउनुभएका भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, प्रहरी उपरीक्षक सूर्यबहादुर खड्का र राष्ट्रिय अनुसन्धान विभाग उपअनुसन्धान निर्देशक हेमन्त कार्कीको स्वागत तथा परिचयात्मक कार्यक्रम कार्तिक २८ गते गऱ्यो । कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले उहाँहरूलाई पुष्पगुच्छा, भादगाउँले टोपी र खादा ओढाई नगरपालिकामा स्वागत गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले सांस्कृतिक सम्पदाहरूको जीवन्त सहरको रूपमा प्रख्यात भक्तपुर नगरपालिकाले भ्रष्टाचारमुक्त र स्वायत्तताको अभ्यास गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका विकास निर्माणलगायतका गतिविधिमा नगरपालिकाले जिल्ला प्रशासन कार्यालयसँग सहकार्य गरेर काम गरिरहेको बताउँदै उहाँले विगतका केही प्रमुख जिल्ला अधिकारीहरूबाट भक्तपुरवासीहरूले सम्झनालायक काम भएको स्मरण गर्नुभयो ।

व्यवस्थित आवास योजना सञ्चालन गर्ने उद्देश्यअनुरूप भक्तपुर नपाले तुमचो दुगुरे आवास योजना र लिबाली आवास योजना सफलतापूर्वक सम्पन्न गरिसकेको बताउँदै उहाँले देका मिवा आवास योजनामा देखिएका प्राविधिक समस्या सम्बोधनको लागि गुनासोकर्ताहरूसँग छलफल चालु रहेको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले विभिन्न जिल्लाको आफ्नो कार्य अनुभव सुनाउँदै भक्तपुरको शान्ति सुरक्षा, विकास निर्माणमा नगरपालिकासँग सहकार्य, समन्वय र सहजीकरण गरी अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले सांस्कृतिक नगर भक्तपुरको सुरक्षामा विशेष निगरानी हुने बताउँदै उहाँले भक्तपुरको न्यानो स्वागतको लागि धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले ऐतिहासिक नगरको शान्ति सुरक्षा कायम गरी एकताबद्ध र समन्वयात्मक ढङ्गबाट अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो । जेन-जी आन्दोलनका कारण शान्ति सुरक्षामा चुनौती थपेको बताउँदै उहाँले देशलाई सुदृढ अवस्थामा ल्याउन सबैजना मिलेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भौगोलिकरूपले देशकै सानो नगरपालिका सांस्कृतिक हिसाबले अत्यन्त महत्त्वपूर्ण नगर भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त परिचयात्मक कार्यक्रममा भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य, नगरपालिकाका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो । सोही क्रममा नगर प्रमुख प्रजापतिले उहाँहरूलाई नगरपालिकाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

# सार्वजनिक सम्पत्तिमा आगजनीभन्दा भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नु जरुरी

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ नगर समिति भक्तपुरको आयोजनामा कार्तिक २६ देशको समसामयिक विषयमा नगरस्तरीय महिला भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले अक्टोबर समाजवादी क्रान्तिपछि सोभियत सङ्घमा जमिनमा सामन्तहरूको स्वामित्व खारेज गरिएको र उत्पादनका मुख्य मुख्य साधन र सेवाहरू राष्ट्रियकरण गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सोभियत सरकारले जार सरकारले लिएको ऋण नतिर्ने घोषणा गऱ्यो र मजदुर एवम् किसानको नयाँ सेना गठन गर्नुका साथै सम्पूर्ण जनताको समानताको अधिकार बहाली गरियो ।"

उहाँले थप्नुभयो, "सोभियत सरकार स्थापना भएको १८-२० वर्षमा रुस संसारको दोस्रो अर्थतन्त्रमा उक्लियो; त्यसअघि रुस संसारमा एउटा पिछडिएको देश थियो ।"

नेपालमा प्रजातन्त्र स्थापनाको ३५ वर्षयता एमाले, माओवादी, एस, राजमोलगायत कम्युनिस्ट दाबी गरेका पार्टीहरू पुँजीवादी सरकारमा गएर नेपालको कम्युनिस्ट आन्दोलनलाई नै कमजोर पारेको सचिव सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारमा गएका पार्टीहरूको आर्थिक र विदेश मामिला फरक भएन; सार्वजनिक संस्थान निजीकरण गरेर जनताको सम्पत्तिबाट शोषकवर्गलाई पोस्ने र विदेशी ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने काम सबै सरकारले गरे ।"


अहिलेको अन्तरिम सरकारले पनि सार्वजनिक संस्थान निजीकरण गर्ने निर्णय गरेको सार्वजनिक भएको उल्लेख गर्दै सचिव सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले परिवर्तनको नेतृत्व सिद्धान्त र विचारबाट हुने यथार्थलाई जोड दिइरहेको छ ।

उहाँले थप्नुभयो, "सार्वजनिक र निजी सम्पत्तिमा आगजनीभन्दा पनि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने र ठुलठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी बन्दोबस्त जरुरी छ ।"

नेमकिपा नगर समितिका प्रतिनिधि लक्ष्मीभक्त लासिवाले महिलाहरू कानुनी शिक्षाबारे सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

समितिका उपाध्यक्ष रत्ना चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुशीला कर्माचार्य, सुनिता गाइसी र मञ्जु लाखाले पनि बोल्नुभएको थियो ।

# निर्वाचनमा भ्रष्टाचारीलाई नजिताउन मतदाता सचेत हुनुपर्ने



सप्तरी । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा भ्रष्टाचारीहरूलाई जिताउन नदिन मतदाताहरू सचेत हुनुपर्ने बताउनुभयो ।

मधेस प्रदेश समितिको आयोजनामा कार्तिक २५ गते राजविराजस्थित डुमारीमा आयोजित प्रशिक्षण कार्यक्रममा उहाँले कम्युनिस्ट पार्टीको नाममा शासन सत्ता सञ्चालन गरेकाहरूले गरिब जनताको हितमा केही काम गर्न नसकेको बताउनुभयो ।

सामन्तवादी र पुँजीवादी समाजमा कामदारवर्गको अस्तित्व नहुने बताउँदै उहाँले शोषित पीडित जनताको समस्या समाधानको लागि समाजवादी व्यवस्था नै आवश्यक भएको बताउनुभयो ।

नेपालको राजनैतिक व्यवस्था पटक-पटक परिवर्तन भए । तर, मधेसी जनताको जीवनस्तरमा कुनै परिवर्तन नदेखिएको बताउँदै उहाँले आजभन्दा ३०।४० वर्षअघि तराईको जुन स्थिति छ, ग्रामीण क्षेत्रमा बस्ने गरिबहरूको अवस्था अहिले पनि जस्ताको तस्तै रहनु विडम्बनापूर्ण रहेको बताउनुभयो ।

'अन्नको भण्डार' को रूपमा परिचित तराईका उर्वरभूमि अहिले सिँचाइ, मलखाद र जनशक्तिको अभावमा उब्जाउविहीन भूमिमा रूपान्तरित हुनु विडम्बनापूर्ण रहेको बताउँदै उहाँले नेमकिपाले देशभरि समाजवादका बीउ छर्दै समाजवादी प्रचार अभियानलाई व्यापकता दिँदै आएको बताउनुभयो ।

केन्द्रीय सदस्य प्रजापतिले विदेशीको पैसाबाट राजनीति गर्ने पार्टीले कहिल्यै देशको हितमा काम गर्दैन भन्दै भारतीय विस्तारवादी नीतिको विरोधमा देशभक्त जनता एकजुट हुनुपर्ने बताउनुभयो ।

मधेस प्रदेश समितिका सदस्य रोशनमैंया सुवालले नेमकिपा देशमा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत देशभक्त पार्टी भएको बताउँदै महिलाहरूलाई शिक्षित र सङ्गठित बनाउन सके समाज अगाडि बढ्ने धारणा राख्नुभयो ।

नेमकिपा मधेस प्रदेश समितिका सदस्य सरोज साहले नेमकिपाले पार्टी प्रकाशनमार्फत जनतालाई पठन संस्कृतिको विकास गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा पनि सुसूचित गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति मिथिलेश यादवले जनताको राजनैतिक सचेतनाले मात्र देशमा परिवर्तन सम्भव हुने बताउनुभयो ।

# राजनीतिक दल नेमकिपाजस्तो हुनुपर्ने – आयोग अध्यक्ष

काठमाडौँ । राष्ट्रिय मानव अधिकार आयोगले भदौ २३ र २४ गतेको प्रदर्शनमा भएका मानवीय क्षति तथा भौतिक क्षतिको सम्बन्धमा छलफल गर्न बिहीबार राजनीतिक दलहरूसँग कार्तिक २६ गते छलफल कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "सरकारमा गएकाहरूले मानव अधिकारको प्रत्याभूति गर्न नसकेको हुँदा देशमा सङ्कट उत्पन्न भएको हो । नेपाल मजदुर किसान पार्टी स्थापना भएको ५२ वर्ष भयो । हाम्रो पार्टीका साथीहरू निर्वाचित भक्तपुर नगरपालिकाले २८ वर्षयता ख्वप कलेजहरू सञ्चालन गरी ७७ जिल्लाका विद्यार्थीहरूलाई इन्जिनियरिङसहित उच्च शिक्षा प्रदान गर्दै आएको छ । यसकारण, नेका, एमाले, माओवादीलगायत प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री भएका शासक पार्टीले देश र जनताको निःस्वार्थ सेवा नगरेको हुँदा अहिलेको सङ्कट उत्पन्न भएको हो ।"

उहाँले भन्नुभयो, "जनमत र संसदीय परम्पराविपरीत प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री बन्न जाने शासक दलहरूलाई अहिलेको सङ्कटको जवाफदेही बनाउनु आवश्यक छ । राजनीतिलाई देश र जनताको निःस्वार्थ सेवा नबनाउनेहरूलाई आजको सङ्कटको लागि जवाफदेही बनाउनु जरुरी छ ।"

"विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क पाउने र देशभित्र रोजगारी पाउने जनताको मानव अधिकार हो । देशलाई २७ खर्ब ऋणमा डुबाउने, कर्मचारीको तलब र पेन्सनसमेतको लागि विदेशीसँग ऋण लिने, झन्डै करोड युवालाई वैदेशिक रोजगारीमा पठाएर दाल, चामल, तरकारी, फलफूलसमेत भारतसँग किन्ने सरकारहरू आजका सङ्कटको जिम्मेवार हुन् ।" उहाँले थप्नुभयो ।

उहाँले भदौ २३ र २४ गतेको जनधनको क्षतिमा पनि सरकारमा गएका शासक दलका नेताहरूलाई जिम्मेवार बनाउनु जरुरी रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका गणेश विकले २३ गतेको घटनालाई मानव अधिकारको दृष्टिकोण र २४ गतेको घटनालाई अपराधको दृष्टिकोणले हेर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर थापामगरले नेका, एमाले, माओवादीलाई पनि बैठकमा आमन्त्रण गरेको तर उहाँहरू नआउनुभएको बताउनुभयो ।

उहाँले राजनीतिक दलहरू नेमकिपाजस्तै लोभलालच नराख्ने हुनुपर्ने आवश्यकता औँल्याउँदै मानव अधिकारका आधारभूत कुराहरूमा सबै एकजुट हुनुपर्ने उल्लेख गर्नुभयो ।

# वीरेन्द्रनगरमा वडा भेला

सुर्खेत, २९ कार्तिक । नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर वडा नं.२ मा वडा भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य एवम् पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले पार्टीको सिद्धान्तअनुसार काम गर्ने कार्यकर्ताको कर्तव्य भएकोले जनताको पक्षमा निरन्तर आवाज उठाउनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले पार्टी भनेको सिद्धान्त र विचार भएकोले विचारलाई जनतामाझ पुऱ्याउन हरेक पार्टी सदस्य लाग्नुपर्ने बताउँदै पार्टी नयाँ बनाउँदैमा परिवर्तन हुने भए विगतमा धेरै पार्टी नयाँ बनेको तर भागबन्डा र कमिसनमा लागेकोले नयाँ बनेको दलले पनि सत्तामा जाने भऱ्याङ बनाएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा वीरेन्द्रनगर नगर समिति अध्यक्ष शेरबहादुर शाही र प्रेम सिजापतीले पनि बोल्नुभएको थियो ।

भेलाले नरबहादुर वुढाको अध्यक्षतामा ९ सदस्यीय नेपाल मजदुर किसान पार्टी २ न वडा समिति गठन गऱ्यो ।

# सुडानका जनतालाई शान्तिले बाँच्न देऊ

✍ विजय प्रसाद

नोभेम्बर महिनाको आरम्भमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले भने, सुडानको कहालिलाग्दो सङ्कट नियन्त्रणबाहिर जाँदै छ।" उनले युद्धरत पक्षहरूलाई 'हिंसाको दुःस्वप्न तत्काल अन्त्य गर्न' अनुरोध गरे। युद्ध अन्त्य गर्ने मार्ग पनि छ तर त्यसतर्फ लाग्ने कुनै राजनीतिक मनोबल छैन। सन् २०२५ को मे महिनामा हामीले यो युद्धको इतिहासबारे लेखेका थियौँ। सन् २०१९ मा हामीले त्यो वर्ष भएको जनआन्दोलन र त्यसका परिणामबारे लेखेका थियौँ। हामी सुडानमा शान्ति चाहन्छौँ।

## सुडानमा के हुँदै छ ?

सन् २०२३ अप्रिल १५ मा 'सुडानी सशस्त्र बल' (एसएएफ) र 'तीव्र समर्थन बल' (आरएसएफ) बिच युद्ध सुरु भयो। सशस्त्र बलका नेता अन्तरिम सैन्य परिषद्का अध्यक्ष जर्नेल अब्देल फताह अल-बुर्हान हुन्। समर्थन बलका नेता लप्टन जर्नेल मोहमेद हमदान दगालो हुन्। उनलाई 'हेमेती' भन्ने गरिन्छ। त्यसयता विभिन्न विदेशी सरकारहरूको आड पाएर दुवै पक्ष भीषण युद्धमा छन्। यी युद्धमा मूलतः निर्दोष जनता मर्दै आएका छन्। कति मान्छे मरे यकिनसाथ भन्न सम्भव छैन। तर, मर्नेको सङ्ख्या सानो छैन। एक अध्ययनअनुसार सन् २०२३ अप्रिल र २०२४ जुलाईबिच मात्र साढे १ लाख मानिस मरेका थिए। दुवै पक्षले मानवताविरुद्ध कैयन अपराध गरेका छन्। विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाले ती अपराधको विवरण नै प्रकाशित गरेको अवस्था छ। जम्मा जनसङ्ख्या ५ करोड १० लाख भएकोमा कम्तीमा १ करोड ४५ लाख सुडानीहरूले थातथलो छाडेका छन्। अल फाशर, उत्तर डार्फर, कादुग्ली र दक्षिणी कोर्दोफानबिचको पूरै इलाकामा मानिसहरू चर्को भोक र भोकमरीको सामना गर्दै छन्। संयुक्त राष्ट्रसङ्घको पछिल्लो प्रतिवेदनअनुसार झन्डै २ करोड १२ लाख सुडानीहरू चरम खाद्य असुरक्षाको उच्च तहमा छन्। यो भनेको कूल जनसङ्ख्याको ४५ प्रतिशत हो। त्यस्तै, देशैभरिका ३ लाख ७५ हजार जनता भोकको 'विपत्तिपूर्ण' अवस्था वा भोकमरीको मुखमा छन्।

युद्ध सुरु भएदेखि लाखौँ जनता आन्तरिक विस्थापनमा परेका छन्। उनीहरूले अल फाशरमा शरण लिए। त्यो सहर 'सशस्त्र बल' को नियन्त्रणमा थियो। सन् २०२५ को अक्टोबरमा त्यहाँ २ लाख ६० हजार सर्वसाधारण थिए। यत्तिकैमा 'समर्थन बल' सहरको सुरक्षा घेरा तोड्दै भित्र पस्यो र अनेक नरसंहार मच्चाउन थाल्यो। त्यस नरसंहारका दस्तावेजी प्रमाण सर्वत्र पाइन्छन्। मारिनेमध्ये साउदी प्रसुति अस्पतालमा उपचार गराइरहेका ४६० बिरामी र तिनका हेरालुहरू थिए। यो सहर 'समर्थन बल' को हातमा गयो, डार्फर प्रान्तको ठुलो हिस्सा उसको हातमा गयो। अब 'सशस्त्र बल' को पकड पूर्वी सुडानमा मात्र छ। यसको अर्थ सुडान बन्दरगाहका साथै समुद्री र हवाई व्यापारका मार्गहरू तथा देशको राजधानी खार्तुम सहर अझै पनि 'सशस्त्र बल' कै हातमा छन्।

अहिलेलाई युद्ध निस्तेज हुने कुनै छाँट देखिन्न।

## किन लड्दै छन् 'सशस्त्र बल' र 'समर्थन बल' ?

यति ठुलो युद्धको कारण पनि लर्तरो हुन सक्दैन। राजनीतिक कारण प्रस्ट छ -सन् २०१९ को जनआन्दोलनले राष्ट्रपति ओमर अल-बशिरलाई सत्ताच्यूत गऱ्यो तर लगत्तै प्रतिक्रान्ति पनि भयो, सेनाबाट खोसेको सत्ता पुनः सेनाकै हातमा गयो। ओमर अल-बशिरले सन् १९९३ देखि सुडानको शासनसत्ता चलाउँदै आएका थिए। उनको कार्यकालको अन्त्यतिर सुडानमा महँगी र सामाजिक सङ्कटले चरम रूप लिएको थियो।

सन् २०१९ को जनआन्दोलनको पछाडि वामपन्थी र लोकप्रिय शक्तिहरू थिए। सुडानी कम्युनिस्ट पार्टी, राष्ट्रिय जनमत शक्ति, सुडानी पेशेवर सङ्गठन, सुडानी क्रान्तिकारी मोर्चा, सुडानी नागरिक तथा राजनीतिक समूहका महिलालगायत धेरै स्थानीय प्रतिरोध संस्था र टोल समितिहरूले त्यसमा भूमिका खेलेका थिए। उनीहरूले जननिर्वाचित सरकार नबन्दासम्म सेनालाई अभिभावकत्व लिन बाध्य पारे। अफ्रिकी युनियनको सहयोगमा 'सङ्क्रमणकालीन सार्वभौम परिषद्' को स्थापना भयो। यो परिषद्मा ५ जना सैन्य र ६ जना नागरिक प्रतिनिधि सदस्य थिए। अब्देल्ला हाम्दोकलाई प्रधानमन्त्री नियुक्त गरियो। नेमात अब्दुल्लाह खायर प्रधान न्यायाधीश नियुक्त भए। परिषद्मा अल-बुर्हान र हेमेती पनि थिए। जथाभावी मुद्रा छापेर र राज्यका सम्पत्ति निजीकरण गरेर सैन्य-नागरिक सरकारले अर्थतन्त्रलाई झन् बिगाऱ्यो। यसले गर्दा सुनको तस्करी सबैभन्दा नाफादायी पेशा बन्न पुग्यो र 'समर्थन बल' को पकड बलियो बन्दै गयो। (यो सरकारले इजरायलसँग सम्बन्ध सुधार गर्दै 'अब्राहम सम्झौता' मा हस्ताक्षर गरेको थियो। यो सम्झौताले प्यालेस्टिनको अस्तित्व अस्वीकार गर्छ।) सैन्य-नागरिक सरकारका नीतिहरूले स्थिति झन्झन् जटिल बन्दै गयो। अब सत्ता र सम्पत्तिको बोलवाला बढ्न थाल्यो। यहाँ सत्ताको अर्थ सुरक्षा निकायमाथिको पकड थियो र सम्पत्तिको अर्थ सुन व्यापारमाथिको पकड थियो।

परिषद्का सदस्य भए पनि अल-बुर्हान र हेमेतीले लगातार सत्ताविद्रोह गर्ने प्रयास गरिरहे। सन् २०२१ मा उनीहरू सफल भए। सरकारबाट नागरिक प्रतिनिधिहरूलाई पन्छ्याएपछि यी दुई सैन्य नेता एकअर्काविरुद्ध जाइलागे। 'सशस्त्र बल' का अफिसरहरूले राज्यका निकायहरूमाथि पकड जोगाउन खोजे। सन् २०१९ सम्ममा देशको कूल बजेटको ८२ प्रतिशत स्रोत सेनालाई जान्थ्यो। (सन् २०२० मा प्रम अब्देल्ला हाम्दोकको पालामा स्थिति फेरिएको थिएन।) सेनाले देशको आर्थिक मामिलामा पनि आफ्नो पकड बलियो पार्न थाल्यो। 'सशस्त्र बल' को नियन्त्रणमा रहेको प्रतिरक्षा उद्योग प्रणालीले २०० भन्दा बढी कम्पनीको सञ्चालन गर्थ्यो। (यसबाट वर्षको २ अर्ब राजस्व आउँथ्यो।) यसरी, 'सशस्त्र बल' ले सुडानको औपचारिक अर्थतन्त्रमा उल्लेख्य भाग ओगट्यो। उसले खानी उद्योग, टेलिसञ्चार र उपभोग्य सामानको आयात-निर्यातमा पकड जमायो। उता 'समर्थन बल' को शक्ति 'जान्जाविद' (घोडचढी भूत) मिलिसिया थियो। उसले 'अल जुनैद बहुकार्य कर्पोरेसन' लाई केन्द्र बनाएर आफ्नो अलग्गै युद्ध अर्थतन्त्र चलायो। यो कर्पोरेसनले डार्फरका प्रमुख सुनखानी क्षेत्रमा पकड जमायो। यसबाहेक जेबेल अमेरलगायत करिब आधा दर्जन सुनखानी पनि यही कर्पोरेसनको हातमा छन्। सुडानको कूल सुन उत्पादनको ५०-८० प्रतिशत सुन तस्करीमा जान्छ। (यो सन् २०२२ को तथ्याङ्क हो।) सुन तस्करीको मुख्य गन्तव्य कतार हो। पश्चिम सुडानका सुनखानीमा उत्पादन हुने सुनमाथि 'समर्थन बल' को दबदबा छ। (यो क्षेत्रमा उत्पादन हुने सुनले कुल उत्पादनको ८०-८५ प्रतिशत ओगट्छ। 'समर्थन बल' ले सुन तस्करीबाट प्रतिवर्ष अकूत धन कमाउँछ। (एक अध्ययनअनुसार डार्फर क्षेत्रका सुनखानीबाट मात्र सन् २०२४ मा ८६ करोड डलर आमदानी भएको थियो।)

राजनीतिक र भौतिक हानथापपर्तिर सङ्कट चर्काउने अर्को पक्ष हो पर्यावरणीय दबाब। डार्फरमा चलेको लामो द्वन्द्वका एउटा कारण साहेल क्षेत्रको खडेरी पनि हो। पृथ्वीको जलवायुमा आएको विपत्तिका कारण धेरै दशकदेखि सो क्षेत्रलाई अनियमित वर्षा र तापलहरले गाँज्यो। यसले गर्दा सहारा मरुभूमि झन्झन् दक्षिणतिर सर्दै गयो। पानीका स्रोतको लागि द्वन्द्व चर्कियो। घुमन्ते जाति र स्थायी बसोबास गर्ने किसानबिच झडपहरू बढे। सुडानका आधा जनता अहिले चरम खाद्य असुरक्षामा बाँचिरहेका छन्। तीव्र जलवायु परिवर्तनले हावापानीमा उत्पात मच्चाएको छ। यस्तो बेला जनताको हितमा अनुकूल आर्थिक योजना बनाउनमा सुडानका शासकहरू असफल देखिएका छन्। बरु मुठ्ठीभर कुलिनहरू यतिबेला देशको प्राकृतिक सम्पदाको लुछाचुँडीमा लागेका छन्। यसले गर्दा सुडान लामो समयका लागि द्वन्द्वको चपेटामा पर्ने देखिँदै छ। यो युद्ध केवल दुई व्यक्तिबिच जुँगाको लडाइँ मात्र होइन। यो युद्धविदेशी शक्तिहरूबिच सुडानी स्रोतसाधनको पैठारी गर्ने र लुटपाट गर्ने सङ्घर्ष पनि हो। पुनः एकपल्ट युद्धविराम सम्झौताको मस्यौदा तयार छ। तर, यसमा हस्ताक्षर हुने सम्भावना कम छ। सुडानी स्रोतसाधनको तस्करीबाट विभिन्न हतियारधारी समूहहरूले जहिलेसम्म खल्ती भर्न पाउँछन् तैलेसम्म युद्धविरामको सम्भावना न्यून छ।

## सुडानमा शान्तिका सम्भावना के-कति छन् ?

सुडानमा शान्ति कायम गर्न ६ तत्त्व चाहिन्छ :

१. तत्काल र नियन्त्रित युद्धविराम गरेर जनताका लागि खाद्यान्न र औषधीलगायत राहत सामग्री पुऱ्याउनका लागि मानवीय मार्ग बनाउनुपर्छ। यी मार्ग प्रतिरोध समितिहरूको नेतृत्वमा रहनुपर्छ। किनभने, अहिलेलाई तिनीहरू नै विश्वासिला प्रजातान्त्रिक शक्ति हुन्। साथै, त्यहाँ सिधै अत्यावश्यक सहायता आपूर्ति गर्नका लागि तिनै समितिहरूको सञ्जाल तयार गर्नुपर्छ।
२. युद्ध अर्थतन्त्र बन्द गर्नुपर्छ। खासगरी सुनखानी र हतियार आपूर्ति गर्ने पाइपलाइनहरू बन्द हुनुपर्छ। यसको लागि कतारलाई हतियार बेच्ने र त्यहाँबाट सुन किन्ने कार्यमाथि विश्वले कडा प्रतिबन्ध लगाउनुपर्छ। कतारले 'सशस्त्र बल' सँग सम्बन्ध नतोडेसम्म यो प्रतिबन्ध हटाउनुहुन्न। साथै, पोर्ट सुडानबाट हुने निर्यातमा कडा नियन्त्रण गर्नुपर्छ।
३. राजनीतिक निर्वासनमा रहेका व्यक्तिहरूलाई सुरक्षित रूपमा फर्काउनुपर्छ र जननिर्वाचित सरकारको नेतृत्वमा राजनीतिक संस्थानहरूको पुनर्निमाण गर्नुपर्छ। त्यो सरकारलाई प्रतिरोध समितिजस्ता जनताका सङ्घसङ्गठनको समर्थन हुनुपर्छ। 'सशस्त्र बल' को सम्पूर्ण राजनीतिक शक्ति र आर्थिक शाखाहरू खोसेर उक्त सरकारको मातहतमा ल्याउनुपर्छ। 'समर्थन बल' लाई निःशस्त्र पारेर विघटन गर्नुपर्छ।
४.तत्कालै सुडानको सर्वोच्च अदालतको पुनःसंरचना गर्नुपर्छ। यसबिच भएका अत्याचारका लागि जिम्मेवार सबैमाथि छानबिन गरेर दोषीमाथि कारबाही हुनुपर्छ।
५. तत्कालै जवाफदेही परिपाटी बसाल्नुपर्छ। सुडानको उपयुक्त संवैधानिक अदालतबाट युद्ध सरदारहरूलाई दण्डित गर्नुपर्छ।
६. सुडानको योजना आयोगनको तत्काल पुनःसंरचना गर्नुपर्छ। वित्त मन्त्रालयले निर्यातबाट हुने अतिरिक्त मुनाफालाई जनताका उपभोग्य सामग्री तथा सामाजिक सुरक्षामा सार्नुपर्छ।


यी ६ बुँदा अफ्रिकी युनियन र विकासका लागि अन्तरसरकारी प्राधिकरणले तय गरेका तीन आधारभूत सिद्धान्तमा आधारित छन्। यी दुई निकायले सन् २०२३ सुडान द्वन्द्व समाधानका लागि यो मार्गचित्र प्रस्तुत गरेका थिए। यो मार्गचित्रजस्ता प्रस्तावको एउटै समस्या हुन्छ। यिनीहरू दातृसंस्थामा निर्भर हुन्छन्। हिंसामा संलग्नहरूले नै यस्ता मार्गचित्र कोर्न खर्च दिन्छन्। माथि उल्लेख समाधानका ६ बुँदा कार्यान्वयन गर्न बाह्य शक्तिहरूमाथि दबाब दिनुपर्छ। 'सशस्त्र बल' र 'समर्थन बल' लाई विदेशी शक्तिले दिँदै आएको आडभरोसा बन्द गर्न दबाब दिनुपर्छ। यस्ता शक्तिमा इजिप्ट, युरोपेली युनियन, कतार, रुसिया, साउदी अरब, कतार र संरा अमेरिका पर्छन्। तिनीहरूको मार्गचित्र वा साउदी-अमेरिकाको संयुक्त पहलमा सन् २०२३ मा बनाइएको जेदाह च्यानलबाट पनि समाधान आउनेछैन। किनभने, यस्ता समाधानले अल्पकालीन फाइदा र मानवीय राहतका कुरा मात्र गर्छन्। यिनले प्रतिरोध समितिजस्ता सुडानी जनसङ्गठनलाई बेवास्ता गर्छन्। सुडानमा आफ्ना देश र जनताका पीडा र कष्ट गाउने कविहरू जन्माएको छ। तिनैमध्ये एक कविबाट यो लेखको बिट मारौँ। सन् १९६१ म कम्युनिस्ट कवि ताज अल-सिर अल-हसन (१९३५-२०१३) ले एउटा कविता लेखे। शीर्षक थियो - एक अफ्रो-एसियाली गीत। यो कविता सन् १९५६ मा जौदेहमा मच्चाइएको कोस्ती नरसंहारबाट सुरु हुन्छ। त्यो नरसंहारमा प्रहरीले १९४ हडताली किसानहरूलाई हिरासतमा सास थुनेर मारेका थिए। तर, कविताको पुछारमा कविआवाज विष्फोटभन्दा चर्को बनेको छ :

*अफ्रिकाको मुटुमा*
*अगुवा दस्तामा उभिएको छु म*
*बाङडुङसम्म फैलिएको छ मेरो आकाश।*
*जैतुनका बुट्यान मेरा ओत र आँगन हुन्।*
*ए मेरा कामरेडहरू,*
*ए अगुवा कामरेडहरू,*
*मेरा मान्छेलाई गौरवतर्फ लम्काउनेहरू*
*तिम्रो दियो मेरो मुटुमा भिजेर हरियो बन्दै छ।*
*अब अन्तिम हरफ गाउँछु म,*
*मेरो प्यारो भूमिका लागि;*
*एसियाली साथीहरूका लागि;*
*मलायाका लागि*

गाउँछु म जुर्मुराउँदो बाङडुङका लागि।

अल फाशरका जनता, खोर्तुमका जनता, पोर्ट सुडानका हाम्रा कामरेडहरू शान्तितर्फ पाइला चालौँ।

*(विजयप्रसाद भारतीय इतिहासकार, सम्पादक र पत्रकार हुन्। उनी लेफ्टवर्ड बुक्सका सम्पादक हुन् भने सामाजिक अनुसन्धान संस्थान 'ट्राइकन्टिनेन्टल' का निर्देशक हुन्। चीनको रेनमिन विश्वविद्यालयमा उनी वरिष्ठ गैरआवासीय विज्ञको रूपमा कार्यरत छन्। 'अँध्यारा देशहरू' र 'गरिब देशहरू' लगायत उनका २० भन्दा बढी पुस्तक प्रकाशित छन्। 'सङ्घर्षले हामीलाई मानव बनाउँछ' (नोम चोम्स्कीसँग मिलेर) र 'फिर्ती : इराक, लिबिया, अफगानिस्तान र अमेरिकी सत्ताको कमजोरी' उनका पछिल्ला पुस्तक हुन्।*
*स्रोत : एमआर अनलाइन ।सम्यक)*



# सुडानमा युद्धको निसानामा महिला र बालबालिका

✍ रीना घेलानी

दिनहुँको गोलाबारीबाट बच्न निरन्तर दिनरात हिँड्ने कल्पना गर्नुहोस् । तपाईं आफ्नो बच्चालाई काखमा बोक्नुहुन्छ, ड्रोन आक्रमणबाट बच्न अँध्यारो रातमा डोऱ्याउनुहुन्छ । तपाईंसँग खाना छैन, प्यास मेट्ने पानी छैन र जानका लागि कतै सुरक्षित ठाउँ छैन । यो डार्फर र सुडानभरका परिवारको नियति हो, जहाँ नागरिक फसेका छन्, उनीहरूलाई निसाना बनाइएको छ र देश क्रूर युद्धको तेस्रो वर्षमा प्रवेश गर्दै गर्दा उनीहरू आतङ्कित छन् । एल–फसेर र डार्फरका अन्य भागका सम्पूर्ण समुदाय घेराबन्दीमा परेका छन् । भाग्न खोज्नेमाथि बारम्बार आक्रमण गरिन्छ, बाँकी रहेकाहरूले भोकमरी, हिंसा र रोगको सामना गर्छन् । आक्रमणको निसानामा महिला र बालबालिका परेका छन्, जो सबैभन्दा बढी पीडित छन् । यौनहिंसाले त महामारीकै रूप लिएको छ । महिला र बालिकालाई अपहरण गरिन्छ, दिनको समयमा सशस्त्र समूहका लागि काम गर्न बाध्य पारिन्छ । त्यसपछि प्राय: रातमा अन्यको अगाडि आक्रमण गरिन्छ । बलात्कारबाट गर्भवती भएका केही बालबालिका यति साना र कुपोषित छन् कि उनीहरू स्वास्थ्यसम्बन्धी विभिन्न जटिल समस्याबाट पीडित छन् ।

अपराधीले अब आफ्ना अपराध लुकाउने चेष्टा गर्दैनन् । हिंसा यति व्यापक भएको छ कि मुद्दा रेकर्ड गर्दा वा दस्तावेजीकरण गर्दा तपाईंको ज्यान जान सक्छ । उत्तरी डार्फरको ताविलामा ‘डाक्टरर्स विदाउट बोर्डर्स’द्वारा सञ्चालित एउटा मात्र क्लिनिकले बलात्कारपीडितहरूको हेरचाह गर्न सक्छ । किशोरहरू पनि द्वन्द्वमा तानिएका छन् । विगत १० दिनमा बालबालिकाले भरिएका तीनवटा ट्रक न्यालातर्फ जाँदै गरेको रिपोर्ट गरिएको थियो, जबकि दक्षिण डार्फरमा बालबालिकालाई हतियार बोकाएर युद्धमा लड्न पठाइँदै छ । परिवारका अधिकांश सदस्य अप्रत्यासित ढङ्गले बेपत्ता भइरहेका छन् ।

सशस्त्र समूह र आपराधिक गिरोहको निसानामा सहायताकर्मी पनि परेका छन् । फिरौतीका लागि उनीहरूलाई अपहरण गरिएको छ, आक्रमण गरिएको छ, कहिलेकाहीँ हत्या गरिएको छ, किनकि मानवीय संस्थाले रकम तिर्न सक्छन् भन्ने सशस्त्र समूहले विश्वास गर्छन् । सहायता वितरण गर्नेहरूमध्ये धेरै सुडानी महिला हुन्, जसले अरूलाई खाना, पानी र सुरक्षा सेवा ल्याउन हरेक दिन आफ्नो ज्यान जोखिममा पार्छन् । सहयोग गरेको भन्दै हतियारधारी र सशस्त्र समूहले उनीहरूलाई आक्रमण गर्ने चेतावनी दिएका छन् ।

हिंसाले जातीय आयाम पनि लिएको छ । एक विस्थापित व्यक्तिले हामीलाई भने, ‘म फर्कन सक्दिनँ, तिनले मेरो छालाको रङ्गबाट थाहा पाउनेछन् कि म कुन जातिको हुँ । तिनले मलाई मार्नेछन् ।’ सुडानमा अहिले विश्वको सबैभन्दा ठुलो मात्रामा विस्थापनको सङ्कट देखिएको छ । विस्थापनको समस्या गम्भीर मानवीय आपतकालमध्ये एक हो । तीन करोडभन्दा बढी सुडानीलाई तत्काल सहयोगको आवश्यकता छ । पन्ध्र करोडलाई आफ्नो घरबाट जबर्जस्ती बाहिर निकालिएको छ । भोकमरी र हैजा द्रुतगतिमा फैलिरहेका छन् । युद्धका कारण क्लिनिकहरू ध्वस्त भएका छन्, विद्यालय बन्द छन् र एक करोड ३० लाख बालबालिका विद्यालयबाहिरै छन् । विद्यार्थीको शिक्षा र भविष्य खतरामा परेको छ ।

तर, यो विनाशबिच पनि सुडानी महिला सङ्गठनहरूले प्रतिक्रियाको नेतृत्व गरिरहेका छन् । तिनीहरू सुरक्षित ठाउँ सञ्चालन गरिरहेका छन्, हिंसाबाट बचेकाहरूलाई सहयोग गरिरहेका छन् र बालबालिकालाई जहाँ सकिन्छ, त्यहाँ सिकाइरहेका छन् । तिनीहरू आफ्नो समुदायलाई चिन्छन् र निरन्तर खतराका बाबजुद आफ्नो काम जारी राख्छन् । तिनको साहस प्रशंसायोग्य छ ।

यद्यपि, मानवीय प्रतिक्रियाका लागि सहयोगस्वरूप न्यून रकम दिइएको छ । सुडानमा आवश्यक पर्ने रकमको लगभग एकचौथाइ मात्र प्राप्त भएको छ । तत्काल स्रोतसाधन जुटाउन नसकेमा लाखौँ मानिस खाना, चिकित्सा हेरचाह वा आश्रयविना रहनेछन् र भोकमरी बढ्नेछ । महिला र बालबालिकाका लागि संरक्षण र मनोसामाजिक सहयोग कोष वैकल्पिक होइन । यो जीवन बचाउने विषय हो । यो हिंसाको मात्र होइन, बरु उदासीनताको सङ्कट पनि हो । हरेक दिन संसारले टाढा हेर्छ, धेरै जीवन गुम्छ र धेरै भविष्य मेटिन्छन् । अन्तर्राष्ट्रिय समुदायले



यौनहिंसा, जातीय हत्या र सहायताकर्मीमाथि आक्रमणलगायत युद्ध अपराधको अनुसन्धानलाई समर्थन गर्नुपर्छ । मौनता तटस्थता होइन । मौनताले भयावहतालाई निरन्तरता दिएको छ ।

सुडान सङ्कट समाधानका लागि हामीले अहिले नै तुरुन्तै कदम चाल्नुपर्छ । सरकार र दाताले मानवीय प्रतिक्रियाका लागि पूर्ण रूपमा कोष जुटाउनुपर्छ र सहायता प्रदान गर्नेहरूको पहुँच सुनिश्चित गर्नुपर्छ । उनीहरूले सबै पक्षलाई नागरिकमाथि तुरुन्तै आक्रमण रोक्न, भाग्नेहरूका लागि सुरक्षित मार्ग सुनिश्चित गर्न र लडाइँबाट अलग्गिएकालाई राहत कार्य सहज बनाउन दबाब दिनुपर्छ । मानवीय कार्यमा जुटेका व्यक्ति र तल्लो तहका संस्थाले आफ्नो जीवन जोखिममा पारिरहेका छन्, ताकि अरूहरू बाँच्न सकून् ।

सबैभन्दा महत्त्वपूर्ण सुडानका महिला र किशोरीलाई शान्तिप्रतिको प्रत्याभूति गर्ने अधिकार दिइनुपर्छ । तिनीहरू पहिले नै अराजकताबिच सङ्गठित, आश्रय र पुनर्निर्माण गरेर नेतृत्व गरिरहेका छन् । तिनको साहसले सुडानले अझै पनि बन्न सक्ने देशको झलक दिन्छ ।

*(घेलानी प्लान इन्टरनेसनलकी सिइओ हुन्)*
*अलजजिराबाट*

# भारतीय मूलका अमेरिकी किन ममदानीलाई घृणा गर्छन् ?

✍ निष्ठा गौतम

एक भनाइ छ, जीवनमा सबै प्रकारका दु:ख सहने बानी पार्न सकिन्छ, तर प्रतिद्वन्द्वी निरन्तर सफलताको सिँढी चढेको हेर्न भने असह्य पीडा हुन्छ । झन् प्रतिद्वन्द्वीले सबै तगारा पन्छाउँदै



सफलता हासिल गरेमा पीडा झन् बढी हुन्छ । खासमा यस प्रकारको दु:ख घृणाबाट सुरु हुन्छ र घृणामै समाप्त हुन्छ । न्युयोर्क सहरको मेयर बनेपछिको विजय सभामा ‘धुम मचाले’ को धुनमा नाचेका सहरका १११ औं मेयर जोहरान क्वामे ममदानीलाई घृणा गर्नेहरू भारतीय र अमेरिकी उल्लिखित एउटै असहनीय दु:खले थिचिएका छन् ।

ट्रम्प प्रशासनले भिसा नीति बदलेर अमेरिकामा बसिरहेका एनआरआईलाई समस्यामा पारेको र नयाँ आप्रवासी बन्न चाहनेलाई कठिनाइ थपेको धेरै भएको छैन । तैपनि, भारतीयहरू अझै ट्रम्पकै बोलीमा बोली मिलाउँदै ममदानीको विरोध गर्दै छन् । हुन त भारतीय रुढिवादीमा यस्तो हिस्सा पनि छ, जो आफ्नो विभाजनकारी विचारलाई समर्थन नगर्ने अर्को भारतीयलाई ‘भारतीयपनमाथि घृणा गर्ने’ आरोप लगाउँछन् । अहिले आएर त्यो आरोप तिनैको निधारमा टाँसिएको छ ।

अति रिसले अन्धाधुन्ध बन्चरो चलाएझैँ रुढिवादी भारतीयले अहिले जातीय घृणा र भेदभावको भावना मलजल गरिरहेका छन् । यस क्रममा ममदानीविरुद्ध ती भारतीय मूलका अमेरिकी श्वेत सर्वोच्चतावादीसँग उभिन पुगेका छन् । आफ्नो धार्मिक पहिचान (मुस्लिम), समाजवादी विचारधाराप्रति कुनै दोषी भाव नदेखाएर ममदानी धेरै गैरआवासीय भारतीयका लागि असहज प्रतिनिधि बनेका छन् । अझ, प्यालेस्टाइनमाथिको दमनका लागि इजरायलको आलोचना गरेको र कुनै मुद्दामा आफ्नै सरकारको आलोचना गरेकै कारण उनलाई सरिया–समर्थक भन्ने हदसम्मको आक्रमण गरिँदै छ ।

दुई दशकअघि इस्लामिक अतिवादको सबैभन्दा क्रूर रक्तपात सामना गरेको न्युयोर्क सहरको मेयर पदमा उठेका ‘मुस्लिम’ ममदानीविरुद्ध पुरानो डरको भावना उचाल्न भरमग्दुर प्रयास गरियो । ममदानीको मुस्लिम पहिचान बारम्बार उल्लेख गरेर न्युयोर्कवासीलाई ११ सेप्टेम्बरको घटना कसले गरेको थियो, सम्झना दिलाउने प्रयास गरियो । मानौँ, यस पृथ्वीका हरेक मुस्लिम तिनको धर्मको सबैभन्दा अतिवादी तप्काले मच्चाउने हिंसामा संलग्न हुन्छन् । मानौँ, मुस्लिमले अतिवादका योजनाकार वा समर्थक हुनुबाहेक अरू कुनै पहिचानको दाबी गर्न सक्दैनन् । मानौँ, एक मुस्लिमले जीवनभर तिनका सहधर्मीले गरेका कुकर्मका लागि क्षमा माग्दै हिँड्नुपर्छ । यस्तोमा, ममदानीले मुस्लिम पहिचान लुकाउनुभन्दा गर्व गरेरै हासिल गरेको जितमा तिनले ठुला झट्का महसुस गरेका छन् । जित रोक्न नसकेपछि तिनै तप्का अहिले विभिन्न अर्थशास्त्रीको हवाला दिँदै ममदानीले आफ्ना चुनावी वाचा पूरा गर्छन् कि गर्दैनन् भन्नेमा मोडिएका छन् । जब कि, उनले विश्वकै महँगोमध्ये एक यस सहरलाई थोरै भए पनि सहज बनाउने नीति लागु गर्ने बताएका छन् ।

न्युयोर्क सहरको मेयर निर्वाचनमा खसेको मत–विश्लेषणले भारतीय मूलका मानिस बस्ने बस्तीमा ममदानीले खासै मत नपाएको देखाउँछ । ममदानीप्रति अधिकांश भारतीयको घृणाको जरा पहिचान र विचारधारामा जोडिन्छ । हिन्दु राष्ट्रवाद र जातीय विशेषाधिकारको आलोचना गर्ने ममदानीको कदमले यस विभाजनकारी सांस्कृतिक वातावरणबाट लाभ पाइरहेकालाई क्रोधित बनाउनु स्वाभाविक हो । अझ, विदेशी भूमिबाट भारतीय अन्तरविरोधका कुनै पक्षमाथि पनि टिप्प्णी गर्नुलाई विश्वासघातका रूपमा हेर्नेहरूसमेत क्रुद्ध बने ।

चुनावी अभियानको सुरुतिरै मोदीको हिन्दुवादी राजनीति र भारतमा जरा गाडेको जात–व्यवस्थाप्रति ममदानीले आलोचनात्मक टिप्पणी गरेका थिए । त्यसपछि भारतीय ह्वाट्सएप ग्रुप र अनलाइन फोरममा उनी ‘भारतविरोधी’ वा ‘हिन्दुविरोधी’का रूपमा चिनिन थाले । तर, यस्तो आरोपले ममदानीको वास्तविक अडानभन्दा आरोप लगाउनेहरूकै असुरक्षा देखाउँछ । पछिल्लो समय, समाजिक सञ्जालमा असहमति छिट्टै व्यक्तिगत आरोप र बदनामीमा परिणत हुनु आमप्रवृत्ति हो । यस्तोमा, खुला रूपमा वामपन्थी बताउने ममदानीको भाडामा बस्नेहरूको अधिकारको वकालत र प्यालेस्टाइनीप्रतिको मुखर समर्थनले उनी आमभारतीयलाई अमेरिकामा बताइने गरको ‘मोडेल (आदर्श) अल्पसङ्ख्यक’ को छविलाई चुनौती दिन्छ । ममदानीले मूलधारको अमेरिकामा आदर्श मानिने व्यापरिक केन्द्र ‘वाल स्ट्रिट’ भन्दा पनि न्युयोर्कको कला र विद्रोहको केन्द्र ‘वेस्ट भिलेज’लाई प्रतिनिधित्व गर्छन् । यही कारणले अमेरिकानिवासी गैरआवासीय भारतीय (एनआरआई) हरू उनीसँग जोडिएर चिनिन त्रसित भएका हुन् ।

आजको विखण्डित अमेरिकी राजनीतिक परिदृश्यमा धार्मिक, जातीय वा वैचारिक पहिचान लुकाउन अस्वीकार गर्नु आफैँमा एक विद्रोह बन्दै छ । यस्तोमा ममदानीको विजयले उनले ओगट्ने पदलाई मात्र नभई समग्र सांस्कृतिक परिवर्तनलाई नै प्रतिनिधित्व गर्छ । न्युयोर्कका समग्र मतदाताले भयको राजनीतिलाई अस्वीकार गर्दै नैतिक अडानलाई समर्थन गर्ने इच्छाशक्ति देखाएका छन् ।

अहिले अमेरिकामा रिपब्लिकन पार्टीले गुनासोको राजनीति गर्दै छ, जसलाई सोही पार्टीका राष्ट्रपतिले नै नेतृत्व गर्दै छन् । यस परिदृश्यमा ममदानीले प्रतिनिधित्व गर्ने इमानदारी र सक्रियताको राजनीति एक महत्त्वपूर्ण परिवर्तन हो । सायद, यो आफैँमा एक मौन क्रान्तिको अभिव्यक्ति हो, राजनीतिमा करुणाको पुनरोदय । तर, करुणाको यस राजनीतिमा सहभागी हुने अवसर भारतीय मूलका अमेरिकीहरूले भने छुटाएका छन् ।

*(गौतम लेखिक र शिक्षाविद् हुन् ।)*
*- एनडिटिभीबाट*

# कार्की सरकारलाई करको झमेला, डोल्मा इम्प्याक्टलाई लाभ करमा उन्मुक्ति !



रामप्रसाद प्रजापति

**कर कानुन : ठुलाले तिर**

कर कानुनको माध्यमबाट सरकारले राजस्व सङ्कलन गर्दछ । कर जनताले इच्छा नगर्दा नगर्दै पनि सरकारले लगाउन सक्दछ, किनकि कल्याणकारी उद्देश्य पूरा गर्ने राज्यको कर लगाउने र असुल उपर गर्ने विशेष अधिकार रहेको मानिन्छ ।

कर लगाउने कुरा पूर्णत: विधायिकाको अधिकार क्षेत्रभित्र पर्ने कुरा मानिन्छ । कर लगाउनुपूर्व कसरी, किन, के कति, को कसलाई कर लगाउने भन्ने नीतिगत कुरामा विधायिकाले व्यापक छलफल गर्ने गर्दछ ।

नेपालको संविधान २०७२ का विभिन्न धाराहरूमा कर तथा राजश्वसम्बन्धी संवैधानिक व्यवस्था रहेको पाउँछौँ ।

मौलिक हकअन्तर्गत धारा २५ को सम्पत्तिको हकसम्बन्धी संवैधानिक व्यवस्थाको प्रतिबन्धात्मक वाक्यांशमा "राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन सक्ने" व्यवस्था गरेको पाइन्छ ।

राज्यशक्तिको बाँडफाँडअन्तर्गत धारा ६० मा राजस्व स्रोतको बाँडफाँड शीर्षकमा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्रभित्र परेका विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने अधिकार दिएको छ ।

धारा ११५ बमोजिम सङ्घले, धारा २०३ बमोजिम प्रदेशले र धारा २२८ बमोजिम स्थानीय तहमा स्थानीय सरकारले कानुनबमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन भनी रोक लगाएको पाइन्छ ।

सारमा कानुनबमोजिम जनप्रतिनिधिमूलक संस्थाहरू, सङ्घमा प्रतिनिधिसभा, प्रदेशमा प्रदेश सभा र स्थानीय तहमा स्थानीय व्यवस्थापिका (नगरसभा/गाउँसभा) मा छलफल गरी जारी गरिएको कानुनबमोजिम बाहेक कुनै कर लगाउन नमिल्ने कर कानुनको सिद्धान्तलाई अङ्गीकार गरेको देखिन्छ ।

कानुनबमोजिम बाहेक कर लगाउन हुँदैन भन्नुको तात्पर्य कर लगाउन मात्र होइन, कर उठाउने कुरा पनि कानुनबमोजिम नै व्यवस्थित हुनुपर्दछ भन्ने हो ।

नेपालमा प्राकृतिक व्यक्ति तथा कानुनी व्यक्तिले कारोबार गरेको तथा कारोबारमा भएको आम्दानीमा आयकर ऐनबमोजिम निर्धारित आयकर तथा सम्पत्ति वा शेयर खरिद बिक्री गर्दा हुने नाफामा लाभ कर लाग्ने कानुनी व्यवस्था गरेको पाइन्छ ।

**डोल्मा इम्प्याक्टलाई करिब ३० करोड कर छुट !**

जेनजी प्रदर्शनपछि गठित तर हालसम्म पूर्णता नपाएको कार्की सरकारका अर्थमन्त्री रामेश्वर खनालले केही वर्षदेखि कर छुटका लागि अघिल्लो सरकारका पालादेखि लबिङ गर्दै गरेका डोल्मा इम्प्याक्टलाई करिब २९ करोड ४४ लाख पुँजीगत लाभकर छुट दिने विवादास्पद निर्णय गरेको छ ।

निर्णय सार्वजनिक भएलगत्तै अर्थमन्त्री रामेश्वर खनाल डोल्मा इम्प्याक्ट फन्टको पक्षमा सार्वजनिक टीकाटिप्पणी गर्न थालेको देखिन्छ भने कर कानुनका विज्ञहरू एवं सर्वोच्च अदालतका पूर्व फैसला (नजिर) अनुसार डोल्मा इम्प्याक्टले लाभ कर छुट नपाउने बताइन्छ ।

डोल्मा इम्प्याक्ट मोरिसस भन्ने देशमा दर्ता भएको कम्पनी हो । जुन कम्पनीमा मोरिससका नागरिकको लगानी जम्मा शून्य दशमलव पचहत्तर (०.७५) मात्र रहेको बताइन्छ । अन्य ९९.२५ प्रतिशत लगानी अन्य विभिन्न देशका नागरिकहरूको रहेको उक्त कम्पनीले नेपालमा करिब डेढ दर्जन कम्पनीहरूमा लगानी गरेको देखिन्छ ।

जुनसुकै कम्पनी वा व्यक्तिले गरेको आयमा आयकर ऐनबमोजिम कर तिर्नुपर्ने हुन्छ भने कम्पनीको शेयर (अंश) खरिद बिक्री गर्दा हुने कारोबारमा बिक्री गर्ने कम्पनीले आफूले सो कम्पनीको शेयर खरिद गर्दा भएको लगानीभन्दा बढी रकम प्राप्त गरेको खण्डमा बढी रकम अर्थात् नाफा भएको रकममा लाभकर तिर्नुपर्ने हुन्छ ।

त्यस्तो लाभकरलाई पुँजीगत लाभ कर भनिन्छ । जुन नेपालमा आयकर ऐन, २०५८ बमोजिम २५ प्रतिशत कर तिर्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा ५(ख) मा नेपालसँग सन्धी गर्ने मुलुकमा दर्ता भएको कम्पनीमा उक्त मुलुकका नागरिकको ५० (पचास) प्रतिशतभन्दा कम लगानी भए कर छुट नपाउने प्रस्ट व्यवस्था छ ।

यसका बाबजुट अर्थमन्त्री रामेश्वर खनालले डोल्मा इम्प्याक्ट फन्डलाई नेपाल र मोरिससबिच दोहोरो करमुक्ति सम्झौता (सन्धि) भएको कम्पनी मानेर करिब २९ करोड ४४ लाख रुपैयाँ बराबरको लाभ कर छुट दिने निर्णय गरेको हो ।

उक्त निर्णय विवादमा आएपछि मुख्य सचित एकनारायण अर्यालले तत्काल निर्णय प्रमाणीकरण नगर्ने जानकारी दिएको समाचार छ । मुख्य सचिवले मन्त्रीको निर्णय प्रमाणीकरण गर्नुपर्ने प्रावधान छ ।

डोल्माले आफ्नो करिब २६ लाख कित्ता शेयर बापत १ अर्ब १७ करोड रुपैयाँ नाफा हुने गरी मकर जितुमाया सुरी हाइड्रोपावर कम्पनीलाई शेयर बिक्री गरेको थियो । सोबापत डोल्मा इम्प्याक्टले नेपाल सरकारलाई करिब २९ करोड ४४ लाख रुपैयाँ लाभकर बुझाउनुपर्ने हो ।

**एनसेलको लाभ कर विवाद**

विगतमा पनि लाभ करका सम्बन्धमा ठुला करदाता कार्यालय र विभिन्न कम्पनीहरूबिच लाभकर छुटसम्बन्धी विवाद हुने गरेकै हो । त्यसमध्ये एनसेलको विवाद एक चर्चित विवादको रूपमा लिने गरेको पाइन्छ ।

बेलायतमा दर्ता भएको डोल्मा जस्तै हैसियतको एजिएटा भन्ने कम्पनीले एनसेल खरिद गरेपछि ठुला करदाता कार्यालयले कम्पनीलाई करिब ६२ अरब ६३ करोड रुपैयाँ लाभ कर तिर्न पत्राचार गऱ्यो ।

बेलायतमा दर्ता भएको एजिएटा कम्पनीले एनसेलको करिब ८० प्रतिशत शेयर टेलियासोनेरा भन्ने कम्पनीसँग खरिद गरेको थियो ।

कम्पनीले सरकारमा रहेका नेकपा माओवादी र नेकपा एमाले तथा नेपाली काङ्ग्रेसका नेताहरूसँगको मिलेमत्तोमा कर तिर्न नपर्ने वातावरण तयार गरेको समाचार सार्वजनिक भयो । प्रत्येक राजनीतिक दलहरूले अरबौँ रुपैयाँ एनसेल कम्पनीसँग रकम बुझेको भन्ने चर्चा पनि चलेकै हो ।

तर ठुला करदाता कार्यालयका एक कर्माचारीले आफूले जागिरबाट अवकास पाएपछि एनसेलविरुद्ध ६२ अरबभन्दा बढी लाभ कर छली गरेकोले तिर्न लगाउन आदेश माग गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो ।

उक्त मुद्दासँग एनसेल खरिद गर्ने एजिएटा कम्पनीले आफू बेलायतमा दर्ता भएको कम्पनी भएकोले बेलायत र नेपाल सरकारबिच भएको लगानी तथा दोहोरो कर नलाग्ने सन्धी सम्झौताबमोजिम आफूले कर तिर्न नपर्ने भन्दै लगानीसम्बन्धी विवाद समाधानका लागि गठित अन्तर्राष्ट्रिय केन्द्रमा निवेदन दिएका थिए ।

अन्तर्राष्ट्रिय केन्द्रले एनसेलको पक्षमा निर्णय गरे तापनि नेपालको सर्वोच्च अदालतले २०६३ सालमा प्रतिपादन गरेको नजिर समेतलाई उद्धृत गर्दै द्विपक्षीय तथा त्रिपक्षीय सन्धीहरूका हकमा संविधानका विभिन्न प्रावधानहरूमा सार्वभौमिकता, समानता, पारस्परिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हित र मुलुकलाई पर्ने असरलगायतका सर्तहरूको अवलम्बन गर्न भनेको पाइन्छ ।

एजिएटाको मुद्दामा ठुला करदाता कार्यालयले ६२ अरब ६३ करोड रुपैयाँ लाभ कर तिर्नुपर्ने माग दाबी गरी मुद्दा गरे तापनि सर्वोच्च अदालतले एनसेलले २२ अरब ४४ करोड रुपैयाँ मात्र तिर्नुपर्ने फैसला गरेको थियो ।

**पुँजीवादी बन्दोबस्त पुँजीपतिकै पक्षमा हुने**

सर्वोच्च अदालतका न्यायाधीशहरूलाई कम्पनीले तिर्नुपर्ने कर छली गर्न एनसेलले सर्वोच्च अदालतका न्यायाधीशहरूलाई समेत मिलाएको भन्ने समाचार प्रकाशित भएको थियो ।

त्यसैगरी सर्वोच्च अदालतले २०८० माघ १४ गते एमसीसीसँग सम्बन्धित ठेक्कापट्टासम्बन्धी मुद्दामा पनि लगानी प्रबर्धनका लागि गरिने दुई पक्षीय सन्धि सम्झौताले प्रचलित कानुनभन्दा माथिल्लो हैसियत प्राप्त नगर्ने व्याख्या गरेको पाइन्छ ।

ठुला करदाताहरूले कर छली गर्ने र सरकारका मन्त्री, सरकारी कर्माचारी तथा न्यायाधीशहरूलाई समेत मिलाउने गरेको र मिलाउन नसके मुद्दा लम्ब्याउने गरेका दृष्टान्तहरू धेरै छन् ।

त्यसमध्ये एमालेलाई अरबौँको घरजग्गा दान गर्ने भनी विवादित बनेका, जेनजी प्रदर्शनका क्रममा प्रदर्शनकारीहरूको तारो बनेका, भाटभटेनी सुपर स्टोरका मीनबहादुर गुरुङले आर्थिक वर्ष २०६८/६९ मा सरकारलाई तिर्नु बुझाउनुपर्ने करिब १० अर्बभन्दा बढी आय कर हालसम्म बुझाएको छैन ।

जबकि कर कार्यालय, पुनरावेदन अदालत र सर्वोच्च अदालतले समेत भाटभटेनी सुपरस्टोरले कर तिर्नुपर्ने फैसला गरी सकेको छ । सर्वोच्च अदालतले कर तिर्नुपर्ने फैसला गरेकै तीन वर्षभन्दा बढी भएको अवस्था विद्यमान छ ।

तर भाटभटेनी सुपरस्टोरले सर्वोच्च अदालतको फैसला पुनरावलोकन गरी पाउन निवेदन दिएको भरमा तीन वर्षभन्दा अघि नै फैसला भई नेपाल सरकारलाई बुझाउनुपर्ने १० अरबभन्दा बढी कर दाखिला गरेको छैन ।

यस्ता विवादित कम्पनी र व्यक्तिसँग सरकारको नेतृत्व गर्दै गरेका नेकपा एमालेले आफ्नो पार्टी कार्यालय निर्माण गर्न प्रधानमन्त्री ओली स्वयम् अग्रसर भई अरबौँको घरजग्गा दान लिन लागेपछि विवाद भएको थियो ।

यसबाट के कुरा प्रष्ट हुन्छ भने पुँजीवादी बन्दोबस्तमा सत्ता र सरकारहरू मुठीभरका पुँजीपतिहरूसँगको तालमेलमा काम गर्ने, बजेट



जारी गर्दा करको दर नै रातारात हेरफेर गरी केही निश्चित पुँजीपति वा नेताहरूका कम्पनीलाई पोस्ने, अरबौँ कर छली गर्न आलताल गर्ने, सकेसम्म तिर्दै नतिर्ने कहिलेकाहीँ ती नै ८/१० जना व्यापारीहरूले सरकार नै ढाल्ने गरेको पाइन्छ ।

पछिल्लो समय नेपाल विद्युत् प्राधिकरणको बक्यौता विवाद पनि उस्तै विवादहरूमध्ये एक हो ।

तर सर्वसाधारण जनताका दैनिक जनजीविकाका प्रश्नहरू, शिक्षा, स्वास्थ्य उपचार, रोजगारीको बन्दोबस्त तथा व्यक्तित्व विकासमा समान अवसरका लागि भने पुँजीवादी सरकारहरूले सोच्दै नसोच्ने गरेको पाइन्छ ।

सर्वसाधारण जनताले आफ्नो ख्याल आफै गर्नुपर्ने बाध्यात्मक अवस्था छ । ८० लाखभन्दा बढी युवाहरू विदेशमा रोजगारीका लागि बाहिरिन बाध्य छन् ।

सुशीला कार्कीको सरकारले पनि केही ननाप्ने कुराको सङ्केट, लक्षण देखिँदै छ । कार्की सरकारले पनि जनता न जेन-जी, पुँजीपतिहरूकै इशारामा सरकार अगाडि बढाउँदै गरेको देखिँदै छ ।

*२०८२ कार्तिक ३०*

## तेस्रो जुनियर फुटसल प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) केन्द्रीय समितिको आयोजनामा इसान आबद्ध विद्यालयका विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्दै शारीरिक प्रतिभा छनोट गर्ने उद्देश्यले कार्तिक २५, २६ र २७ गते सम्पन्न तेस्रो जुनियर फुटसल प्रतियोगिताको समापन कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रम कार्तिक २७ गते सम्पन्न भयो । प्रतियोगितामा सूर्यदीप इ.स्कूल प्रथम, सिद्धि दास स्कूल द्वितीय, लिशा इ. स्कूल र प्रभात इ. स्कूल तृतीय भएका थिए ।

पुरस्कार वितरण कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यार्थीहरूको शिक्षा र खेलकुदमा संलग्नताले सफलता र समृद्धि हासिल गर्ने बताउँदै खेलकुदले विद्यार्थीहरूलाई शारीरिक, मानसिक र बौद्धिक रूपमा क्रियाशील र अनुशासित बनाउँछ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले २०८२ मङ्सिर २५ गतेदेखि विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्ने तयारी गरिरहेको बताउँदै उक्त प्रतियोगितामा ९२ वटै विद्यालयका विद्यार्थीहरूको सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले इसानले इसान आबद्ध विद्यार्थीहरूको चौतर्फी विकासको लागि विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूमा जोड दिँदै आएको बताउँदै विद्यार्थीहरूलाई खेलकुदको माध्यमबाट आफ्नो शरीरलाई स्वस्थ बनाई बौद्धिक रूपमा अब्बल हुने अवसर पनि यसबाट प्राप्त हुने बताउनुभयो ।

इसान भक्तपुरका जिल्ला अध्यक्ष कृष्णराम त्वानाबासुले इसानअन्तर्गतका विद्यार्थीहरूको क्रियाशीलताले इसानको गरिमा बढाएको छ भन्दै खेलकुदमा जित्दा मात्तिने र हार्दा निराश हुने होइन, सबै गतिविधि सिकाइको एउटा भाग हो भन्ने हिसाबले विद्यार्थीहरू अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

उक्त कार्यक्रममा प्रमुख प्रजापतिलगायतले प्रतियोगिताका बिजेता तथा सहभागी विद्यार्थीहरूलाई शिल्ड, प्रमाणपत्र तथा मायाको चिनो वितरण गर्नुभएको थियो ।

## जुम्लाको त्रिवेणीमा जनतासँग भेटघाट

जुम्ला । जुम्लामा जनतासँग भेटघाट कार्यक्रम चालु छ । यस्तै भेटघाट कार्यक्रम कार्तिक २५ गते किल्ला गाउँपालिकाको त्रिवेणी भन्ने स्थानमा भएको थियो ।

उक्त भेटघाटमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले देश र जनताको सेवामा नेमकिपा सङ्घर्षरत रहेको उल्लेख गर्दै पुँजीवादी व्यवस्थाको संसद्बाट समाजवाद सम्भव छैन भन्नुभयो ।

नेमकिपा जिल्ला समिति जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले हरेक कार्यकर्ताले सिद्धान्त र विचारमा अडिग रही इमानदारीपूर्वक काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मुनिनाथ योगीको अध्यक्षतामा भएको सो कार्यक्रममा उपाध्यक्ष विर्षबहादुर राउट, मानबहादुर बोहराका साथै स्थानीयले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## समाज परिवर्तनको लागि भिड होइन विचारको पछि लाग्नुपर्ने



काठमाडौँ । कटुन्जे सामुदायिक सिकाइ केन्द्रको नवौँ वार्षिक साधारणसभा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरको प्रमुख आतिथ्यमा कागेश्वरीको सहिद पार्कमा कार्तिक २८ गतेएक भेला गरी सम्पन्न भयो ।

प्रमुख अतिथि थापामगरले समाज परिवर्तनको लागि भिड होइन विचारको पछि लाग्नुपर्ने आवश्यकताबारे चर्चा गर्दै सिकाइ केन्द्रका विविध गतिविधिको निरन्तरताको कामना गर्नुभयो । सिकाइ केन्द्रले सरकारमा बस्ने पार्टीहरूले फैलाएका भ्रम र गरेका खराब कार्यको विषयमा आफ्ना सदस्यहरूलाई बरोबर छलफल गराउँदा समाजमा परिवर्तनको निम्ति सकारात्मक प्रभाव पर्ने उहाँले बताउनुभयो ।

विस्तारवादी भारतले देशको सिमाना दिनानुदिन मिचिरहेको तथा देशको आन्तरिक मामिलामा हस्तक्षेप गरिरहेको बताउँदै उहाँले देशको भौगोलिक अवस्थाबारे बुझ्न र देशको नदीनालाको विषयमा जानकारी राख्न सिमाना अध्ययन भ्रमण पनि समय समयमा गर्नु उपयुक्त हुने धारणा राख्नुभयो ।

कार्यक्रममा समाजसेवी श्याम विसङ्केले कटुन्जे सामुदायिक सिकाइ केन्द्रले जनचेतनाको स्तर उठाउन र शिक्षा क्षेत्र, भाषा-कला-संस्कृतिलगायत विषय पुस्तान्तरणमा विविध गतिविधि गरिरहेको सकारात्मक पक्ष भएको बताउनुभयो । स्वास्थ्यलाई समेत ध्यानमा राखेर केन्द्रले छिकोङ व्यायाम सञ्चालन गरेको उदाहरणीय कार्य भएको बताउँदै उहाँले त्यसको निरन्तरताको कामना गर्नुभयो ।

महेन्द्र बखुन्छेँको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा रामकृष्ण बखुन्छेँ, रामप्यारी न्हेम्हाफुकी र चनमती खुलीमुलीले पनि बोल्नुभएको थियो । कार्यक्रममा सिकाइ केन्द्रले प्रस्तुत गरेको प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदन पनि पारित गरिएको थियो ।

# समसामयिक विषयमा प्रवचन
# शिक्षा देश र जनताको लागि हुनुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी, भनपा ७ वडा समितिको आयोजनामा कार्तिक २९ गते वडास्तरीय कार्यकर्ता भेला तथा समसामयिक विषयमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले विश्वविद्यालय शिक्षा पूरा गरेका जनताका छोराछोरीहरू आ-आफ्ना जिल्ला जिल्लामा गएर देश र जनताको निम्ति काम गर्नुपर्ने हो तर त्यो काम शासन सत्तामा बसेकाहरूले गरेनन् भन्नुभयो ।

देशमा देशभक्त जनता तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले आफ्ना कर्मचारी र आफ्ना शिक्षक भर्ना गर्ने प्रवृत्तिले देश बन्दैन, सहकारी संस्थाहरूले सीपमूलक तालिम दिएर व्यवसाय गर्नुपर्नेमा जोड दिनुभयो । विद्यालयमा बीसौँ वर्ष आया भएर काम गराउने तर उसलाई पत्रिका पढ्न सक्ने नबनाउने शिक्षकहरूले शिक्षाको विकास गर्दैनन् भन्नुभयो ।

जनताको सेवा गर्दा स्वाभाविक रूपमा आफूलाई नोक्सान हुने उल्लेख गर्दै उहाँले बुझेरै राजनीतिक कार्यकर्ता बन्नुपर्छ र देश र जनताको सेवा गर्नुपर्छ भन्नुभयो । उहाँले पार्टी कार्यकर्ताहरूको काम, कर्तव्यबारे प्रस्ट पार्दै राष्ट्रिय अन्तर्राष्ट्रिय विषय अध्ययन गरी जनतासँग एकाकार भई अगाडि बढ्नुपर्ने, पार्टीको अनुशासनलाई गम्भीरतापूर्वक लागु गर्नुपर्ने, साम्प्रदायिक भावना त्याग्नुपर्ने, सङ्गठन विकासको निम्ति काम गर्न तत्पर हुनुपर्ने, नयाँ पुस्तालाई पार्टीको ऐतिहासिक आन्दोलनहरूबारे सुसूचित गर्नुपर्ने, कमीकमजोरीको आलोचना गर्ने, अन्धविश्वासको विरोध गर्ने, धूमपान-मद्यपानजस्ता कुलतमा पर्न नहुने, जनताका समस्या समाधान गर्न लागिरहनुपर्ने, देशविदेशका आन्दोलनहरूको जानकार भइरहनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भनपा ७ वडाका वडाध्यक्ष उकेश कवांले पार्टीका साथीहरूको सक्रियताले नै समाजमा भइरहेको विभिन्न प्रकृतिका विकृति विसङ्गतिहरूमा न्यूनीकरण गर्नसक्ने भएकोले पार्टी कार्यकर्ताहरूले पार्टी प्रकाशनहरूको नियमित अध्ययन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

पार्टी सङ्गठन चलाउन आवश्यक सबै आधार भनेको पार्टीका सङ्गठित कार्यकर्ताहरू नै भएकाले सबैले पार्टीको निम्ति सहयोग गर्न भन्दै देको मिवा जग्गा एकीकरणमा उपभोक्ताहरूको गुनासो सुन्ने काम भइरहेको पनि उहाँले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा ९ वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले कमलविनायक, लिबाली, तुमचो दुगुरे प्लानिङमा भन्दा व्यवस्थित बस्ती विकास गर्ने योजनाका साथ योजना अगाडि बढेको हो भन्दै भौतिक पूर्वाधारका लागि लिबालीमा ८ प्रतिशत, तुमचोमा ६ प्रतिशत जग्गा कटाएको थियो तर देको मिवामा ३ प्रतिशतमात्र जग्गा कटा गरिएको तथा घरले चर्चेको जग्गामा १.५ प्रतिशतमात्र जग्गा कटाएको स्पष्ट गर्नुभयो ।

उहाँले नगरकोट बाटो छोएका जग्गामा भौतिक पूर्वाधारको निम्ति कुनै प्रतिशत जग्गा कटाएको छैन भन्नुभयो भने जग्गा नपुगेका उपभोक्तालाई जग्गा पुऱ्याइदिन र आयोजनाको खर्च व्यवस्थापनको लागि व्यवस्था गरिने सेल्स प्लट भनेर छुट्याइने व्यवस्थामा पनि लिबालीमा ८ प्रतिशत तर देको मिवामा ४.५ प्रतिशतमात्र जग्गा कटाएको कुरा प्रस्ट पार्नुभयो । उहाँले सेल्सप्लट जग्गाको मूल्य पनि चलनचल्तीको मूल्यभन्दा धेरै कम मूल्य निर्धारण गरेको जानकारी दिनुभयो ।

उहाँले ख्वप अस्पतालमा जनताको राम्रोसँग स्वास्थ्य परीक्षण गर्नको लागि सिटी स्क्यान मेसिन आइसकेको बताउँदै हालै चीनको शाननान नगरपालिकाबाट एउटा ल्याप्रोस्कोपी मेसिन पनि पाएको जानकारी गराउनुभयो । नेपाल सरकारबाट बीमाबापत पाउनुपर्ने रकममध्ये ४ करोड ७५ लाख प्राप्त भई अझै १७ करोड बीमाबापतको रकम पाउन बाँकी रहेको उहाँले बताउनुभयो ।

ख्वप कलेजमा १० वटा नयाँ विषय थप गर्नको लागि त्रि.वि.मा निवेदन दिइसकेको बताउँदै उहाँले ख्वप कलेज अफ इन्जिनियरिङमा ३ वटा, ख्वप इन्जिनियरिङ कलेजमा २ वटा र नर्सिङ कलेजमा रेडियोग्राफी, एचए, ल्याब टेक्निसियन, फार्मेसी गरी ४ वटा विषय थप गर्न सम्बन्धित निकायहरूमा निवेदन दिएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बलराम गोसाईले पनि बोल्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य लक्ष्मीभक्त कवां र धन्यवादज्ञापन बद्रीराम छुस्याबागले गर्नुभएको थियो ।

# बाल विकास इङ्गलिस स्कुल सामूहिक भावनाको परिणाम




भक्तपुर । बाल विकास सेकेन्डरी स्कुलको आयोजनामा कार्तिक २९ गते पूर्वशिक्षक भेटघाट कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा विद्यालयका पूर्वप्रिन्सिपल सरोजराज गोसाईले सर्वसाधारण जनताका छोराछोरीलाई न्यून शुल्कमा अङ्ग्रेजी भाषा सिकाउने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र शिक्षाका माध्यमबाट आम जनतामा राजनीतिक सुझबुझ ल्याउने हेतुले स्थापना भएको बाल विकास इङ्गलिस स्कुल आज त्यही मार्गमा अविचलित भएर लागेको पाउँदा अग्रजहरूको सपनाले साकार रूप लिएको धारणा राख्नुभयो ।

उहाँले अङ्ग्रेजी भाषा समयको माग भए पनि आफ्नो मातृभाषा भुल्न नहुने विचार व्यक्त गर्दै २/३ कक्षासम्मका विद्यार्थीलाई मातृभाषाका माध्यमबाट शिक्षा दिँदा प्रभावकारी हुने धारणा राख्नुभयो ।

उहाँले इतिहासको सम्मान गर्नु भनेको आफै सम्मान गर्नु सरह भएकोले यस्तो कार्यक्रमले बाल विकास स्कुलको प्रतिष्ठा झन् बढाएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशका सदस्य सुरेन्द्रराज गोसाईले पुराना शिक्षकहरूबाट नयाँ शिक्षकले प्रेरणा लिनुपर्ने धारणा राख्नुभयो ।

उहाँले सरकारले शिक्षा, स्वास्थ्यजस्ता राज्यका दायित्वका कुरामा ध्यान नदिँदा बाल विकासजस्ता विद्यालय आवश्यक परेको बताउँदै बाल विकास स्कुलले समाज र युग सुहाउँदो शिक्षा दिइरहेको विचार व्यक्त गर्नुभयो ।

उहाँले एक्लै अघि बढ्न खोज्ने व्यक्ति वा संस्थाको लामो समयसम्म अस्तित्व रहिरहन नसक्ने धारणा राख्दै बाल विकास स्कुल आजको अवस्थामा पुग्नुमा पूर्वशिक्षक तथा अन्य सबैको सामूहिक भावनाको परिणाम हो भन्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा नेक्राशिसङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले सामुदायिक विद्यालय मर्ज गर्ने सरकारी नीतिको विरोध गर्दै देशभर बाल विकासजस्ता गुठीद्वारा सञ्चालित विद्यालय आवश्यक भएको बताउनुभयो । उहाँले जुन देशमा राम्रा विद्यालय हुन्छन् त्यो देशमा जेल आवश्यक नपर्ने मान्यता रहे पनि नेपालमा उल्टो अवस्था रहेको विचार व्यक्त गर्नुभयो ।

उहाँले शिक्षकले राजनीति गर्नुहुँदैन भन्ने विचार प्रजातन्त्रविरोधी विचार भएको बताउँदै विद्यार्थीलाई देशभक्त र देश र जनताको सेवा गर्न उत्प्रेरित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यालयका अर्का पूर्वप्रिन्सिपल हिमालयश्वर लाल मूलले शिक्षाको जिम्मा पूर्णरूपमा सरकारले लिन सकेमात्र आम जनताका छोराछोरीले सर्वसुलभ रूपमा गुणस्तरीय शिक्षा पाउने बताउनुभयो ।

उहाँले शिक्षकहरूमा अनिवार्य रूपमा पाठ्यक्रमको ज्ञान हुनुपर्ने धारणा राख्दै शिक्षण सिकाइलाई पाठ्यपुस्तक र कक्षाकोठामा सीमित गर्न नहुनेमा जोड दिनुभयो ।

उहाँले क्रियाकलापकेन्द्रित सिकाइमा जोड दिँदै चीन, जापान, नर्वेजस्ता देशहरूबाट नेपालका विद्यालयले धेरै कुरा सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा विद्यालयका पूर्वशिक्षक तथा पूर्वविद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुगोपाल कुसीले भक्तपुरका अग्रजहरूले फोहर सफा गर्न सफाइ अभियान, अशिक्षित जनतालाई शिक्षित बनाउन टोलटोलमा वाचनालय, पुस्तकालय, प्रौढकक्षा तथा विद्यालय स्थापना गर्ने क्रममा बाल विकासको स्थापना भएको कुरा स्मरण गर्नुभयो ।

उहाँले शिक्षकहरू 'अज्ञात क्रान्तिकारी हुन्' भन्ने किम जोङ इलको भनाइ स्मरण गर्दै सबै शिक्षकहरू जहाँ जहाँ कार्यरत हुनुहुन्छ, त्यहाँ-त्यहाँबाट समाज र देशप्रतिको जिम्मेवारी पूरा गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

कक्षामा फरक-फरक पृष्ठभूमि, सोच, क्षमता र वातावरणका विद्यार्थी हुने भएकोले त्यो विविधतालाई बुझेर शिक्षण गर्न शिक्षकहरूलाई सल्लाह दिनुभयो ।

कार्यक्रममा अर्का पूर्वप्रिन्सिपल बलराम प्रजापतिले समाजका अग्रजहरूले समाजमा गरिब जनताका छोराछोरीलाई अङ्ग्रेजी माध्यमबाट गुणस्तरीय शिक्षा दिने उद्देश्यले बाल विकास स्कुल स्थापना भएको कुरा बताउँदै स्थापना कालमा समाजविरोधी तत्त्वहरूले यस विद्यालयको नाम नै निमिट्यान्न पार्न लागेको स्मरण गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षकद्वय सीतालक्ष्मी प्रजापति र शङ्कर आचार्यले पनि मन्तव्य राख्नुभएको थियो भने शिक्षकद्वय सुलोचना छ्वाजु र विजेश्वरी श्रेष्ठका साथै विद्यालयको सङ्गीत टीमका सुमन गैंडा र रियाज बासुकलाले गीत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा पूर्वशिक्षिका मनिषा श्रेष्ठको शुभकामना अणु बोहजुले र पूर्वचिनियाँ भाषाका शिक्षिकाको शुभकामना मञ्जु श्रेष्ठले वाचन गर्नुभयो ।

सृष्टि प्रधानले शुभकामना मन्तव्य दिएको कार्यक्रममा विद्यार्थीहरूको नृत्य पनि प्रस्तुत गरिएको थियो ।

उक्त कार्यक्रममा पूर्वशिक्षकहरूलाई खादा र मायाको चिनोले सम्मान गरिएको थियो ।

# "क्यान्सर अस्पताललाई क्यान्सर रोगको अध्ययन केन्द्रको रूपमा विकास गर्नुपर्छ"

***सोमबार भएको भक्तपुर क्यान्सर अस्पतालको ३१ औं वार्षिकोत्सव समारोहमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको मन्तव्य :***

देशभरिकै क्यान्सर पीडित जनताको आशा र भरोसाको केन्द्र बन्न सफल यस भक्तपुर क्यान्सर अस्पताल ३० वर्ष पूरा गरी ३१ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यहाँ कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासन र व्यवस्थापनमा योगदान गर्नुहुने सम्पूर्णमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक शुभकामना, बधाई र कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाली समाजमा अझै पनि क्यान्सर रोग भन्नासाथ तर्सिने र रोग लुकाउने गरिन्छ । सबै उमेर समूहका मानिसहरूलाई प्राय: सबै अङ्गहरूमा यो रोग देखापरेको छ । रोगले धनी, गरिब भन्दैन । पहिलाको तुलनामा धेरैजनामा यो रोग देखिन थालेको छ । यस्तो कडा रोगको उपचार नेपालमै सम्भव छ र सुरुमा नै पहिचान भई उपचार भएमा निको हुन्छ भन्ने सकारात्मक सन्देश भक्तपुर क्यान्सर अस्पतालले दिइरहेकोमा हामी सबै खुसी छौं ।

आजभन्दा ३० वर्षअगाडि क्यान्सर रोगको उपचारमा क्रियाशील अग्रज चिकित्सक, भक्तपुरका राजनैतिक अगुवा र जनप्रतिनिधिहरूको पहलमा भक्तपुर क्यान्सर प्रोजेक्टको रूपमा सञ्चालन भएको यो अस्पताल अहिले क्यान्सर रोगको उपचार गर्ने नेपालकै उत्कृष्ट गन्तव्यस्थलको रूपमा स्थापित हुनुमा यहाँ कार्यरत सम्पूर्ण जनशक्तिको अमूल्य योगदान रहेको स्मरण गर्न चाहन्छु ।

भक्तपुर अस्पताल परिसरको पुरानो भवनबाट सुरु भएको यस अस्पतालले थुप्रै चुनौतीहरूको सामना गर्दै र अनेकौं आरोह-अवरोह पार गर्दै यहाँसम्मको यात्रा तय गरेको हामी सबैमा अवगत छ । भक्तपुर नगरपालिका स्थापनाकालदेखि नै यस अस्पतालसँग जोडिएको छ । बिरामीलाई उपचार सेवा दिने पवित्र उद्देश्य बोकेको यस अस्पताललाई नगरपालिकाले २०५८ सालमा ५ रोपनी ४ आना जग्गा उपलब्ध गराउनुका साथै भवन निर्माणको लागि आर्थिक सहयोग गरेको थियो । अस्पतालको पूर्वाधार विकासमा थुप्रै मनकारी व्यक्ति, सङ्घसंस्था र सरकारले पनि सहयोग गरेका छन् । सबै सहयोगीहरूलाई भक्तपुरवासी जनताको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यसका बिचमा पनि इतिहासको तीतो यथार्थ यहाँ उल्लेख गर्नैपर्छ । २०५८ सालमा निर्वाचित प्रतिनिधिसभा भङ्ग भएपछि र २०५९ सालबाट स्थानीय निकायमा जनप्रतिनिधिविहीन भएपछि एउटा गैरसरकारी संस्थाले यस अस्पतालको सञ्चालन, व्यवस्थापनमात्र नभई सम्पूर्ण स्वामित्व गैरकानुनी ढङ्गबाट आफूमा निहित गऱ्यो । त्यस यताको करिब डेढ दशकको अवधिमा त्यस संस्थाका पदाधिकारीहरूले अस्पतालको नाममा भ्रष्टाचार र आर्थिक अनियमितता गरेको, कर्मचारीहरूको श्रम शोषण गरेको र अस्पताल परिसरभित्रै मेडिकल नाफाखोरहरूको चलखेल बढेको प्रमाणहरू बाहिर आएपछि स्वयम् कर्मचारीहरू र स्थानीय जनताबाट चर्को विरोध भयो । अस्पतालको नियमित उपचार सेवामा प्रत्यक्ष प्रभाव पर्दासमेत एनजीओका पदाधिकारीहरू गैरजिम्मेवार हुँदा २०७४ साउन ३० गते भक्तपुर नगरपालिकाले अस्पतालमा कार्यरत कर्मचारीहरूको भावनाबमोजिम अभिभावकीय भूमिका निर्वाह गरी अस्पतालको उपचार सेवालाई सुचारु गरेको स्मरण गराउन चाहन्छु । तर, सर्प मरे पनि पुच्छर हल्लिरहन्छ भनेझैँ अस्पतालका स्वाथ्यकर्मी र कर्मचारीहरूलाई दु:ख दिने काम रोकिएको थिएन । ओपीडी र अप्रेसन थियटरमा बिरामीको उपचारमा अहोरात्र खटिनुपर्ने डाक्टरहरू र बिरामीको सेवार्थ दैनिक प्रशासनिक कार्यमा व्यस्त हुनुपर्ने कर्मचारीहरू अस्पतालको नियमित ड्युटी छोडेर वर्षौंसम्म सर्वोच्च अदालतमा धाउनुपऱ्यो । भक्तपुर नगरपालिका र पदाधिकारीहरू पनि मुद्दामा तानिए । लामो समयसम्मको कानुनी सङ्घर्ष सँगसँगै यहाँका जनप्रतिनिधिहरू, नगरपालिका र अस्पताल परिवारले प्रधानमन्त्री कार्यालय, स्वास्थ्य मन्त्रालय र अन्य सरोकारवाला निकायहरूमा निरन्तर पहल गरेपछि २०७७ कार्तिक २४ गते यस अस्पताल सरकारी स्वामित्वमा जान सफल भएको हो ।

अस्पतालको इतिहास खोतल्नुको कारण यही हो कि आज अर्थात् कार्तिक २४ गते नेपाल सरकारले भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन आदेश २०७७ जारी गरेर यस अस्पताललाई पूर्णत: सरकारी अस्पतालमा परिणत गरेको दिन हो । आर्थिकरूपमा विपन्न जनताले पनि सरकारी अस्पतालबाट क्यान्सर रोगको उपचार पाउने आशा जागेको दिन हो आजको दिन । यो चानचुने उपलब्धि होइन । यसका लागि निरन्तर प्रयत्नशील तपाईंहरू सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

निश्चय पनि भक्तपुर क्यान्सर अस्पताल सरकारी भएपछि उपचारको दायरा बढेको छ, आधुनिक उपकरणहरू थपिएका छन् र भौतिक पूर्वाधारमा पनि प्रगति भइरहेको छ । तथापि अझै थुप्रै चुनौतीहरू बाँकी छन् । अस्पतालमा लामो समयदेखि कार्यरत कर्मचारीहरूको स्थायित्व र सेवा सुविधाको सुनिश्चितता भइसकेको छैन । नेपाल सरकारबाट कर्मचारी नियमावली अझै बनाइसकेको छैन । गरिब जनताको लागि अझै उपचार सेवा महँगो छ । अस्पतालको स्तरीकरणका लागि भवन र जग्गाको पर्याप्तता छैन । यी सबै चुनौतीहरू एक-एक गर्दै आगामी दिनमा सफलतापूर्वक समाधान हुँदै जानेमा भक्तपुर नगरपालिका विश्वस्त छ ।

समयक्रमसँगै यस भक्तपुर क्यान्सर अस्पताल फेरि पनि निजी स्वार्थ समूहको चङ्गुलमा त पर्ने होइन भन्ने शङ्का गर्ने ठाउँ देखापरेको सुन्नमा आएको छ । यस अस्पताललाई सरकारी बनाउन ठुलै सङ्घर्ष गर्नुपरेको हामीमध्ये कसैले पनि बिर्सेका छैनौं । त्यसैले आगामी दिनमा अस्पतालको प्रगतिमा बाधा पुऱ्याउने कुनै पनि गतिविधि नगर्न, नगराउन सबैजना सचेत र सजग हुन हामीलाई आजको ऐतिहासिक दिनले झक्झकाइरहेको छ भन्ने लाग्छ ।

अन्त्यमा, यस अस्पताललाई क्यान्सर रोगको उपचार केन्द्रको रूपमा मात्रै सीमित नराखी क्यान्सर रोगको अध्ययन अनुसन्धान गर्ने केन्द्रको रूपमा विकास गरी रोग लाग्ने कारणहरूको बारेमा गहन अध्ययनसँगै यसको निवारणमा समेत योगदान गर्न सकोस् भनी यहाँहरू सबैलाई शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

# परनिर्भर देशलाई आत्मनिर्भर बनाउन र बचतकर्ताको आर्थिक अवस्था बलियो बनाउन सहकारीले जोड दिनुपर्ने



काठमाडौँ। समाज सुधार बचत तथा ऋण सहकारी संस्थाको १९ औँ स्थापना दिवस कागेश्वरी मनोहरा नपा - १ को लोकतान्त्रिक सहिद पार्कमा कार्तिक २८ गते प्रशिक्षणात्मक कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले संस्थाको प्रगतिको शुभकामना व्यक्त गर्दै सहकारी संस्थाले बचत र ऋणको मात्रै कारोबार गर्दा भ्रष्टाचारयुक्त पुँजीवादी व्यवस्था टिकाउन सहयोग पुग्ने बताउनुभयो।

परनिर्भर देशलाई आत्मनिर्भर बनाउन र बचतकर्ताको आर्थिक अवस्था बलियो बनाउन सहकारीले जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सहकारी ठगीमा संलग्न हुनेहरूलाई राजनीतिमा अघि बढ्न दिन नहुने बताउनुभयो।

उहाँले पटक-पटक सरकारमा जानेहरूले देश र जनताको हितमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थमा काम गर्दा नयाँ पुस्ता विद्रोहमा उत्रिन बाध्य भएको चर्चा गर्दै सही राजनीति र इमानदार राजनीतिक दलले नै देशमा राम्रो बन्दोबस्त ल्याउन सक्ने भएकोले नयाँ पुस्तालाई राजनीतिकरूपले सचेत र सङ्गठित बनाउनुपर्ने धारणा राख्नुभयो।

भ्रष्टाचारमा लिप्त शासक पार्टीहरूले आफूविरुद्धका गतिविधि रोक्न नै युवा-विद्यार्थीलाई विदेश पलायन हुन बाध्य पारेको स्पष्ट पार्दै अतिथि थापामगरले विदेशी शक्ति र पुँजीको आडभरोसामा चुनाव जितेर देश खोक्रो पार्ने शासक दलहरूका विरुद्ध बहुमत जनता एकजुट भएर सङ्घर्षमा उत्रनुपर्ने आवश्यकता औँल्याउनुभयो।

पुँजीवादी व्यवस्थामा महिला वा पुरुष जो प्रधानमन्त्री भए पनि जनताको दु:ख अन्त्य नहुने प्रस्ट पार्दै उहाँले भन्नुभयो, "जनताको सरकार समाजवादी व्यवस्थामा मात्रै सम्भव छ, समाजवादी बन्दोबस्तको निम्ति नेमकिपा नि:स्वार्थरूपले देश र जनताको सेवामा निरन्तर सङ्घर्षरत छ।"

सञ्चालक समितिका सदस्य राजेन्द्र बखुन्छेले सहकारी सदस्यहरूले बचत र ऋणको मात्र कारोबार गरेर संस्था बलियो नहुने बताउनुभयो। उहाँले सहकारीका सदस्यहरूले गतिविधिमा सक्रिय सहभागिता जनाउँदै आवश्यक सल्लाह सुझाव दिएर संस्था प्रगतितिर उन्मुख गराउन सहयोग गर्न अनुरोध गर्नुभयो।

लेखा समितिका संयोजक जितबहादुर खाइतूले संस्थाले सदस्यहरूको हितमा गतिविधि गरिरहेको उल्लेख गर्दै सदस्यहरूलाई आत्मनिर्भर बनाउन आवश्यक तालिमहरू सञ्चालनमा संस्थाले थप गतिविधि गर्ने योजना रहेको बताउनुभयो।

संस्थाका अध्यक्ष रामकृष्ण बखुन्छेँको सभापतित्वमा सम्पन्न स्थापना दिवसमा सावित्री गोसाई र राधेश्याम भुजुले पनि बोल्नुभएको थियो।

# सल्यानमा जनतासँग भेटघाट

सल्यान। सल्यान जिल्लाको छत्रेश्वरी गाउँपालिका २ लाम्दी बजार, त्रिवेणी गाउँपालिका वडा नम्बर ६ को लुहाम बजार, वडा नम्बर १ को काभ्रा बजार र कालिमाटी गाउँपालिकाको कालिमाटी ३ का जनतासँग कार्तिक २८ गते भेटघाट कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश सदस्य एवं नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले ८० लाखभन्दा बढी नेपाली युवाहरू वैदेशिक रोजगारमा जाँदा देशको अर्थतन्त्र परनिर्भर भएको र खाद्यान्न, तरकारी, फलफूल, माछामासुलगायत विदेशबाट आयात गर्नुपर्ने बाध्यता हुन गएको बताउनुभयो।

उहाँले भन्नुभयो, "वैदेशिक ऋण २७ खर्ब, वार्षिक व्यापार घाटा १५ खर्ब र बेरुजु रकम १२ खर्ब रुपैयाँ हुनुमा पुँजीवादी पार्टीहरूको असक्षमता हो। देशको सार्वभौमिकता बचाउनको लागि नेपाली युवाहरू सचेत र सङ्गठित हुनुको विकल्प छैन। पुँजीवादी सरकारको चरित्र भनेको जसरी पनि नाफा कमाउने भएको हुँदा सार्वजनिक सेवाहरू शिक्षा, स्वास्थ्य र सार्वजनिक सम्पत्ति माफियाको हातमा सुम्पेर नेपाली जनतालाई शोषण गरिरहेका छन्।"

नेमकिपा सुर्खेतका गणेश खड्काले पुँजीवादी व्यवस्था कामदार जनताको हित नगर्ने र समाजवादी व्यवस्थाले कामदार जनताको हित गर्ने स्पष्ट गर्नुभयो।

# नगर प्रमुख प्रजापतिद्वारा हेटौँडा सामुदायिक आँखा अस्पताल अवलोकन



हेटौँडा। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्तिक २६ गते नेपाल आँखा कार्यक्रम तिलगङ्गा आँखा प्रतिष्ठानको पहिलो शाखाको रूपमा स्थापना भएको हेटौँडा सामुदायिक आँखा अस्पतालको स्थलगत निरीक्षण तथा अवलोकन गर्नुभयो।

नगर प्रमुख प्रजापतिलाई हेटौँडा आँखा अस्पतालका व्यवस्थापक सुधिर श्रेष्ठले अस्पतालले प्रदान गर्दै आएका सेवाहरू, आगामी योजना तथा गतिविधिबारेमा जानकारी गराउनुभयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले पनि तिलगङ्गा आँखा प्रतिष्ठानसँग सहकार्य गरी ख्वप तिलगङ्गा आँखा अस्पताल सञ्चालन गरी आँखा उपचारको सेवा दिँदै आएको बताउनुभयो।

अस्पतालका व्यवस्थापक सुधिर श्रेष्ठले उक्त अस्पतालमा आँखाजाँच, चस्मा जाँच, शल्यक्रिया सेवा, औषधि सेवा प्रदान गर्दै आएको बताउँदै अस्पतालले स्वास्थ्यसम्बन्धी जनचेतना प्रदान गर्न विभिन्न तालिम र गोष्ठी आयोजना गर्दै आएको बताउनुभयो।

# इजरायली फासीवादविरुद्ध प्यालेस्टिनी प्रतिरोध पुस्तकको अध्ययन गोष्ठी




भक्तपुर। बासु माध्यमिक विद्यालयका शिक्षकबिच इजरायली फासीवादविरुद्ध प्यालेस्टिनी प्रतिरोध पुस्तकको अध्ययन गोष्ठी कार्तिक २८ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बासु मावि, व्यवस्थापन समितिका पूर्वअध्यक्ष सरोजराज गोसाईले साम्राज्यवादी देशहरूले गाजालाई हतियारको परीक्षणस्थल बनाइरहेको भनाइ राख्नुभयो। उहाँले अमेरिकी साम्राज्यवादले आफ्नो हतियारको संहारक क्षमता देखाएर हतियारको व्यापार गरिरहेको भन्दै युद्धको सन्त्रास देखाएर संरा अमेरिकालगायत साम्राज्यवादी देशहरूले हतियारको बिक्री गरिरहेको तर्क गर्नुभयो। यहुदीवादीहरूको पैसाले निर्वाचन जितेका अमेरिकी शासकहरूले इजरायललाई साथ दिइरहेको भन्दै उहाँले गाजाको भूराजनीति अवस्थिति तथा प्राकृतिक स्रोतमाथि कब्जा जमाउनकै निम्ति युद्ध भएको भनाइ राख्नुभयो।

केन्द्रीय सदस्य गोसाईले नेमकिपा अन्तर्राष्ट्रियवादी भएको कारणले एउटा सानो देशमाथिको हमलाको विरोधमा उभिएको भन्दै अरूलाई खाने बाघले हामीलाई पनि खानसक्ने नेपाली उखानबाट सिक्न सकिने तर्क गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं २ का वडाध्यक्ष एवम् बासु मावि, व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाले भनपाले पारदर्शी ढङ्गबाट विकास निर्माणको काम गरिरहेको भनाइ राख्नुभयो। उहाँले भनपाले विकास निर्माणको काममा जनसहभागिता तथा जनतालाई कमभन्दा कम क्षति होस् भन्ने कुरामा ध्यान दिँदै आएको विचार राख्नुभयो।

विद्यालयका प्राचार्य रविलाल प्रधानले काम गर्दा अप्ठेरो आउनु कुनै आश्चर्य नभएको भन्दै असल नियतले काम गर्दा अन्तमा सफलता नै मिल्ने धारणा राख्नुभयो।

कार्यक्रममा विद्यालयका उपप्राचार्य राजकुमार ह्योंमिखा, नेक्रशिसङ्घ, बासुका अध्यक्ष पुनेन्द्र कुसी, मावि इन्चार्ज राम निरौला, निमावि इन्चार्ज रामहरि ताम्राकार, शिक्षकहरू साजन शाखकर्मी, कल्पना सुजखू, सूर्यलक्ष्मी श्रेष्ठ, सम्झना डों, कन्चन कुमारीलगायतले पुस्तकका विभिन्न आलेखबारे विचार राख्नुभएका थियो।

# अक्टोबर क्रान्तिबारे प्रवचन

भक्तपुर। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ तारा माध्यमिक विद्यालयको आयोजनामा कार्तिक २८ गते अक्टोबर क्रान्तिबारे प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याखवले समाजमा सकारात्मक परिवर्तनका लागि क्रान्ति आवश्यक हुने बताउँदै एसिया महादेशकै पिछडिएको देश रुस अक्टोबर क्रान्तिपछि शक्तिशाली देशको रूपमा परिचित भएको चर्चा गर्नुभयो। स्वार्थ समूहहरूबिच सम्झौता हुँदा क्रान्ति पछि पर्ने भन्दै उहाँले संसारमा नयाँ पुस्तालाई दिशा निर्देश गर्ने काममा शिक्षकहरूले अप्रत्यक्षरूपमा भूमिका निर्वाह गर्ने दृष्टान्त प्रस्तुत गर्नुभयो।

उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबारे शिक्षकहरूले जानकारी राख्नुपर्ने औँल्याउँदै समाजवादी देश चीनमा शिक्षकले दैनिक समाचार विद्यार्थीहरूलाई अपडेट गराइरहेको कारण देश विकसित हुँदै गएको बताउनुभयो। संसारमा पहिलोपटक पञ्चवर्षीय योजना बनाई कार्यान्वयन गरिएको देश रुसले स्रोत साधनको अधिकतम परिचालन गरी देशको समुन्नत विकास गरेको उल्लेख गर्दै उहाँले शिक्षकहरूले राजनीतिलाई समाज सेवाको रूपमा सचेत भई लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो।

नयाँ पुस्तालाई सही दिशा निर्देश गर्न नसक्दा जेन-जी आन्दोलन अराजक शैलीमा प्रस्तुत भएको र अन्तत: बलिदानमा टुङ्गिएको चर्चा गर्दै उहाँले शिक्षित, सक्षम व्यक्ति राजनीतिमा नलागी अशिक्षित असक्षम व्यक्तिको हातमा राजनीति गएको कारण देशले सङ्कट व्यहोर्नुपरेको हो भन्नुभयो।

विव्यसका अध्यक्ष उपेन्द्र सुवालले शिक्षकहरूमा नि:स्वार्थ र सामाजिक भावनाले काम गर्ने स्वभाव आवश्यक रहेको बताउँदै विद्यार्थीहरूलाई प्रोत्साहन दिन सम्बन्धित विषयबाहेक समसामयिक विषयमा पनि जानकारी राख्दै अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

विद्यालयका प्रअ प्रेमलक्ष्मी त्वायनाले रुसमा सन् १८२५ मा भएको ऐतिहासिक डिसेम्बर विद्रोहसम्बन्धी प्रस्तुति दिँदै नि:स्वार्थ सेवाबाट ओतप्रोत भई आ-आफ्नो क्षेत्रमा सङ्घर्ष गरेर मात्र शोषणबाट मुक्त समाजको उदय हुने बताउनुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ तारा मा.वि. एकाइ समितिका पूर्ण थिकेको सभापतित्वमा भएको उक्त कार्यक्रममा शिक्षक श्याम ख्याजूले पनि बोल्नुभयो।

# कविता वाचन कार्यक्रम




काभ्रे, २९ कार्तिक। नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे जिल्ला समितिको आयोजनामा बनेपा नगरपालिका वडा नं. ४ गणेश पार्टी प्यालेसमा शनिबार कविता वाचन कार्यक्रम भयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले नेपालका युवा पुस्ता जेन-जीहरूले छोटो अवधिमै सत्ता पल्टाइदिए पनि असङ्गठित र स्पष्ट धारणा नहुँदा सोचेअनुसारको परिवर्तन हुन नसकेको बताउनुभयो।

जेन-जीको नाउँमा विदेशी चलखेल बढेको र सुशीला कार्कीको मन्त्रीमण्डलमा रहेका मन्त्रीहरू अनेक एनजीओ, आइएनजीओमा लागेको पुष्टि हुँदै गएको र सरकारमा गएका मन्त्रीहरूले अहिलेसम्म पनि आफ्नो सम्पत्तिको विवरण पेस नगरेको उहाँले चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, "चीनले विश्वमा हरेक क्षेत्रमा विकास गर्दै गएकोले साम्राज्यवादी संरा अमेरिकाले आफू सधैँ पहिलो भइरहने आकाङ्क्षामा आघात परेको महसुस गरी चीनलाई घेर्ने मनसायले नेपाललाई उपयोग गर्न लागिपरेको हो।"

नेपाल मजदुर किसान पार्टी काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले हाम्रो समाज वर्गीय समाज भएको हुँदा साहित्य पनि वर्गीय हुने भएकोले शोषक वर्गले आफ्नो हुकुमलाई कायम राख्न केही लेखक, कवि, कलाकार, पण्डित, गुरु-पुरोहित, प्राध्यापक, ऋषिमुनिहरूलाई पालिराख्छन् भन्नुभयो।

उहाले भन्नुभयो, "शोषक वर्गको साहित्य कामदारवर्गको निम्ति गुलियो पोतेको विष हो, कामदारवर्गको साहित्य पुँजीवादी साहित्यलाई चकनाचुर पार्ने बन्दुक र बम हो।"

समाजसेवी एवं साहित्यकार सिद्धिबहादुर कर्माचार्यले साहित्यले बहुमत कामदार जनताको सेवा गर्नुपर्नेमा जोड दिँदै नेपालभाषाको कविता वाचन गर्नुभयो।

नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे जिल्ला समितिका अध्यक्ष ओमप्रसाद मानन्धरको सभापतित्वमा भएको कविता वाचन कार्यक्रममा ज्ञानेन्द्र डंगोल, राजु तामाङलगायतले बोल्नुभएको थियो। नवराज दाहाल 'उत्साही', श्रीराम श्रेष्ठ, युनिशा श्रेष्ठ, स्वप्नीला आगन्जा, बासु प्राञ्जल, उपेन्द्र दाहाल, सङ्गीता नेपाली, सत्यनारायण श्रेष्ठ, नवराज के.सी., मणिराज श्रेष्ठ, अन्जु तामाङ, मणिकुमार सुब्बा, हरिगोपाल प्रधानलगायतले कविता, गजल, मुक्तक वाचन गर्नुभएको थियो।

# वीरेन्द्रनगरमा कार्यकर्ता भेला

सुर्खेत । नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर वडा नं. २ मा कार्यकर्ता भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य एवम् पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले पार्टीको सिद्धान्तअनुसार काम गर्ने कार्यकर्ताको कर्तव्य भएकाले जनताको पक्षमा निरन्तर आवाज उठाउनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समितिका सदस्य धनेन्द्र विकले पार्टी भनेको सिद्धान्त र विचार भएकोले विचारलाई जनतामाझ पुऱ्याउन हरेक पार्टी सदस्य लागिपर्नु बताउँदै पार्टी नयाँ बनाउँदैमा परिवर्तन हुने भए विगतमा धेरै पार्टी नयाँ बनेको तर भागबन्डा र कमिसनमा लागेकाले नयाँ बनेको दल पनि सत्तामा जाने भऱ्याङ बनाएको बताउनुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाही, प्रेम सिजापति, रामप्रसाद तिमिल्सिना र वीरबहादुर रावतले पनि बोल्नुभएको थियो । भेलाले नरबहादुर बुढाको अध्यक्षतामा ९ सदस्यीय नेपाल मजदुर किसान पार्टी वडा नं. २ समिति गठन गठन गरेको छ ।

# २७ औँ विविध भाषा साहित्य सम्मेलनको समीक्षा




भक्तपुर । २७ औँ विविध भाषा साहित्य सम्मेलनको समीक्षा बैठक आइतबार बस्यो । नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका अध्यक्ष अनुराधा थापामगरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा सहभागीहरूले २७ औँ विविध भाषा साहित्य सम्मेलनको समीक्षा गर्दै यसलाई अझ व्यवस्थित एवं प्रभावकारी बनाउन विभिन्न सरसल्लाह दिनुभएको थियो ।

बैठकमा ने.म.कि.पा. मध्यपुर नगर समितिका अध्यक्ष रमेश वैद्य र विविध भाषा साहित्यिक समाजका अध्यक्ष प्रेम के. निडरले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

२७ औँ विविध भाषा साहित्य सम्मेलनका अध्यक्ष विजय प्रजापतिले साहित्य सम्मेलन भव्य रूपमा सफल गर्न सहयोग गर्ने सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्दै विविधले २७ औँ वर्षदेखि पुऱ्याउँदै आएको योगदानको चर्चा गर्नुभयो । देश र जनताको पक्षमा लेखिने साहित्य र सांस्कृतिक पक्षलाई टेवा पुऱ्याउँदै आएको कुरामा पनि उहाँले जोड दिनुभयो ।

***बिजुक्छेँसँग...***

सत्कारबाट प्रभावित भएको उल्लेख गर्दै दुई देशबिचको सम्बन्ध सकारात्मक रूपमा अघि बढिरहेको बताउनुभयो । उहाँले जर्मनीका जनताले नेपाललाई संसारको छानाको रूपमा चिन्ने गरेको बताउनुभयो ।

केही समयअघि नेपालको संसद् भवन जलेको समाचार सुन्दा आफूलाई दुःख लागेको चर्चा गर्दै जर्मनीमा पनि सन् १९३३ मा संसद् भवन जलाइएको र त्यस षड्यन्त्रबाट धेरैजना देशभक्तहरूलाई यातना दिइएको अवगत गराउनुभयो ।

भेटवार्तामा जर्मनीका लागि नेपाली राजदूत डा. शाहिल रुपाखेतीले भक्तपुरका जनप्रतिनिधिहरूले निःस्वार्थ रूपमा जनताको सेवा गरिरहेको सुनेको चर्चा गर्दै ख्वप अस्पतालको अवलोकन भ्रमणले प्रत्यक्ष अनुभव गरेको बताउनुभयो ।

***भनपाद्वारा...***

विश्वविद्यालय पनि सञ्चालन गर्ने अठोटका साथ नगरपालिका अगाडि बढिरहेको छ भन्नुभयो ।

नगरपालिकाबाट सञ्चालित देको मिवा इतापाके आयोजना नगरपालिकाले सञ्चालन गरेको चौथो आवास योजना भएको बताउँदै भक्तपुर नगरलाई सुन्दर र व्यवस्थित नगरको रूपमा विकास गर्न जग्गावालाहरूकै मागअनुसार आवास योजना सञ्चालन गरेको बताउनुभयो ।

आयोजना पीडित सङ्घर्ष समितिले आफ्नो माग स्पष्ट राख्नुभन्दा नगरपालिका र आवास योजनाविरोधी गतिविधि गरिरहेको बताउँदै उहाँले समितिले जनताको समस्या सम्बोधन गर्नेमा भन्दा जनतामा भ्रम फैलाउने काम गरिरहेको बताउनुभयो ।

जनताको निःस्वार्थ सेवा गर्नेबाहेक अरू कुनै स्वार्थ नगरपालिकाको नरहेको प्रमुख प्रजापतिले बताउनुभयो । उहाँले सार्वजनिक र पर्ती जग्गा संरक्षण गर्ने कर्तव्य नगरपालिकाको हो, ढिलो चाँडो अतिक्रमित पर्ती र सार्वजनिक जग्गा सार्वजनिक नै कायम हुनेछ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले झूटो प्रचार गरी आयोजनाको विरोध गरिरहेको बताउनुभयो ।

योजनाका बाँकी समस्याहरू जनतासँगै छलफल गरी समाधान गर्दै अगाडि बढ्ने जानकारी पनि उहाँले गराउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडाको विकासमा बाधा अवरोध सिर्जना गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले नेक्राकिसङ्घले मोहियानी हक सुनिश्चितको लागि खेल्दै आएको भूमिकाबारे प्रस्ट पार्दै सङ्घले जालीफटाहा र नक्कली काम गर्नेहरूको पक्षमा कहिल्यै काम गर्दैन भन्नुभयो ।

नेमकिपा वडा नं. २ ब्यासीका संयोजक गणेशप्रसाद सुवालले देश र जनताको निःस्वार्थ सेवा नै राजनीति हो भन्दै जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित पार्ने काम नेमकिपाले गर्दै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य मन्जुमैंया लाखा र श्यामसुन्दर मातांले भक्तपुर नपाले जनताको चाहना र प्राथमिकताको आधारमा काम गर्दै आएको बताउँदै वडाको विभिन्न विकास निर्माणको कामबारे अवगत गराउनुभयो ।

# शासक दलहरूलाई अकर्मण्यताको पाठ सिकाउनुपर्ने

शासक दलहरूले आफ्नो कार्यक्रममा सहभागी हुनेहरूलाई पेट्रोल र खानाको कुपन बाँडेको सामाजिक सञ्जालमा सार्वजनिक भयो । यसबारे सम्बन्धित पार्टीले स्पष्टीकरण दिनु जरुरी छ ।

पाँच पटक प्रधानमन्त्री भएका एक शासक नेता आफ्नो स्वास्थ्य उपचारको लागि सिङ्गापुर जानुपर्ने अवस्था बहुदल र गणतन्त्रको ३५ वर्षयताका सरकारहरूले देश र जनताको हितमा काम नगरेको हो ।

सरकारमा गएका केही पुराना र नयाँ पार्टीहरू टीका लगाउँदै, फाराम भराउँदै सदस्य हुल्याउँदै तँछाडमछाड गरिरहेका छन् । यो सिद्धान्तहीन र अराजनीतिको सिलसिला हो ।

मधेस प्रदेशमा बिहान सबेरै होटलमा शपथग्रहण गरेका एमालेका मुख्यमन्त्री यादवलाई वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासबाट धम्की आएको सार्वजनिक भयो । भारतीय एकाधिकार पुँजीको आशीर्वाद पाएर प्रधानमन्त्र र मन्त्री हुने दलहरूका कारण देशको सार्वभौमिकतामा यसरी हस्तक्षेप भइरहेको हो ।

रङ्गशाला बनाउन रकम उठाएका एक कलाकार जोडीले एउटा बङ्गला उठाएको र दुई ओटा क्रेटा गाडी खरिद गरेको सार्वजनिक भयो । यो सत्यलाई शासक दलहरूले पनि खण्डन गरेका छैनन् ।

शासक दलहरूका प्रदेशमन्त्रीहरूले आफ्नै घरमा बसोबास गरी सरकारी कोषबाट घरभाडा बुझिरहेको सार्वजनिक भयो । यसको पनि खण्डन आएको छैन ।

बैतडीमा एक पसलेले दलितको दूध किनेर बेच्दा आफ्नो पसल नै बन्दजस्तो भएको गुनासो गरेबाट शासक दलहरूले देशमा छुवाछुतसहितको सामन्तवाद कायम राखेको पुष्टि भयो ।

भारतसँगको खुला सीमाको कारण दार्चुलाको कौवा क्षेत्रको वनमा अवैधरूपमा चोरी सिकारी तथा काठ तस्करीका घटना बढिरहेकोतर्फ वर्तमान सरकारले ध्यान दिन नसकेको हो ।

शासक दलहरूलाई आ-आफ्नो अकर्मण्यताको पाठ सिकाउन भदौ २४ गते भएको सार्वजनिक भवनहरू सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायतमा भएको आगजनी यथावत राखी आवश्यक नयाँ भवन बनाउनु उपयुक्त हुने विचार पनि सार्वजनिक भयो । यसबारे छलफल चालू हुनु उपयुक्त हो ।

# विद्यार्थीको प्रतिभा जनतालाई जानकारी दिनुपर्ने

भक्तपुर । संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) द्वारा कार्तिक २८ गते आयोजित बाल नृत्य मेला भक्तपुरमा सम्पन्न भयो । समापन समारोहका प्रमुख अतिथि एवं नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "विद्यार्थीहरूको प्रतिभा अभिभावकहरूलाई पनि देखाउनु उपयुक्त हुन्छ । गीत र नाचका साथै भाषा र संस्कृतिको सन्देशबारे जनतालाई जानकारी दिने व्यवस्था गर्नु आवश्यक छ ।"

"आजका विद्यार्थीहरूलाई भविष्यमा राम्रो शिक्षक शिक्षिका बनाउन शिक्षक शिक्षिकाहरूले उत्साहित गर्नु जरुरी छ" उहाँले उल्लेख गर्नुभयो ।

"विद्यार्थीहरूले बढीभन्दा बढी भाषाको जानकारी राखे ज्ञान बढ्नेछ । रुसमा २०० वर्ष अगाडि नै १५ वर्ष हाराहारीका बालबालिकाहरूलाई ५-७ थरीका भाषा सिकाइएको कुरा प्रकाशित भएको छ । यसबाट हामीले पनि प्रेरणा लिनु आवश्यक छ ।" सचिव सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, "भदौ २३ गते काठमाडौँ र सुनसरीमा गोलीबाट १९ जना नेपालीको मृत्यु भएपछि भदौ २४ गते सार्वजनिक सम्पत्तिमा आगजनी गरियो । आगजनीभन्दा भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुल्ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था जरुरी छ ।"

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का अध्यक्ष प्रेमजन थापाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा लिशा प्रजापति र कृष्णराम त्वायनावासुले पनि मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सहभागी विद्यालयका विद्यार्थीहरूलाई प्रमाणपत्र र विद्यालयलाई मायाको चिनो प्रदान गरिएको थियो ।

***जागिर खाने...***

परिवर्तन गर्ने मन्त्रिपरिषद्को निर्णय त्रुटीपूर्ण भएको बताउनुभयो ।

राज्यलाई नोक्सान हुने काम गर्नु पनि भ्रष्टाचार नै हुने प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।

"सचेत र बौद्धिक मानिसले राजनीति गर्नु जरुरी छ, राजनीति भनेको देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु हो । सत्ता स्वार्थ एवं पार्टीगत स्वार्थको लागि देश र जनताको अहितमा हुने कामलाई राजनीति भनिँदैन", उहाँले स्पष्ट गर्नुभयो ।

प्रमुख प्रजापतिले लहलहैमा होइन सोचेर अगाडि बढ्न विद्यार्थीलाई सुझाव दिनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीको चाहनाअनुसारका विषयहरू सञ्चालन गर्न कलेज लागिपरेको जानकारी दिँदै स्नातकोत्तर तहको पढाइ पनि ख्वप कलेजबाटै पूरा गर्न आग्रह गर्नुभयो ।

ख्वपको पढाइ तुलनात्मकरूपमा राम्रै रहेको र ख्वप कलेजमा अध्ययनरत ३ जना विद्यार्थीले स्नातकोत्तर तहमा देशकै सर्वोत्कृष्ट नतिजा हासिल गर्न सफल भएको प्राचार्य श्रेष्ठले बताउनुभयो ।

ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले शैक्षिक उपाधि हासिल गर्नुमात्र पढाइको उद्देश्य हुन नहुने स्पष्ट पार्दै मानिसमा विवेक र सद्ज्ञान हुनु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठ र इन्चार्ज कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न सङ्कायका विद्यार्थी प्रतिनिधिहरू - रीतिका दुवाल, रोहिणी विश्वास मण्डल, सुमी फैजू, अमन खत्री र गुञ्जमाया तामाङले ख्वप कलेजबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा अध्ययनका अतिरिक्त गीत-सङ्गीतलाई निरन्तरता दिइरहेका सङ्गीत क्षेत्रका उदयीमान ख्वप कलेजका विद्यार्थी प्रिया बस्नेतलाई अध्यक्ष बिजुक्छेँले कदरपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुति देखाइएको थियो ।

# अक्टोबर क्रान्तिको अवसरमा शिक्षक भेला

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ ९ नं. वडा समितिको आयोजनामा अक्टोबर समाजवादी क्रान्ति दिवसको अवसरमा कार्तिक ३० गते शिक्षक भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले अमेरिकी साम्राज्यवादको विरोधमा उठिरहेका संसारका युवा, विद्यार्थी र देशका जनतालाई सीआईए, आईएनजीओ, एनजीओको हतियार प्रयोग गरेर दबाइरहेका छन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकाले त्यसलाई सघाउन विश्वका ९ सयभन्दा बढी ठाउँमा अमेरिकी सैनिक क्याम्प राखेको छ ।"

शासक दलका नेताहरूले गरेको भ्रष्टाचारको विरुद्धमा भएको युवा-विद्यार्थीको आक्रोशलाई उपयोग गर्दै देशको सम्पत्ति सिध्याउन कलिला युवा विद्यार्थीहरूको हत्या गराउन, देशमा एक आपसमा भिडाएर उपद्रव मच्चाउने काममा अमेरिका र भारतको हात हुन सक्छ, उहाँले थप्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले राम्रो र सही नेतृत्वको आधार ठूलो र सानोले, नयाँ र पुरानो पुस्ताले अनि भिडले हुँदैन भन्नुभयो ।

शिक्षक कृष्णप्रसाद धन्छाले वर्गमा विभाजित समाजमा शोषकवर्गले शोषितवर्गलाई कहिले पनि उठ्न दिँदैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "देशमा पुँजीवादी व्यवस्था छ, जसले शोषक वर्गको सेवा गर्छ । देशमा आज यही व्यवस्थाले राज गरिरहेको छ ।"

आयोजक समितिका अध्यक्ष विश्वराम प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा विश्वेश्वर मानन्धर, चन्द्रलक्ष्मी दुवाल र मैयालक्ष्मी त्यातले पनि बोल्नुभएको थियो ।

# जुम्लामा साहित्य गोष्ठी

जुम्ला । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति जुम्लाको आयोजनामा कार्तिक २७ गते साहित्य गोष्ठी भयो । कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले साहित्यले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने भएकोले साहित्य प्रगतिशील र समाज परिवर्तनको निम्ति हुनुपर्ने धारणा राख्नुभयो ।

साहित्यमार्फत कामदार र श्रमजीवीवर्गको आवाज बुलन्द गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "कामदार जनतालाई सचेत एवं सङ्गठित गर्न साहित्यलाई उपयोग गर्न नेमकिपाले जोड दिँदै आएको छ ।"

विचारविहीन राजनीति, साहित्य, आन्दोलन, सङ्घर्ष आदिले देशलाई पराधीन बनाउने धारणा केन्द्रीय सदस्य काफ्लेले बताउनुभयो ।

पार्टी जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्रीले साहित्यले जनतालाई देश र जनताको भावना राख्न मद्दत गर्ने भएकोले साहित्य गोष्ठीलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

साहित्य सर्जक राजेश्वर देवकोटाले समाजवाद स्थापना गर्न समाजवादी गणतन्त्रको आन्दोलनलाई सहयोग गर्छ भन्ने भावनाको कविता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सर्जकहरू जङ्गबहादुर शाही, हेमराज कार्की, लोकेन्द्रराज गिरी, आकास सुनार, विक्रम तिरूवा, सन्तबहादुर घर्तीलगायतले साहित्य वाचन गर्नुभएको थियो ।

कार्यक्रममा जङ्गबहादुर शाहीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

# ठुलठुला भ्रष्टाचारीलाई मृत्युदण्ड किन नदिने ?

काठमाडौँ । नेपाली नागरिकताको परिचयपत्रको व्यवस्था भइरहेकै हो । नेपालजस्तो शिक्षा, स्वास्थ्य, आवास र खाद्यान्नमा पछाडि परेको देशमा अरबौँ रुपैयाँ खर्च हुने गरी राष्ट्रिय परिचयपत्र छपाइमा कमिसन कुम्ल्याउने अधिकारीहरूलाई कठघरामा उभ्याउनु जरुरी छैन र ? नेपाली नागरिकताको आधारमा मतदान गर्न मिल्ने व्यवस्था नगरी मतदाता परिचयपत्र थप प्रकाशित गरी अर्बौं रुपैयाँ कमिसन कुम्ल्याउनेहरूलाई पनि कठघरामा उभ्याउनुपर्ने होइन र ? विदेशीलाई नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराउनेहरूलाई पनि कठघरामा उभ्याउनु जरुरी छ ।

विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य स्रोतसाधन र सेवा राष्ट्रियकरण, विदेशमा सम्पत्ति राख्न नपाउने, ठुलठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था नै नयाँ पुस्तासँगै सम्पूर्ण नेपाली जनताको रोजाइ हो नि ! यसमा 'पछि' र 'तर' थपिराख्नु पर्दछ र ? भ्रष्टाचार सजायमा मृत्युदण्डसम्मका कानुनी व्यवस्था भएका देशमा पनि भ्रष्टाचार यथावत रहेको भनी नेपालमा ठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था गर्न दुविधा राख्नु हुँदैन ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूलाई नेपाली जनताले अब पनि विश्वास गर्नु जनतालाई थप धोका हुनेछ । यसअघि सरकारमा गएकाहरू उमेरका कारण अयोग्य भएका होइनन्, जनतालाई दिएका वाचाअनुसार काम गर्न नसकेका कारण अयोग्य हुन् र भ्रष्टाचार एवम् कमिसनमा डुबेकाहरूलाई त जनताले कठघरामा उभ्याउनु जरुरी छ । यसअघिका शासक दल र तिनका नेताहरूको अनुहारमा लागेका सीमित व्यक्तिको स्वार्थ हेर्दै 'दाग' हटाउन ऐना पुछेर हुँदैन; उनीहरूको सर्वसाधारण जनतासामु एक थोक र सरकारमा पुगेपछि अर्को थोक गर्ने सैद्धान्तिक विचलन एवम् जनतामाथि धोका गर्ने विश्वासघात नै मेट्नु जरुरी छ ।

माओवादीबाट प्रधानमन्त्री भएका बाबुराम भट्टराईका महान्यायाधिवक्ता दोलखामा जन्मेर काठमाडौँ बसिरहेका मुक्ति प्रधानले पत्रकार डेकेन्द्र थापा हत्यामा संलग्नलाई उन्मुक्ति दिने गरी प्रहरी जाहेरी पत्र लेखेको सार्वजनिक भयो । नेपाली काङ्ग्रेसबाट रौतहटमा निर्वाचित सांसद अफताब आलमलाई मुद्दा नलाग्ने निर्णय महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेबाट भएको सार्वजनिक भयो । 'डिम्ब' तस्करीमा लागेका डा. स्वस्ति शर्मा, डा. पालिना चौधरी, अश्मि अधिकारी, जस्टिना प्रधान र अलिशा वली प्रहरी नियन्त्रणमा परेपछि हाजिर जमानीमा छुटेको र अहिले सरकारी वकिलले मुद्दा नचलाउने निर्णय गरेको सार्वजनिक भएको सत्य हो कि होइन ?




***जर्मनी...***

चिकित्सा अभ्यासलाई शिक्षा र अनुसन्धान कार्यसँग एकीकृत गरी उत्कृष्ट सेवा प्रदान गर्ने कार्यमा जुटिरहेको जानकारी दिनुभयो ।

जर्मन प्रविधिको सिटी स्क्यान मेसिन ख्वप अस्पतालले भित्र्याएकोमा खुसी व्यक्त गर्दै कुलपति नागेलले चिकित्सा प्रविधि हस्तान्तरण र अनुसन्धान कार्यमा दुवै अस्पतालबिच आदानप्रदान गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

अर्का प्रोफेसर एवम् प्लास्टिक सर्जन जोर्न क्राफ्होलले चिकित्सा क्षेत्रमा चुनौतीहरू आइरहने हुँदा चिकित्सा अभ्याससँगै अध्ययन अनुसन्धान कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

जर्मनीका लागि नेपाली राजदूत डा. शाहिल रुपाखेतीले कला-संस्कृति संरक्षण कार्यमा भक्तपुरको प्रयास प्रशंसनीय भएको उल्लेख गर्दै जर्मनीमा नेपालको परिचय दिँदा भक्तपुरको शैलीको प्रचार गरिरहेको बताउनुभयो ।

ख्वप अस्पताल सञ्चालक समितिका सदस्य रवीन्द्र ज्याख्व, अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल र वरिष्ठ व्यवस्थापक विश्वजीत प्रजापतिले ख्वप अस्पतालको परिचय र विकासक्रमबारे जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालको तर्फबाट सञ्चालक समिति उपाध्यक्ष रजनी जोशी, सदस्यहरू योगेन्द्रमान बिजुक्छेँ र कृष्णप्रसाद कोजू, अस्पतालका विशेषज्ञ चिकित्सक तथा विभागीय प्रमुखहरू र भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माक तथा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालगायतको उपस्थिति थियो ।

त्यस्तै जर्मनीको लाउसिट्ज चिकित्सा विश्वविद्यालयको तर्फबाट इमर्जेन्सी मेडिसिन म्युनिखका निर्देशक डा. टिम फ्लासबेक, डा. काय क्लोफ्ट, डा. जुलियाना वान्जिक र व्यवस्थापक रोमी स्नाइडरको पनि उपस्थिति थियो ।

कार्यक्रमको सहजीकरण नेपाली कन्सल्ट्यान्ट अर्थोडेन्टिस्ट डा. सितुलाल श्रेष्ठले गर्नुभयो ।

# देशको सन्तुलित विकास नगरिएमा विध्वंसका घटनाहरू दोहोरिने खतरा हुन्छ

भक्तपुर । ख्वप भक्तपुर मिनिबस यातायात प्रा. लि.को छैटौँ साधारणसभा कार्तिक २९ गते एक समारोहबिच सम्पन्न भयो ।

साधारणसभाको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले ख्वप मिनिबस यातायात प्रा.लि. ले नेपाली जनताको सेवा गरिरहेकोमा थप योगदान गर्न शुभकामना दिनुभयो ।

उहाँले भन्नुभयो, "स्रोत साधन केही व्यक्तिको हातमा भएको हुँदा बाँकी जनतालाई दुःख भएको हो; मानिसले दैनिक गुजाराको कामबाहेक अरूको कल्याण हुने विद्यालय, कलेज, पुस्तकालय आदि स्थापना र सञ्चालन गर्ने परोपकारी काममा पनि लाग्नु जरुरी हुन्छ ।"

उहाँले देश र जनतालाई २७ खर्ब ऋण बोकाउने र करोडौँ युवालाई वैदेशिक रोजगारीमा पठाएर दाल, चामल, फलफूल, तरकारीसमेत भारतसँग किन्नुपर्ने अवस्था पुऱ्याउनेहरूलाई जिम्मेवार बनाउन आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "देशको सन्तुलित विकास नगरिएमा विध्वंसका घटनाहरू दोहोरिने खतरा हुन्छ । शासक दलहरूले सम्भावित विध्वंस रोक्न राज्य संयन्त्र सँगसँगै आफ्ना पार्टीका कार्यकर्ताहरूलाई समेत परिचालन गर्न नसक्नु असफलताको सङ्केत हो ।"




सचिव सुवालले भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने र ठुलठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डसमेत हुने कानुनी व्यवस्था जरुरी रहेको बताउँदै २०४६ साल अघिसम्म त्यस्तो व्यवस्था भएकोमा सरकारमा गएकाहरूले पछि हटाएको गलत साबित भएको बताउनुभयो ।

उहाँले नेपाली जनतालाई सुसंस्कृतसँगैसँगै देश र जनताको निःस्वार्थ रूपले सेवा गर्ने राजनीतिमा ल्याउनु जरुरी छ; नेमकिपा यही बाटोमा अघि बढिरहेको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "पैसा र सामान बाँड्ने, भोज खुवाउने, झुटा आश्वासन दिने उम्मेदवारहरूलाई भोट दिनुहुँदैन । निर्वाचन घोषणापत्रअनुसार सरकारमा गएर काम नगर्नेहरूलाई चुनावमा उम्मेदवारी हुन नदिने कानुनी व्यवस्था जरुरी छ ।"

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले यातायात व्यवसायीहरूको एकताले मात्र सबै समस्या समाधान गर्न र यात्रुहरूलाई प्रभावकारी सेवा प्रदान गर्न सकिने उल्लेख गर्दै महासङ्घ व्यवसायीको समस्या समाधानका लागि अहोरात्र लागिरहेको बताउनुभयो ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज) ले सर्वोच्च अदालतले यातायात व्यवसाय कम्पनी ऐनअनुसार सञ्चालन गर्न आवश्यक नरहेको र सङ्घसंस्था ऐन २०३४ अनुसार नै सङ्गठित हुनसक्ने भनी २०८० भदौ २० गते फैसला गरिसकेको हुनाले यातायात व्यवसायीहरू सङ्घ र समिति बनाएर अघि बढ्न सक्ने बताउनुभयो ।

महासङ्घका केन्द्रीय सदस्य तथा ख्वप भक्तपुर मिनिबस यातायात प्रा. लि.का सल्लाहकार नवीन प्रजापतिले यातयात क्षेत्रको दुर्घटनाको उपचार खर्च व्यवसायीलाई तिराउने व्यवस्थाभन्दा डिजेलमै केही अतिरिक्त शुल्क लिएर सरकारले उपचार खर्च ब्यहोर्ने बीमाको बन्दोबस्त हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कोटेश्वर पूर्व यातायात व्यवसायी सङ्घका अध्यक्ष बलराम त्वानाबासुले यातायात व्यवसायीहरू दुर्घटनाबीमाको प्रिमियम रकम बढाएर तिर्न तयार रहेको तर दुर्घटनाको निहुँमा यातायातका साधन जलाउने र मनोमानी रकम तिराउने प्रचलन अन्त हुनुपर्छ भन्नुभयो ।

ख्वप भक्तपुर मिनिबस यातायात प्रा. लि. का अध्यक्ष ज्ञानेन्द्र महर्जनको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ भक्तपुर जिल्लाका अध्यक्ष एवं प्रालिका सल्लाहकार रामकाजी भुजु, निवर्तमान अध्यक्ष गणेश लोहला, कानुनी सल्लाहकार किरण न्यौपाने, प्रबन्धक दिनेश प्रधानलगायतले बोल्नुभएको थियो ।

***विद्युत...***

गर्ने हो । अहिलेसम्म मुख्य मुख्य भ्रष्टाचारीहरू कसैलाई कारबाही गर्न नसकेको मात्र होइन मन्त्रीहरू स्वयम् भ्रष्टाचारमा लिप्त भएको देखिएका छन् । कुलमान घिसिङ ऊर्जामन्त्री भएपछि उनले तत्काल हितेन्द्रदेव श्रेष्ठलाई हटाई मनोज सिलवाललाई कार्यकारी निर्देशक नियुक्त गरे र भोलिपल्टै भारतसँग नयाँ प्रस्ताव लिई राज्यलाई घाटा पुग्ने गरी सम्झौता गरे । अब नैतिक जिम्मेवारी ऊर्जामन्त्री कुलमानले लिनुपर्छ कि पर्दैन ? जेन-जीको नेतृत्व के गर्दै छन् ?

नेपाल-भारतबिच भएको कुनै पनि सन्धि सम्झौताले नेपाललाई घाटाबाहेक फाइदा पुऱ्याएको छैन । २०११ वैशाख १२ गते नेपाल–भारतबिच कोशी सम्झौता भयो । त्यतिबेला नेपालका प्रधानमन्त्री मातृकाप्रसाद कोइराला थिए । उनी संयुक्त सरकार (राष्ट्रिय प्रजा पार्टी, नेपाल प्रजा परिषद्, नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाली जनकाङ्ग्रेस) का प्रधानमन्त्री थिए । त्यो सम्झौताले नेपालले वर्षको खरबौँ रुपैयाँको क्षति व्यहोर्नुपऱ्यो । कोशी बाँध निर्माणपछि नेपालको हजारौँ विघा जमिन डुबानमा पऱ्यो । त्यसको कुनै क्षतिपूर्ति पाउन सकेको छैन । नेपालको पानी नेपालकै भूमिमा बाँध र नहर बनाएर भारतीय भूमि हराभरा बनाइरहेको छ । नेपाली भूमिमा सिँचाइसमेतको व्यवस्था छैन । त्यो राष्ट्रघाती सन्धिको अहिलेसम्म नेपाली जनताले विरोध गरिरहेका छन् ।

त्यसैगरी २०१६ साल मङ्सिर १९ गते नेपाल सरकार र भारत सरकारबिच गण्डक सम्झौता भयो । त्यतिबेला नेकाका सभापति बिपी कोइराला प्रधानमन्त्री थिए । सम्झौतामा उपप्रधानमन्त्री सुवर्णशमशेर र भारतका तर्फबाट भगवान सहायले हस्ताक्षर गरेका थिए । उक्त सन्धिमा नेपालमा बन्ने बाँधमा नेपाल र भारतको समान हक हुने र बाँध निर्माणको लागि आवश्यक खर्च भारत सरकारले व्यहोर्ने जस्ता बुँदाहरू उल्लेख छन् । अझ बाँध निर्माण गर्दै जाँदा आवश्यक भए जति जग्गा नेपालले भारतलाई उपलब्ध गराउनेजस्ता बुँदाले भारतको एकतर्फी हित देखिन्छ । यसर्थ नेपाली जनताले गण्डक सम्झौतालाई पनि राष्ट्रघाती सम्झौताको रूपमा चिन्छन् ।

२०५३ सालमा भएको महाकाली सन्धि होस् या त्यसपछि भएको माथिल्लो कर्णालीसम्बन्धी सम्झौताहरू होस् ती सम्झौताहरूले नेपालका मुख्य मुख्य नदीनालाहरू भारतको कब्जामा पुग्यो । नेपालकै पानीबाट उत्पादित बिजुली भारतसँग अत्यन्त महँगो मूल्यमा किन्नुपर्ने बाध्यता आइपरेको छ । जेन-जी आन्दोलनबाट बनेको सरकारले समेत नेपाललाई हानी नोक्सानी हुने सम्झौता गरेको छ । यस्तो अवस्थामा वर्तमान सरकारले भ्रष्टाचारीहरूलाई कारबाही गर्छ भनेर सोच्नु मृग तृष्णामात्र हुनेछ । वर्तमान मन्त्रीहरू पनि विगतका मन्त्रीहरू कै निरन्तरता मात्र साबित हुनेछन् । यस मन्त्री मण्डलबाट कुनै अपेक्षा नगर्नु नै राम्रो ।

**एकक्षण** | **प्रधान**

# बहिनीलाई दाजुको चिठी

काठमाडौँ उपत्यका
१ मङ्सिर २०८२

प्रिय बहिनी तृप्ति
सम्झना !

मैले तिम्रो चिठी पाएँ र चिठीमा तिमीले आज भोलिको युवाहरूका उपत्यकाको गीत सङ्गीतको विषयमा लेख्यौ तर तिमीहरूकै उमेरमा हामी कलेजमा एक सोभियत रुसी गीत सुन्थ्यौँ, "मेरो देशभन्दा राम्रो देश कहाँ छ मलाई थाहा छैन" आदि ।

तृप्ति तिमीलाई थाहा छ - गाजामा अर्थात् प्यालेस्टिनी भूमिमा इजरायली फासीवादी सरकारले बम खसाल्दै र मेसिनगन एवम् अन्य आधुनिक अमेरिकी हवाईजहाज र हात-हतियार चलाउँदै हजारौँ बालबालिका र महिलाहरूलाई हत्या गर्दै छन् । यो एक प्रकारको जाति हत्याजस्तो मानवताविरोधी जघन्य अपराध हो । अमेरिकी बुद्धिजीवी र छात्रछात्राहरूले पनि अनेक अमेरिकी विश्वविद्यालयमा शान्तिको निम्ति मानवताविरोधी त्यस गतिविधिको निन्दा गर्दै छन् । तर, आफूलाई प्रजातन्त्रको ठेकेदार सम्झने अमेरिकी राष्ट्रपति ट्रम्पले इजरायलका फासीवादी प्रधानमन्त्री नेतन्याहुको अत्याचारको विरोध गर्ने अमेरिकी विश्वविद्यालयहरूलाई ट्रम्प प्रशासनले अनुदान बन्द गऱ्यो वा अनुदान घटायो । तर, विश्वविद्यालयहरू ट्रम्प प्रशासनको अगाडि झुकेनन् । बहिनी तृप्ति, यसैलाई भनिन्छ - अन्तर्राष्ट्रियतावाद वा मानवतावादको निम्ति सङ्घर्ष !

युरोपमा यस्ता देशहरू पनि धेरै छन् जो अमेरिकी प्रशासनको आक्रामक नीतिको विरोधमा 'जुलुस प्रदर्शन' र जनसभाहरूमार्फत आ-आफ्नो देशको 'साम्राज्यवादविरोधी' र 'युद्धविरोधी भावना' लाई अभिव्यक्ति दिँदै छन् तर ती देशका सरकारहरू लाचार भएर अमेरिकी प्रशासनको सिधै विरोध गरी अमेरिकासँग शत्रुता मोल्न चाहँदैनन् किनभने ती देशहरूमा अमेरिकी सेना कायम छन् । ट्रम्पले ती देशलाई तर्साउँदै छन् - "तिमीहरूलाई कम्युनिस्टहरूबाट जोगाउन हामीले धेरै पैसा खर्च गर्यौँ, अब त्यसको निम्ति तिनीहरूले आआफ्ना रक्षा बजेटको दुई/दुई प्रतिशत हामीलाई दिनुपर्छ ।" भनिन्छ - अर्काको भरमा बस्नेहरू दिनको १० चोटि मर्नुपर्ने हुन्छ । नाटो देशका जनताको स्थिति त्यस्तै छ ।

हालै स्पेनको बाबियो सहरमा स्पेनका युवाहरू र प्यालेस्टिनी खेलाडीबिच भएको फूटबल खेलमा 'जाति हत्या बन्द गर' भन्ने पताका प्रदर्शन गरिएको थियो ।

XXX

हिजो भक्तपुरमा जर्मनीका एक चिकित्सा विश्वविद्यालयका कुलपति र चिकित्साशास्त्रका विविध विषयका विशेषज्ञहरूको एक टोली ख्वप अस्पतालमा अवलोकनमा पुगेको थियो । ती टोलीका कुलपति र विशेषज्ञहरूको टोलीले साह्रै चासो राखेर अवलोकन गर्यो र हाम्रा नेपाली चिकित्सकहरूसँग पनि छलफल गऱ्यो ।

४०-५० वर्ष पहिले पनि राजा वीरेन्द्रको राज्याभिषेकको अवसरमा उपहारको रूपमा जर्मन सरकारले प्राचीन मठ-मन्दिर र सांस्कृतिक सम्पदाहरूको संरक्षण र पुनर्निर्माण गर्ने इन्जिनियर, वास्तुकलाविद् र अन्य विशेषज्ञहरूको एक टोलीबाट काम गरेको थियो । नेपाली जनता र आज भक्तपुरका जनताले त्यसैलाई निरन्तरता दिँदै जर्मन प्रोजेक्टले गर्न आँट नगरेका कार्यहरू गरेर आफ्नो पुर्खाले सिर्जेको कला, संस्कृति र धरोहरहरूको संरक्षण र संवर्धन कार्यमा सफलता हासिल गर्दै छन् ।

तैपनि मित्र देश र जनताको योगदानलाई नेपाली र भक्तपुरका जनताले बिर्सेका छैनन् । यसरी भक्तपुरमा अचेल विभिन्न देशका मित्रहरूको टोलीहरू र पूर्वेली कला संस्कृति र सभ्यताबारे जिज्ञासु विद्वानहरूको पनि आवतजावत हुने गरेको थाहा हुन्छ ।

प्रिय तृप्ति, भक्तपुरमा अहिले देश-विदेशका जिज्ञासु पर्यटकहरूको सङ्ख्या बढ्दै गरेको सुन्दै छु । यसकारण, हामीले हाम्रा युवाहरूलाई विभिन्न देशका भाषा र साहित्य एवं विज्ञान र प्रविधि विषयमा अध्ययन गर्न सहयोग गर्नु आवश्यक छ । भनिन्छ, दुईटा देशको सांस्कृतिक सम्पत्तिको कोठाको साँचो नै भाषा हो । यसकारण, हामीले देशका विद्यालय र विश्वविद्यालयका विद्यार्थी र प्राध्यापकहरूको भ्रमण र जानकारीको आदानप्रदान गर्ने कार्यक्रमहरू अगाडि बढाउनु समुचित हुनेछ । बहिनी तृप्ति, पुनः म विभिन्न देशका जनताको भाषा र ज्ञानबारे अध्ययन गर्न सल्लाह दिन्छु । बिदा...तृप्ति !

माया गर्ने दाजु

क्यान्सर रोगबारे जानकारी राखौं।

क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु:
❖शरीरमा गिर्खा गाँठा-गुठीहरु देखिनु,
❖शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
❖शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
❖खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
❖लामो सयमसम्म दिसामा गोटी पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु,
❖महिनाबारी नभएको समयमा रगत देखिनु, महिनाबारी रोकिएका महिलाको पुनः रक्तश्राव हुनु वा सहवासपछि रक्तश्राव हुनु,
❖स्तनमा गाँठा-गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टो दबिनु,
❖शरीरको वजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
❖नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु,
❖धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि ।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३